

**दुई पदकसहित थिम्पुबाट फर्किए**
दक्षिण एसियाली क्रसकन्ट्री च्याम्पियनसिप । २०



**जरो खोज्दै**
एमीलाई पुर्ख्यौली प्रेम । १६

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

kantipurdaily.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २६ अंक ४० विराटनगर | १६ चैत २०७४ शुक्रबार चैत्र शुक्लपक्ष चतुर्दशी | नेपाल संवत् ११३८ | प्रदेश १ संस्करण | KANTIPUR, Nepali National Daily, Friday, March 30, 2018 | पृष्ठ १२+८+४ | १० रुपैयाँ


**जनप्रतिनिधिलाई राष्ट्रपतिको आह्वान**

# 'स्वार्थभन्दा माथि उठ्नुस्'



संघीय संसद्को संयुक्त बैठकलाई बिहीबार सम्बोधन गर्दै राष्ट्रपति विद्यादेवी भण्डारी । साथमा सभामुख कृष्णबहादुर महरा । *तस्बिर : किरण पाण्डे*

**कान्तिपुर संवाददाता**

काठमाडौं- राष्ट्रपति विद्यादेवी भण्डारीले संविधान कार्यान्वयनसँगै समृद्ध नेपाल निर्माणको ढोका खुलेको बताउँदै मुलुकको समृद्धिका लागि दलगत स्वार्थभन्दा माथि उठेर काम गर्न सांसदहरूलाई आह्वान गरेकी छन् । जनचाहना र आवश्यकता सम्बोधन गर्न जनप्रतिनिधिहरू र सिंगो संसद् दलगत स्वार्थभन्दा माथि उठेर निष्ठापूर्वक लाग्ने विश्वास राष्ट्रपतिले व्यक्त गरिन् ।

'जनचाहना र आवश्यकता सम्बोधन गर्न जनप्रतिनिधिहरूबाट निष्ठापूर्वक कर्तव्यपालना हुनेछ भन्ने मैले विश्वास लिएकी छु,' संघीय संसद्को संयुक्त बैठकलाई बिहीबार सम्बोधन गर्दै राष्ट्रपति भण्डारीले भनिन्, 'क्षेत्र, सम्प्रदाय र दलगत राजनीतिभन्दा माथि उठेर जनता र देशको सर्वोपरी हितमा अघि बढ्न यो संसद् प्रयत्नशील रहनेछ भन्ने मेरो विश्वास छ ।'

भण्डारीले जनभावना एवं व्यवहारबाट अनुमोदित संविधानले समृद्धितर्फको बाटो निर्दिष्ट गरिसकेको

### राष्ट्रपतिको सवारीले सर्वसाधारणलाई सास्ती



पृष्ठ ५

बताइन् । विभिन्न तहका निर्वाचनमा आम जनताले जनाएको उत्साहपूर्ण सहभागिता र त्यसमार्फत अभिव्यक्त जनमतले समृद्ध र सुखी नेपालीको युगान्तकारी लक्ष्य हासिल गर्ने दायित्व सुम्पिएको उनले बताइन् । 'पुरानो युगबाट नयाँ युगतर्फको यो संक्रमण सामान्य राजनीतिक परिवर्तन मात्र होइन । यो युगान्तकारी परिवर्तनसँगै नेपालको इतिहासमै असाधारण सम्भावनाको ढोका खुलेको छ,' उनले भनिन्, 'सामाजिक जीवनमा असमानताको अन्त्य र न्यायको प्रारम्भ हुने आधार स्थापित भएको छ । विकासको फलमा सबैको समान पहुँच स्थापित हुने न्यायपूर्ण भविष्यको स्पष्ट संकेत देखिएको छ ।' मन्त्रिपरिषद्को सोमबार बसेको बैठकको निर्णयअनुसार राष्ट्रपतिले संयुक्त सदनलाई सम्बोधन गरेकी हुन् । संविधानको धारा ९५ मा संघीय संसद्मा राष्ट्रपतिले सम्बोधन गर्ने व्यवस्था छ । राष्ट्रपतिले प्रतिनिधिसभाको निर्वाचनपछिको पहिलो अधिवेशन र प्रत्येक वर्षको पहिलो अधिवेशन सुरु भएपछि संघीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने संवैधानिक व्यवस्था छ ।

बाँकी पृष्ठ ४

# स्वास्थ्यकर्मी नै कडा टीबीको जोखिममा

### ७ वर्षयता उपचारमा संलग्न २१ जनाको मृत्यु

**अतुल मिश्र**

काठमाडौं- मुलुकमा बहुऔषधि प्रतिरोधी क्षयरोग (एमडीआर टीबी) ले हालसम्म उपचारमा संलग्न २१ स्वास्थ्यकर्मीकै मृत्यु भएको छ । सात वर्षयता बिरामीको उपचार र प्रत्यक्ष सम्पर्कमा रहेका स्वास्थ्यकर्मीको एमडीआर टीबी सरेर मृत्यु भएको हो । 'हालसम्म एमडीआर टीबीले २१ स्वास्थ्यकर्मीको मृत्यु भएको छ,' राष्ट्रिय क्षयरोग केन्द्रका कन्सल्टेन्ट चेस्ट फिजिसियन डा. नवीनप्रकाश शाहले भने, 'बिरामीको सम्पर्कमा रहँदा उनीहरूलाई रोग सरेको हो ।'

यो रोगको जोखिममा स्वास्थ्यकर्मी मात्र होइन, सार्वजनिक सवारीसाधन प्रयोग गर्ने सर्वसाधारणसमेत रहेको चिकित्सकले औंल्याएका छन् । रोगप्रतिरोधक क्षमता उच्च रहेकामा सामान्य क्षयरोग सर्दैन तर एमडीआर/एक्सडीआर टीबी सर्न सक्छ । सामान्य क्षयरोगको उपयुक्त उपचार नगरे वा बीचमै औषधि उपचार छाडे एमडीआर टीबी हुन सक्छ ।

क्षयरोगमा प्रयोग हुने मुख्य ४ औषधि रिफाम्पिसिन, आइसोनियाजिड, पाइराजिनामाइड र इथामवुटोल हुन् । यीमध्ये सबैभन्दा शक्तिशाली रिफाम्पिसिन र आइसोनियाजिड मानिन्छ । यी दुई औषधिले पनि काम गर्न छाडे एमडीआर टीबी भएको मानिन्छ । एमडीआर/एक्सडीआर टीबी भएकाबाट सद्दे व्यक्तिमा रोग सर्दासमेत एमडीआर/एक्सडीआर टीबी नै हुन्छ ।


एमडीआर र एक्सडीआर टीबीको उपचारका लागि मुलुकभर १८ केन्द्र र ८१ उपकेन्द्र छन् । राजधानीमा सानोठिमी र कालीमाटीमा दुई केन्द्र छन् । उपचारका लागि केन्द्रमा बिरामी आउजाउ गर्दा सार्वजनिक यातायात प्रयोग गर्ने भए पनि त्यसरी कतिलाई एमडीआर टीबी सर्‍यो वा मृत्यु भयो भन्ने कुनै अध्ययन भएको छैन । 'राजधानीमा पनि ठिमी र कालीमाटीमा भएको उपचार केन्द्र पुग्न सार्वजनिक सवारीसाधनमा एमडीआर/एक्सडीआर टीबीका बिरामी ओहोरदोहोर गर्छन्,' राष्ट्रिय क्षयरोग केन्द्र, ठिमीका वरिष्ठ छाती तथा क्षयरोग विशेषज्ञ डा. मोहनकुमार प्रसाईं भन्छन्, 'बिरामीहरू सार्वजनिक सवारीसाधन चढेर उपचार केन्द्रमा आउजाउ गर्दा अन्यलाई सर्ने उच्च जोखिम छ ।'

चिकित्सकका अनुसार सुरक्षाका उपाय नअपनाउँदा र कमसल मास्क प्रयोगका कारण स्वास्थ्यकर्मीमा यो रोग सर्ने जोखिम बढी हुन्छ । डा. प्रसाईं भन्छन्, 'एमडीआर टीबीको उपचार गर्ने क्रममा यो रोग लागेका ८ स्वास्थ्यकर्मीको मृत्यु भएको मैले नै देखेको छु ।' एमडीआर/एक्सडीआर टीबीका बिरामीलाई औषधि खुवाउन सुरु गरे पनि खकारमा कीटाणु देखिएसम्म उनीहरूबाट अन्य व्यक्तिमा सर्न सक्छ । केहीमा ३-४ महिना औषधि खाए पनि खकार पोजेटिभ नै देखिन्छ भने कसैकसैमा अन्तिमसम्मै । 'सार्वजनिक सवारी साधनमा एमडीआर/एक्सडीआर टीबीका बिरामीले खोक्दा स्वस्थ व्यक्तिमा रोग सर्ने उच्च जोखिम हुन्छ,' उनले भने । राष्ट्रिय क्षयरोग केन्द्रमा विभिन्न खोकीलगायतका लक्षणसहित आएका बिरामीको खकारमा क्षयरोगको कीटाणु देखिएपछि सामान्य क्षयरोगकै रूपमा उपचार गरिन्छ । यस्तो उपचारअन्तर्गत एक-दुई महिनामा समेत रोग सुधारात्मक नदेखिए त्यस्ता बिरामीलाई एमडीआर हो कि भनेर परीक्षण गरिन्छ ।

कालीमाटीको जेनटप क्लिनिककी डा. भावना श्रेष्ठका अनुसार बाहिरी जिल्लाबाट एमडीआर टीबीको उपचारका लागि आएका दुई जना नर्सिङ स्टाफमा एक जना केही निको भएपछि औषधि नियमित खाने गरी घर फर्किएको र अर्काको भने मृत्यु भएको बताइन् । यस्तै, दुई जना डाक्टर एमडीआर टीबीको उपचारपछि निको भएर फर्किएको पनि उनले बताइन् । मुलुकमा एमडीआर क्षयरोगको उपचार गर्दा सफलताको दर करिब ७० प्रतिशत र एक्सडीआर टीबीको उपचारमा करिब ३० प्रतिशत मात्र सफलता देखिएको डा. शाह बताउँछन् ।

केन्द्रका डा. प्रमोद भट्टराईका अनुसार गत वर्ष एमडीआरका ३ सय ४३, प्रि-एक्सडीआरका ८६ र एक्सडीआरका १९ जना नयाँ बिरामी दर्ता भएका छन् । मुलुकभर हाल औषधि खाइरहेको एमडीआर/एक्सडीआर टीबीका बिरामी करिब ६ सय ६० जना छन् । मुलुकभरका मध्ये करिब एक चौथाइ एमडीआर/एक्सडीआर टीबीका बिरामी राजधानीमै रहेको आकलन छ । विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) का अनुसार विश्वव्यापी रूपमा रिफाम्पिसिन प्रतिरोधको बर्सेनि करिब ६ लाख नयाँ केस आउँछन्, जसमध्ये ४ लाख ९० हजारलाई एमडीआर टीबी हुन्छ ।

औषधि प्रतिरोधी क्षयरोगीको उपचारमा संलग्न स्वास्थ्यकर्मीलाई पहिले जोखिम भत्ता दिने गरिए पनि दुई वर्षदेखि रोकिएको छ । डा. शाहका अनुसार पहिले मासिक १ हजार रुपैयाँ जोखिम भत्ता दिने गरिएको थियो । ग्लोबल फन्डको बजेटअन्तर्गत सरकारले जोखिम भत्ता दिइन्थ्यो ।




### कसरी जोगिने ?

एमडीआर/एक्सडीआर क्षयरोग भएका बिरामीले सकेसम्म सार्वजनिक ठाउँमा आउजाउ गर्नु हुँदैन । यस्ता बिरामीसँग आम व्यक्ति सम्पर्कमा नआउनु नै राम्रो हुन्छ । खकारमा कीटाणु देखिँदासम्म बिरामीले अन्य स्वस्थ व्यक्तिसँग अनावश्यक, असुरक्षित सम्पर्कमा आउनु हुँदैन । बिरामीको स्याहार गर्ने व्यक्तिले चिकित्सकीय सल्लाहअनुसार कडा सुरक्षाका उपाय अपनाउनुपर्छ । बिरामीले स्तरीय मास्क लगाउनुका साथै खोक्दा, हाच्छिउँ गर्दा, थुक्दा सावधानी अपनाउनुपर्छ ।

**गजब छ बा !**

– अविन –



अलि छिट्छिटो भत्का न हौ भाइ ! ढिलो भो !... हाम्लाई त्याँ पार्किङ गरेर हिँडिहाल्नु परो क्या !






**स्थानीय तहलाई सरकारको निर्देशन**

# 'स्वीकृतिबिना कूटनीतिक भेट नगर'


**चन्द्रशेखर अधिकारी**


काठमाडौं- सरकारले स्वीकृतिबिना विदेशी कूटनीतिज्ञ तथा प्रतिनिधिसँग भेटघाट नगर्न स्थानीय तहका पदाधिकारी र कर्मचारीलाई निर्देशन जारी गरेको छ । विदेशी कूटनीतिज्ञ तथा प्रतिनिधिसँगको भेटघाटलाई व्यवस्थित बनाउन सरकारले स्थानीय तहसम्म नै निर्देशन दिएको हो । प्रदेश तहका पदाधिकारी र कर्मचारीलाई यसअघि नै यस्तो निर्देशन दिइसकिएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ७७ जिल्ला समन्वय समिति र ७ सय ५३ स्थानीय तहका पदाधिकारी तथा कर्मचारीलाई विदेशी कूटनीतिज्ञसँग भेट्न परराष्ट्र मन्त्रालयको स्वीकृति लिन पत्राचार गरेको छ । सरकारले परराष्ट्र मन्त्रालयको स्वीकृतिबिना हुने भेटघाटलाई अवैध मानिने भन्दै यसमा सचेत हुन आग्रह गरेको छ । पदाधिकारीलाई संघीय मामिला तथा सामान्य प्रशासनमन्त्रीले हेर्ने र सम्बन्धित मन्त्रालयका सचिवले कर्मचारीमाथि निगरानी गर्नेसमेतको जानकारी स्थानीय तहसम्म पुगेको छ । परराष्ट्रको निर्णयअनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आफू मातहतका निकायलाई परिपत्र गरेको हो ।

यसका लागि संघीय मामिला मन्त्रालयले छिट्टै निर्देशिका तयार गरिरहेको छ । त्यसले भेटघाट मात्र नभई विदेश भ्रमणलाई समेत व्यवस्थित गर्नेछ । 'स्थानीय तहका पदाधिकारी तथा कर्मचारीलाई परराष्ट्र मन्त्रालयको स्वीकृतिबिना कूटनीतिक भेटघाट नगर्न निर्देशन दिइएको छ,' संघीय मामिला तथा सामान्य प्रशासन सचिव दिनेश थपलियाले कान्तिपुरसँग भने, 'हामीले भेटघाटमात्र होइन, दाम्लै चुँडालेर जथाभावी विदेश भ्रमणमा दौडनेहरूलाई नियन्त्रण तथा स्वीकृतिको नियमनमा ल्याउन निर्देशिका तयार गरिरहेका छौं । छिट्टै यो जारी हुनेछ ।'

बाँकी पृष्ठ ४




कांग्रेस बैठकमा देउवा पक्ष

# ‘अग्रिम महाधिवेशन अस्वीकार्य’

**कान्तिपुर संवाददाता**

काठमाडौं- कांग्रेस सभापति शेरबहादुर देउवा पक्षीय सदस्यहरूले पार्टी अग्रिम महाधिवेशनमा जान नहुने भन्दै त्यसको विरोध गरेका छन् । संस्थापनइतर पक्षले संघीय संरचनाअनुसार रूपान्तरण हुने पार्टीका निकायलाई पूर्णता दिन अग्रिम महाधिवेशन माग गरिरहेका बेला देउवापक्षीय सदस्यहरूले यो अस्वीकार्य हुने धारणा अघि सार्दै सभापति देउवाको बचाउ गरेका हुन् ।

कांग्रेसमा महासमिति बैठकबाट विधान संशोधन गर्ने तयारी छ । कांग्रेसको पार्टी संरचना अहिले ७५ जिल्ला, २ सय ४० निर्वाचन क्षेत्र र झन्डै ४ हजार संख्याका स्थानीय निकायमै आधारित छन् । राज्य संघीय संरचनामा जाँदा ७७ जिल्ला, १ सय ६५ प्रतिनिधिसभा र ३ सय ३० प्रदेशसभा निर्वाचन क्षेत्रअनुसारको पार्टी संरचनामा जानुपर्ने हुन्छ । विधान संशोधन गर्नासाथ नयाँ संरचनाअनुरूप पार्टी संरचना तयार गर्न १४ औं महाधिवेशनको प्रक्रिया अघि बढाउनुपर्नेमा वरिष्ठ नेता रामचन्द्र पौडेल, पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलासहितले दबाब दिँदै आएका छन् । तर, संस्थापन पक्षका सदस्यले तत्कालका लागि तदर्थ समिति बनाउन उपयुक्त हुने भन्दै अग्रिम महाधिवेशनको विरोध गरेका हुन् । कांग्रेस केन्द्रीय सदस्य शेखर कोइरालाले लिखित रूपमै अग्रिम महाधिवेशनको माग बैठकमा प्रस्तुत गरेका थिए ।

> ‘नाकाबन्दीमा नबोल्नु हाम्रो गल्ती हो, भारतलाई कन्भिन्स गर्न नसक्दा राष्ट्रियता ओली ब्रान्ड बन्न पुग्यो’

‘अर्ली महाधिवेशनमा नलागौं,’ बिहीबारको बैठकमा देउवा पक्षीय नेता ज्ञानेन्द्रबहादुर कार्कीले भने, ‘यही विषयलाई लिएर सभापतिलाई कमजोर बनाउन खोज्दा अन्तत: पार्टी कमजोर हुन्छ ।’ संसदीय दलको नेतामा उम्मेदवार बन्न नदिन धेरै तिरबाट कसरत हुँदासमेत सभापति नै अत्यधिक मतबाट विजयी भएको बताउँदै कार्कीले थपे, ‘अहिले पनि पार्टीभित्र सभापतिकै पक्षमा जनमत छ । सस्तो लोकप्रियताका लागि कोही पनि नलागी पार्टीलाई एक बनाउने दिशामा लागौं ।’

भारतीय नाकाबन्दीमा पार्टी नबोल्नुलाई भने उनले गल्ती भएको सकारे । ‘हामीले भारतलाई नाकाबन्दी नगरी मित्रवत् व्यवहार गर्न कन्भिन्स गर्न सक्नुपर्थ्यो,’ कार्कीले भने, ‘हाम्रो कमजोरी र भूलले राष्ट्रियताको मुद्दा अहिले ओली ब्रान्ड बन्न पुगेको छ ।’

उनले निर्वाचनमा पार्टी हार्नुमा नेतृत्वको दोष मात्रै नभएको दाबी गरे । ‘मूल कारण एमाले र माओवादी केन्द्रको गठबन्धन नै हो । कांग्रेसले पनि माओवादीसँग गठबन्धन गरेर निर्वाचनमा गएको भए हाम्रै अवस्थामा एमाले हुने थियो,’ उनले भने, ‘भरतपुरको पाठले पनि हामीले माओवादी केन्द्रसँग गठबन्धन गर्न सकेनौं ।’

राष्ट्रपति विद्यादेवी भण्डारीको सम्बोधनका कारण बिहीबार बैठक छोटो समय मात्र बसेको थियो । बैठकमा कार्की, केन्द्रीय सदस्य भीष्म आङदेम्बे, महेन्द्र यादव र रमेश रिजालले मात्रै मन्तव्य राखेका थिए । चारै जना देउवापक्षीय सदस्य हुन् । उनीहरू सबैले नेतृत्वको बचाउ गर्दै पार्टीभित्र विवाद र ध्रुवीकरण नबढाउन आग्रह गरे । रिजालले कांग्रेस मन नपराउनेलाई वैकल्पिक पार्टीमा जाने अवसरसमेत रहेकाले पार्टीले कार्यकर्ता पंक्तिलाई सन्तुष्ट बनाउने गरी काम गर्नुपर्ने बताए । जारी बैठक शुक्रबार बिहानै बस्दै छ ।

Admission Open
BEST'S MONTESSORI CHAIN OF SCHOOLS
Our Pre-Schools:
Kuleshwor Ph: 4283554 | Baneshwor Ph: 4490402 | Dhumbarahi Ph: 4430860 | Samakhushi Ph: 4389192 | Patan Ph: 5003539
BEST'S MONTESSORI ELEMENTARY SCHOOL
(First Montessori Elementary School Class I to VII)
Lazimpat, Kathmandu, Ph. 4001814, 4001645

Three decades of commitment for excellence in education
Admission Notice
V.S. NIKETAN SCHOOL
A Selfrestrained, Well setup & Publicly Admired Institution for its Academic Excellence, invites application for New Admission For Academic Session 2075 for Montessori Level & Classes I To Viii
Limited enrollment on merit basis
• Entrance Test: 17 Chaitra 2074, Saturday (8am to 11am)
For admission forms & further Information Please contact at the reception :
• Minbhawan, Kathmandu:- 4622715, 4622073
• Thapathali, Kathmandu:- 4255713, 4102113
"A Complete School for Quality & Standard"




PARENTS SEMINAR
on
Primary Education- Activity Based & Role of Adults In Child Learning Process
Learn Form EXPERT
Open to all interested Parents
Please register to join the program
Date: Saturday-17th Chaitra, 2074
Time: 1:00 PM (90 minutes session)
Venue: Nobel Academy, New Baneshwor
NOBEL ACADEMY
Secondary School
New Baneshwor, Kathmandu, Tel: 014781401, 014781515
Email: info@nobel.edu.np, www.nobel.edu.np




KANTIPUR PUBLICATIONS PVT. LTD.
KMG
KANTIPUR MEDIA GROUP
कान्तिपुर
को
स्वर्णपुर
2
बम्पर उपहार
१ किलो सुन
हरेक महिना
१० तोला सुन
हरेक साता
१ किलो चाँदी
* सर्तहरू लागु हुनेछन् ।
जित्नुहोस्
१ किलो
सुन
अनि स्क्र्याच गरी जित्नुहोस् लाखौँका उपहारहरू
Skyworth
ल्यापटप
एल.इ.डी टि.भी.
स्मार्ट फोन
वाटर प्युरिफायर
इमर्जेन्सी लाइट
वायरलेस हेडफोन
ब्लुटुथ स्पिकर
पावर बैंक
घडी
रु २०० देखि २५०० सम्मको नगद छूट
गिफ्ट भौचर
ग्राहक अवधि बाँकी रहेकाहरूलै पनि समय बढाएर यस योजनामा सहभागी हुन पाउनुहुनेछ ।
"जति छिटो ग्राहक बन्नुहुन्छ त्यति नै धेरै जित्ने मौका ।"
थप जानकारीका लागि
एन.टि.सि.: 16600122222, 9851216800
एनसेल: 9801572222, 9801016850
उपत्यका भित्र: 9841166784 (शिशिर), 9851098944 (राम कृष्ण)
उपत्यका बाहिर: 9856044140 (शंकर), 9856025885 (राजेश, पोखरा)
9845882313 (कपिल, भरतपुर), 9851072403 (लक्ष्मण, नेपालगंज), 9852029233 (सन्तोष, विराटनगर)
SMS SUB to 38080
कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् र पाउनुहोस् हरेक महिना १० तोला सुन, हरेक साता १ किलो चाँदी लगायत लाखौँका उपहारहरू जित्ने मौका । एक जना भाग्यशाली विजेताले जित्नुहुनेछ बम्पर उपहार १ किलो सुन ।
आजै कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् ।

## नेसंवि र अक्सफोर्डबीच सम्झौता

काठमाडौं (कास)- संस्कृत विश्वविद्यालय (नेसंवि) र अक्सफोर्ड विश्वविद्यालयबीच पठनपाठनलाई स्तरीय बनाउन सहकार्य गर्ने सम्झौता भएको छ। सम्झौताअनुसार दुवै विश्वविद्यालयका विद्यार्थी तथा प्राध्यापकबीच अनुभव आदान-प्रदान गरिनेछ।

# पेस्की बजेट ल्याउने तयारी

- करिब ४ अर्बको बजेट ल्याउने तयारीमा सरकार
- नदी नियन्त्रण, पहिरो रोकथाम प्राथमिकतामा
- 'आर्थिक कार्यबिधि बिधेयक २०७४' प्रदेशसभामा पेस

**लीलावल्लभ घिमिरे**

विराटनगर- प्रदेश सरकारले चैत २५ गतेभित्र पेश्की बजेट ल्याउने तयारी गरेको आर्थिक मामिला तथा योजना मन्त्री इन्द्रवहादुर आङबोले बताएका छन्। 'तयारी अन्तिम चरणमा पुगेको छ,' उनले भने, 'पेश्की बजेटले आँउदो आर्थिक बर्षका लागि पुर्वाधार तयार पार्ने काम गर्छ।'

करिब ४ अर्बको बजेट ल्याउने तयारी सरकारको छ। 'अहिले स्रोत जुटाउने प्रयासमै छौं,' आङबोले भने, 'अंक यकिन भएको छैन। हाल प्रदेश सरकारसँग केन्द्रीय सरकारवाट प्राप्त भएको १ अर्व ३ करोड रुपैंयाँ छ। अन्य बजेटको खोजी भइरहेको उनले बताए। जिल्ला समन्वय समितिको सञ्चित खातामा रहेको रकम प्रदेश सरकार मातहत ल्याउने प्रयास भइरहेको छ। समितिको खातामा २७ करोड १७ लाख रुपैयाँ जम्मा भएको छ। यो रकम विकासे वजेटका लागि हो। अघिल्लो आर्थिक बर्षको २ करोडभन्दा बढी रुपैयाँ खातामै थन्किएको छ।

प्रदेश १४ वटा समन्वय समितिमा २ अर्बभन्दा वबढी रकम छ। त्यसलाई प्रदेश सरकार मातहत ल्याउने प्रयास भइरहेको छ। प्रदेश सरकारले पेश्की बजेटमा पहिलो प्राथमीकतामा नदी नियन्त्रण, पहिरो रोकथाम, डुबान, कटान र उद्धार तथा राहतलाई राखेको छ। 'बर्खा आउन लाग्यो। हामी संगै बजेट छैन्।

'नयाँ आर्थिक बर्ष साउनमा सुरु हुन्छ त्यसपछि बजेट ल्याउन उद्धार तथा राहत वितरणमा समेत मस्या पर्ने देखेर पेश्की बजेटमा जोड दिएका हौं,' आङबोले भने, 'अहिले बजेट ल्याउन सके बाढी, कटान र पहिरोको रोकथाम पनि केही हदसम्म गर्न सकिन्छ भन्ने पनि हो।'

यस्तै, सरकारले घोषणा गरेको सय दिने कार्यक्रममा परेका योजनाहरूलाई क्रमागत रुपमा रकम छुट्याइने भएको छ। प्रदेश सरकार गठन भएकै दिन बसेको पहिलो मन्त्री परिषदको बैठकले गरेको



**मन्त्री आङ्बो बुधबार संसदमा आर्थिक कार्यविधि विधेयक प्रस्तुत गर्दै।**
*तस्बिर : वेदराज पौडेल*

निर्णय कार्यान्यमा पनि बजेट केन्द्रीत हुने मन्त्री आङबोले बताए। मन्त्रीपरिषदको पहिलो बैठकले प्रदेश १ का १४ जिल्लामा 'शहीद नमुना वस्ती' निर्माण गर्ने निणर्य गरेको थियो। यो प्रदेशका ऐतिहासीक तथा विर भुमीहरूमा मानव बसोवासका लागि शान्त, सुरक्षीत, सुविधा सम्पन्न, नैतिकवन सम्मानीत बस्ती बनाउने सरकारको योजना छ। यसको अध्यायनका लागि रकम विनीयोजन गरीने भएको छ।

सरकारले मदन भण्डारी जन्म भुमी ताप्लेजुङको ढुङगेसांगु, इलामको चमैता, झापाको सुखानी, ओखलढुङगाको रामपुर, धनकुटाको छिन्ताङ, तेह्रथुमका आङवुङ र हुवाकु, भोजपुरका वासीखोरा र हतुवागडी, पाँचथरको मेहेलेवोट, संखुवासभाको स्यावुङमा शहिद नमुना बस्ती बन्नाउने पहिलो निर्णय गरेको थियो।

यसैबीच, प्रमुख प्रतिपक्षी दलका नेता राजीव कोइराला हतारमा पेश्की बजेट ल्याउन नहुने बताएका छन्। 'अहिले हाम्रो प्रमुख काम भनेको कानुन बनाउने हो त्यसतर्फ नै लाग्नुपर्छ कानुन नै नभइ ल्याएको बजेट अपचलन हुँदैन भन्न सकिन्न,' उनले भने, 'त्यसैले हतार नगरौं।'

**आर्थिक विधेयक संसदमा पेस**

मन्त्री आङ्बोले 'आर्थिक कार्यबिधि बिधेयक २०७४' प्रदेशसभा बैठकमा बुधबार पेस गरेका हुन्। ११ परिच्छेद र ६४ दफामा रहेको बिधेयकमा प्रदेश सरकारअर्न्तगत सरकारी कोषको परिचलन, राजस्व संकलन, कोषको नियगमन तथा नियन्त्रणसम्म समेटिएको छ।

बिधेयकमा प्रदेश कोषको सञ्चालन, राजश्व र व्ययको अनुमान, बजेट निकासा र रकमान्तर, कारोबारको लेखाको व्यवस्था, आन्तरिक नियन्त्रण र लेखापरीक्षण, वित्तीय जिम्मेवारी जवाफदेहिता, सरकारी सम्पत्तीको संरक्षण, सरकारी बााकी असुलउपर, भ्रमण खर्च सम्बन्धि व्यवस्था राखिएको छ। बिधेयक पास भएपछि प्रदेशको कोष नियन्त्रणको लागि प्रदेश लेखा नियन्त्रकको कार्यालय रहनेछ।

यस्तै, प्रत्येक असार महिनाको १ गते प्रदेश सरकारको आगामी आर्थिक बर्षको राजस्व र व्ययको अनुमान प्रदेशसभामा पेश गर्नुपर्ने व्यवस्था छ। पेश भएको आर्थिक कार्यबिधि बिधेयकमा बुधबार बसेको दोस्रो बैठकमा सामान्य सैद्धान्तिक छलफल समेत भएको छ। छलफलमा बोल्दै सदस्यहरू ज्ञानेश्वर राजवंशी, अम्बिका थापा, लिलाबल्लभ अधिकारीले प्राविधिक त्रुटिबाहेक अन्य कुरामा सैद्धान्तिक सहमती जनाउँदै विधेयक समर्थन गरेका थिए

यसैगरी सदस्यहरू शिवनारायण गनगाईं, नवोदिता चौधरी र मोहनकुमार खडाले भने बिधेयकले धेरै कुरा समेटेपनि केही सुधार गर्नुपर्ने बताएका थिए। सदस्य गनगाईंले विधेयकको दफाबार छलफलपछि मात्रै पारित गर्न सकिने बताए।


## Vacancy Announcement

**Royal Bird Travel & Tours Pvt. Ltd.** is a well known reputed Travel Agency located at kumaripati, lalitpur. **Royal Bird Travel & Tours Pvt. Ltd.** is successful to delever Air Ticket, Bus Ticket, Rafting, Paraglading, Trekking, Tour Package & many more service to its clients.

**Ticketing Executive** 1 Nos.

**Qualification required :**
Mimimum Intermediate passed in any faculty.
**Experience required :**
1) Good command in GDS, Galileo, Amadcus.
2) Ticketing preferred Minimum 2 yrs. experience in IATA Agency.

**Tour Executive** 1 Nos.

**Qualification required :**
Mimimum Intermediate passed in any faculty.
**Experience required :**
1) Good Knowledge on worldwide tourist destination, visa information & group booking.
2) Minimum 2 yrs. experience in IATA Agency as related post.

Interested candidates are requested to submit their application along with their latest resume and photograph at the **Royal Bird Travel & Tours Pvt. Ltd.** within 10 days of published. Only the short listed candidates will be informed for an interview.

**Note:** Candidate must provide evidence that they have worked in the above mentioned fields.

Mail To: royalbirdtravelsnepal@gmail.com

ROYAL BIRD TRAVEL & TOURS PVT. LTD.
Manbhawan, Lalitpur Ph: 01 5534297
Email: info@royalbirdtravel.com URL: www.royalbirdtravel.com



## VACANCY ANNOUNCEMENT

HEIFER INTERNATIONAL NEPAL

Heifer International Nepal (HPIN), a non-profit, humanitarian organization dedicated to ending hunger and poverty and caring for earth by providing livestock, education and other resources to families become self-reliant is seeking applications for the following positions from qualified Nepali Citizens for the four-year project - Strengthening Smallholder Enterprises of Livestock Value Chain for Poverty Reduction and Economic Growth in Nepal (SLVC II). The detailed Job Descriptions are posted in the website www.heifernepal.org

**Program Manager - Strengthening Smallholder Farmers' Organization (Required Nos. 2)**

**Function:** The Program Manager - SSFO will facilitate to build the capacity of cooperatives on institutional, governance, financial management and links with appropriate market and buyer, public and private business development service providers.

**Educational Qualifications and Experience:**

- Master's degree from a recognized university in Agriculture Science, Agribusiness, Agricultural Economics, Community Development, Sociology or a related field, and Five (5) years of relevant experiences or A Bachelor's degree from a recognized university in Agriculture Science, Agribusiness, Agricultural Economics, Community Development, Sociology or a related field, and seven (7) years of relevant experience.

**Program Officer - Strengthening Smallholder Farmers' Organization (Required Nos. 4)**

**Function:** The Program Officer - SSFO will provide support to technical, institutional, governance, financial management, social capital development and business development services and link them with appropriate market and buyer, public and private business development service providers.

**Educational Qualifications and Experience:**

- A Bachelor's degree in Agriculture Science, Agribusiness, Agricultural Economics, Community Development, Sociology or a related field. Minimum three (3) years of experience with an international organization in a similar context.

**Program Manager - Market Development (Required Nos. 4)**

**Function:** The Program Manager-MD will lead Heifer's project activities on connecting the producer owned cooperatives with public and private sector for post-production value additional activities to develop and operationalize viable businesses, s/he will explore and collaborate with different PPPs to strengthen the linkages in both product markets and input/service market.

**Educational Qualifications and Experience:**

- A Master's Degree or equivalent from a recognized university in the fields of Agriculture Economics, Business Administration, Rural Development, Enterprise Development or other related field and minimum of Five (5) years of experience in a mix of economic growth/trade, value chain competitiveness, investment promotion, or agriculture development. Or A Bachelor's degree from a recognized university in Business Administration, Rural Development, Enterprise Development or other related field and minimum of Seven (7) years of experience with an international organization in a similar context is required

**Program Officer - Market Development (Required Nos. 2)**

**Function:** The Program Officer-MD will assist the Program Manager-MD to connect the producer owned cooperatives with public and private sector for post-production value additional activities to develop and operationalize viable businesses, s/he will explore and collaborate with different PPPs to strengthen the linkages in both product markets and input/service market.

**Educational Qualifications and Experience:**

- A Bachelor's degree or equivalent from a recognized university in the fields of Agriculture Economics, Business Administration, Rural Development, Enterprise Development or other related field and Minimum of three (3) years of relevant experience in a mix of economic growth/trade, value chain competitiveness, investment promotion, or agriculture development.

**Program Officer - Program Monitoring and Evaluation (Required No. 1)**

**Function:** Program Officer - PME is responsible for project planning, budgeting, reporting, documentation, monitoring and evaluation processes and practices for different projects trying to identify innovative ways to measure project impact.

**Educational Qualifications and Experience:**

- Bachelor's degree in Development Studies, Business Administration, Economics and any other social science with field work. Minimum 3 years' experience in monitoring and evaluation with at least 02 years with some international organization. Master's degree preferred.
- Understanding the current M&E trends and systems in development organization's

**Program Officer - Animal Well-Being (Required Nos. 4)**

**Function:** The Program Officer - Animal Well-Being will be responsible for an effective delivery of animal health and production technologies, knowledge and skills to project partners and cooperatives. S/he will ensure that farmers adopt improved technologies for consistence and bulk supply of quality animals and work in close collaboration with Heifer Nepal Program team, project partners, cooperatives and Community Agro Vet Entrepreneurs.

**Educational Qualifications and Experience:**

- A Bachelor's Degree or equivalent from a recognized university in Veterinary Science and \minimum three (3) years of relevant experience. Other job-related education and/or experience may be substituted for part of these requirements.

**Program Officer - Prototype Support (Required Nos. 1)**

**Function:** The Program Officer - PS will manage the prototype component of the project. S/He will collaborate with thematic leads to prioritize prototypes and facilitate prototype design, execution, reporting and recommendation for scaling up.

**Educational Qualifications and Experience:**

- A Bachelor's degree in Agriculture Science, Agribusiness, Agricultural Economics, Business Management, Community Development, Sociology or a related field plus three (3) years of relevant experience. Other job-related education and/or experience may be substituted for part of these requirements.

**Associate Administrative Officer (Require No. 1)**

**Function:** To provide administrative and logistical assistance, ensuring daily operations are carried out professionally, efficiently and effectively.

**Educational Qualifications and Experience:**

- A Bachelor's Degree in Business Administration or a related field is required, plus one (1) years of relevant experience. Other job-related education and/or experience may be substituted for part of these requirements.

**Driver - Office Aide (Require No. 4)**

**Function:** To provide secure and timely driving services to transport passengers and/or goods. Deliver payment transfers to the bank and/or the suppliers, assist with postage and with pick up of office purchases, including flight tickets and any other tasks required.

**Educational Qualifications and Experience:**

- A high school education with valid driving license plus three (3) years' experience in driving. Other job-related education and/or experience may be substituted for part of these requirements.

**How to apply:**

A Cover letter mentioning expected salary along with application form (download from www.heifernepal.org ), latest curriculum-vitae, a recent passport size photograph, a copy of citizenship certificate should be submitted at the following address by 13th April 2018. Please indicate the position that you are applying for.

Only short-listed candidates will be invited for the interview. Telephone enquiries will not be entertained.

**Heifer Project Nepal**
GPO Box 6043,
Kathmandu, Nepal.
Email: hr.nepal@heifer.org


## 'स्वीकृतिबिना कूटनीतिक...

वैदेशिक भ्रमणसम्बन्धी मापदण्ड र कार्यविधिबारेमा छलफल भइरहेको र केही दिनमा निर्णयमा पुग्ने उनले बताए। विदेशी कूटनीतिज्ञहरू आफ्ना परियोजनाको अनुगमन वा अन्य बहानामा गाउँ-गाउँ पुग्ने र स्थानीय तहका पदाधिकारी र नेता तथा कर्मचारीसँग भेट्न थालेपछि त्यसमा अंकुश लगाउन सरकारले निर्देशन जारी गरेको हो।

'बिनास्वार्थ कुनै सहयोग बाहिरबाट आउँदैन तर पनि हामी त्यसैमा नतमस्तक हुने गरेका छौं,' एक अधिकारीले भने, 'यसलाई हामीले सम्बोधन गर्न सक्नुपर्छ।' प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले विदेशी नियोग र प्रधानमन्त्री कार्यालयले विभिन्न प्रदेशका प्रमुखलाई यस्तो भेटघाटलाई कूटनीतिक मर्यादामा राख्न निर्देशन दिँदै परराष्ट्रको पूर्वस्वीकृति अनिवार्य गरेको छ। सरकारले गैरसरकारी संस्थामा स्वयंसेवी भएर काम गर्नेलाई नियमन गर्ने र पर्यटन भिसामा आएर काममा जानेलाई निगरानी राखेर 'कानुनबमोजिम' कारबाही गर्नेसमेत जनाएको छ। प्रदेश प्रमुख तथा उच्च अधिकारीहरूलाई निर्देशन दिएको पाँच दिनपछि स्थानीय तहका पदाधिकारीलाई निर्देशन दिइएको हो।

राजनीतिक चलखेलमा समेत विदेशीहरू सक्रिय हुने, आफ्नो केही अन्तर्राष्ट्रिय एजेन्डा लागू गर्ने र मुलुकलाई प्रयोगशाला बनाउने उद्देश्यले विदेशी सक्रिय रहेकाले यसमा सचेत हुन निर्देशन गरिएको अधिकारीहरूले बताए। प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको परिपत्रअनुसार नै यस्तो निर्देशन दिएको खुलाइएको छ। संघीयता कार्यान्वयनसँगै तीन तहका सरकारका जनप्रतिनिधिले विदेशी कूटनीतिज्ञसँग भेटघाट गर्ने सम्बन्धमा आवश्यक कानुन बन्ने प्रक्रियामा रहेकाले त्यतिञ्जेलसम्मका लागि परराष्ट्र मन्त्रालयको स्वीकृत लिनुपर्ने व्यवस्था रहेको जानकारी निर्देशनमा दिइएको छ।


## INVITATION TO BID REQUEST (ITB) FOR HEALTH EQUIPMENTS

care

CARE Nepal is an international humanitarian organization working in the country for the past 39 years. It currently works in 60 districts through various programs on issues relating to improving the lives of the poorest and most vulnerable populations through programs that work on the following themes: food security and climate change; emergency preparedness and DRR; migration and urbanization; sexual reproductive and maternal health; gender based violence; women and girls' leadership. Marginalized Women and Adolescent Girls are our two primary impact groups. Core priorities include investment in the empowerment and leadership of women and girls, reaching hard to reach population, good governance and accountability, working in partnership and alliance with like-minded actors, and evidence-based advocacy.

CARE Nepal hereby invites Interested eligible registered vendors/suppliers for health equipment for **SUAAHARA II Program (SP II)** which is been funded by USAID and implemented in the leadership of Helen Keller International in 42 districts of Nepal. Interested vendors/suppliers are encouraged to obtain the detailed list of the items and vendor profile form from our website at **http://www.carenepal.org/calls.php** and **clicking on ITB#01/03/2018.** The detail list of the items and vendor profile form can also be collected from CARE Office. Last date for submitting the quotation is **13th April 2018 04:00 PM.** Quotation should be submitted below address:

**The Front Desk**
**CARE Nepal, 4/288-Samata Bhawan**
**Dhobighat, Lalitpur**
**Phone (5522800)**

**Note:** All offers delivered to CARE Nepal must be registered at the front desk and dropped in the tender box. CARE Nepal reserves the right to accept or reject all or any ITBs fully or partially without stating any reasons whatsoever

Pre-bid meeting will be held on **Tuesday 3rd April 2018** in CARE Nepal Office at (02:00 PM)



ANGELS' HEART SECONDARY SCHOOL ESTD. 2039 BE GOOD AND DO GOOD

## ANGELS' HEART EDUCATION FOUNDATION

Tarkeshwor-10, Manamaiju, Kathmandu

**WANTED**

**Angels' Heart Education Foundation** seeks some dynamic, experienced, qualified and dedicated candidates for the following posts:

| Post | Required No. | Qualifications | Remarks |
|---|---|---|---|
| Sec. Science Teacher | 1 | M.Sc./M.Ed. | Full time |
| Sec. English Teacher | 1 | M.A./M.Ed. | Full time |
| Sec. EPH Teacher | 1 | M.Ed. | Full time |
| Sec. Computer Teacher | 1 | M.Sc. CSIT/B.E. Computer or Equivalent | Full time |
| Primary Eng. Teachers | 2 | B.A./B.Ed. | Full time |
| Primary Science Teachers | 2 | B.Sc./B.Ed. | Full time |
| Primary Math Teachers | 2 | B.A./B.Ed. | Full time |
| Primary Nepali Teachers | 2 | B.A./B.Ed. | Full time |
| Primary Social Teachers | 2 | B.A. | Full time |
| Primary Co-coordinator | 1 | Minimum B.Ed. | Full time |
| ECA In-charge | 1 | Master's Degree | Full time |
| Hostel Warden | 1 | Minimum Bachelor's Degree | Couple preferred |
| Office Boy | 2 | Able to read and write English | Driving license pref. |
| Cook | 1 | Able to cook Nepali food | Full time |
| Art Teacher | 1 | Expert in fine art | Part time |
| Canteen Supervisor | 1 | H.M. studied preferred | Full time |
| Store Keeper | 1 | +2 Minimum | Full time |

Interested candidates are informed to submit their valid documents via: **schoolangelsheart@gmail.com** or drop documents photocopies at school's reception desk by 22nd Chaitra 2074. *Only short listed candidates will be further approached for interview.*

**Admission Open!**

Angels' Heart Secondary School
**Announces Admission Open** from **Grade Nursery to IX**
**Entrance Test: Chaitra 24 @ 10 am**
Regestration Form is distributed till **23 Chaitra (6 am to 5 pm)**
Phone: 01- 4027233 / 4027244 / 9851004188 / 9861928819


## 'स्वार्थभन्दा माथि उठ्नुस्...

राष्ट्रपतिले संघीय संसदको कुनै सदनको बैठक वा दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्न र त्यसका लागि सदस्यको उपस्थिति आहान गर्न सक्ने संवैधानिक व्यवस्था छ।

राष्ट्रपति भण्डारीले सघीय संसदका सांसदहरूलाई नेपाललाई समतामूलक, समाजवादउन्मुख, पूर्ण लोकतान्त्रिक, एकताबद्ध र समृद्ध मुलुकका रूपमा चिनाउने कार्यमा समर्पित हुन आग्रह गरिन्। उनले राजनीतिक आबद्धताका दृष्टिले कोही सत्तापक्ष र कोही प्रतिपक्ष भए पनि संसदका हरेक सदस्यले आफ्ना मतदाताको आशा र भरोसाको सदैव सम्मान गर्नपर्नेमा जोड दिइन्।

राष्ट्रपतिले नेपाल अब कुनै पनि बहानामा हिंसातर्फ धकेलिन नहुने बताइन्। देशको जीर्ण आर्थिक-सामाजिक परिवेशले अग्रगामी रूपान्तरणका दिशामा केन्द्रित भएर अघि बढ्न निर्देशित गरेको उनको भनाइ छ। 'अब जनताका आवश्यकता र चाहना परिपूर्तिका लागि सबै तहका जनप्रतिनिधिहरू आआफ्ना कर्तव्यमा समर्पित हुन आवश्यक छ,' उनले भनिन्। राष्ट्रपतिले समुन्नत समाज निर्माण अभियानमा लाग्न पनि सबै पक्षलाई आहान गरिन्। 'असमानताको अन्त्य र न्यायको प्रारम्भ हुने आधार स्थापित भएको छ,' उनले भनिन्, 'अबको नेपाल कुनै पनि मनोमानी, दमन, अशान्ति, भ्रष्टाचार, उत्पीडनबाट मुक्त हुनुपर्छ। समुन्नत नेपाल निर्माणमा एक भएर योगदान गर्न आहान गर्छु।'

जनताको संवैधानिक, कानुनी र मानव अधिकारमा जोड दिँदै भण्डारीले न्यायपालिका सुदृढ पार्न सबैको ध्यान पुग्नुपर्ने बताइन्। यातायात, सञ्चार, ऊर्जाको विकास, गुणस्तर र सुलभ शिक्षा, स्वच्छ खानेपानी र वातावरणको विकासमा जोड दिन उनले आग्रह गरिन्।

राष्ट्रपति भण्डारीले युवा विदेश पलायन रोक्न आवश्यक कदम चाल्नसमेत आग्रह गरिन्। 'युवाहरू विदेश पलायन भइरहेका छन्, युवा जोसजाँगरलाई देश निर्माणमा भरपर्दो रूपमा लगाउन भूमिका खेल्नुहुने विश्वास गर्छु,' उनले भनिन्, 'नेपाल सामाजिक आर्थिक र सांस्कृतिक रूपमा अगाडि बढेको छ। संविधान कार्यान्वयन तथा समृद्धिका लागि सबैले भूमिका खेल्नुहनेछ।' प्रत्येक नागरिकका लागि स्वतन्त्र भएर स्वाभिमानपूर्वक बाँच्न पाउने अवस्थाको सिर्जना गर्ने राजनीतिक परिपाटी मात्र लोकतान्त्रिक प्रणाली हुन सक्ने उनले प्रस्ट पारिन्।

'लोकतन्त्र भनेको थेगो हैन, यो त जीवन प्रणाली हो। यो अनुभूत गर्ने विषय हो, अरूले बताइदिने विषय होइन। त्यसैले आमजनताको जीवनस्तरमा सुधार ल्याउन नसकिए लोकतन्त्र अर्थहीन नारा मात्र हुन जान्छ,' उनले भनिन्।

# सवारीले सास्ती

## समाजशास्त्री भन्छन्- सत्तासीनहरू अरूको दुःख देख्दैनन्, सवारीमार्फत शक्ति प्रदर्शन सामन्ती चरित्रकै पुनरावृत्ति हो



**संघीय संसद्को पहिलो संयुक्त बैठकलाई सम्बोधन गर्न बिहीबार नयाँ बानेश्वरस्थित संसद् भवन जाँदै राष्ट्रपति विद्यादेवी भण्डारी । रिसल्ला र कारगेडसहितको सवारीले राजधानीको सडक घन्टौं अस्तव्यस्त बनेको थियो ।**
*तस्बिर : प्रदीपराज वन्त/रासस*

■ **घनश्याम खड्का**

काठमाडौं- काठमाडौंका सडकमा बिहीबार अपराह्न एक्कासि गतिरोध आयो । कुनै सडक पूरै खाली गराइए । कुनैमा भने सवारीसाधनको लामो लाइन बन्यो । संघीय संसद्लाई सम्बोधन गर्न शीतलनिवासबाट निक्लिएको राष्ट्रपति विद्यादेवी भण्डारीको सवारीले सडक आवागमनकर्तालाई जहाँको त्यहीँ रोकेपछि त्यसको प्रतिक्रिया सामाजिक सञ्जालहरूमा तत्काल देखिन थाल्यो । यसमा राजालाई सम्झाउने गरी सवारी चलाएको भन्दै राष्ट्रपतिको आलोचना भइरहेको थियो ।

धेरैले राष्ट्रपति रिसल्ला (बग्गी) सहित सवारी भएको तस्बिरलाई ट्वीटरमा पोस्ट गर्दै ह्यासट्यागमा 'मौसुफको सवारी' भनेर लेखे । प्रदीप पन्तले सूत्रात्मक शैलीमा 'तन्त्र गए तुजुक गएन' भनेर स्टाटस अपडेट गरे । 'राष्ट्रपतिज्यूको आजको सवारी र यसले निम्त्याएको सवारी जाम हेर्दा, भोग्दा फेरि आफूलाई प्रजाको दर्जामा नै भएको महसुस भयो' भनेर उपेन्द्र श्रेष्ठले ट्वीट गरे ।

यी केही उदाहरण मात्रै हुन् । सामाजिक सञ्जालमा टिप्पणी नगर्नेहरूले पनि आपसी कुराकानीमा राष्ट्रपतिको शैलीको आलोचना गरेको सुनिन्थ्यो । जनताकै माझबाट सत्तामा पुगेकाहरूबाट जनतालाई नै सास्ती हुने कामको अपेक्षा नगरिएकैले सायद राष्ट्रपति, उपराष्ट्रपति तथा प्रधानमन्त्रीजस्ता 'विशिष्टको सवारी' मा अस्तव्यस्तसँग बाटामा रोकिनुपर्दा सर्वसाधारणबाट कटु आलोचना हुने गर्छ ।

व्यवस्था बदलिँदा पनि सत्तामा पुग्नेको व्यवहार भने आखिर सधैं किन उस्तै हुन्छ ? 'किनभने भित्रबाट हरेक मान्छे शक्तिकै पुजारी हुन्छ अनि शक्तिको स्वभाव अरूमाथि शासन गर्नेखालकै हुन्छ,' मानवशास्त्री सुरेश ढकाल भन्छन्, 'फलेको वृक्षको हाँगो झुक्ने भनेको लेखनाथको कवितामा मात्रै हो, व्यवहारमा त सत्तामा पुगेकाहरूमा नम्र हुने होइन, गजक्क परेर आफूलाई आम मानिसबाट टाढा राख्ने र पृथक् देखाउने बानी हुन्छ । सारालाई रोकाएर खाली बाटामा शासकहरू आफू मात्रै हिँड्नुको अर्थ नै यही हो ।' अरू बेला सहज हुने, हात मिलाउने र कुशलमंगल सोध्ने नेताहरू मन्त्री भएपछि नचिनेजस्तो गर्ने प्रवृत्ति मौका पर्दा आफूलाई अरूभन्दा विशिष्ट देखाउने मानवीय चाहनाकै अभिव्यक्ति भएको ढकालले बताए ।

सत्तासीनहरूलाई सामान्य मानिसको दुःख गौण लाग्ने हुनाले विशिष्टहरू अरूलाई पीडा दिने गरी व्यवहार गर्ने गरेको समाजशास्त्री चैतन्य मिश्रको बुझाइ छ । 'हो, संसद्मा सम्बोधन गर्न राष्ट्रपति जानु संवैधानिक कर्तव्य हो तर यो काम बिदाको दिन वा सवारी चाप कम भएका बेला पनि त गर्न सकिन्थ्यो,' मिश्र भन्छन्, 'अथवा तामझाम कम पनि त गर्न सकिन्थ्यो । तर त्यसो भएन, किनभने सकेसम्मको रवाफ प्रदर्शन गर्ने सत्तासीनहरूको चरित्र हुन्छ अनि पाएको सास्तीलाई सकेसम्म बढाएर त्यसको आलोचना चाहिनेभन्दा बढी नै गर्ने सामान्यजनको बानी हुन्छ ।' मिश्रको विचारमा बाटो खाली पारेर रवाफ देखाउने र बाटामा कुर्नुपर्दा रिस देखाउने दुवै पक्षमा 'अति' छ ।

पुरानै ढर्रामा राष्ट्रपति चल्नु र अझ बग्गीसहितको सवारी निकालेर सर्वसाधारणलाई सास्ती दिनु शासकहरूमा बदलिन नसकेको चिन्तन मुख्य कारण भएको जिकिर गर्छन् अर्का मानवशास्त्री डम्बर चेम्जोङ । 'भौतिक परिवर्तनमा समाज अगाडि हुन्छ तर मानिस त्यो परिवर्तनअनुसार आफ्ना आनीबानी बदल्न सक्दैन । यस्तो अवस्थालाई मानवशास्त्रले सांस्कृतिक पछौटेपन भनेर व्याख्या गर्छ,' चेम्जोङले भने, 'मोटरको इन्जिन र पाटपुर्जा ठीकठाक राख्नुपर्नेमा सवारी साधनमा भोग दिने भनेर कुखुरा वा बोका चढाउनु सांस्कृतिक पछौटेपनको उदाहरण हो । मोटरगाडी नभएका बेला राजा-महाराजाहरू बग्गीमा सवारी चलाउँथे । अचेल मोटर, अझ हेलिकप्टरको युग छ तर हाम्रा शासकहरू परम्परा थाम्ने नाममा उही बग्गीले घेरिएर मोटर चढ्छन् । यो पनि सांस्कृतिक पछौटेपन नै हो ।'

> **गणतन्त्रमा पनि राजाकै जस्तो सवारी देख्दा सर्वसाधारणमा आक्रोश**

गणतन्त्र आइसक्दा पनि सामन्ती राजतन्त्रमा झैं हाम्रा सत्तासीनहरूले सडकमा निक्लने प्रवृत्ति बदल्न नसक्नु परिवर्तन पूर्ण रूपमा स्थापित नभएको संकेत पनि हो भन्छन् ढकाल । 'हिजो राजाको सवारी जसले व्यवस्थापन गर्थ्यो, आज राष्ट्रपतिको सवारी पनि उही संयन्त्रले चलाउँछ,' उनी भन्छन्, 'त्यसैले पनि उही ढर्रा र ढाँचामा राष्ट्रपतिको सवारी चलेको हो तर यसमा राष्ट्रपतिको पदमा बस्ने व्यक्ति स्वयंले निर्देशन दिएर यस्तो काम नलाग्ने चलन रोक्न चाहने हो भने सर्वसाधारण पीडित हुनुपर्दैनथ्यो ।'

सत्ता भनेको शक्ति हो र शक्तिले मान्छेलाई भ्रष्ट बनाउँछ भन्ने बेलायती इतिहासकार/राजनीतिज्ञ लर्ड एक्टनको भनाइ मान्ने हो भने सत्तासीनहरूले देखाउने दम्भ र अनावश्यकको बडप्पन त्यही भ्रष्ट मानसिकताको द्योतक भएको चेम्जोङको विश्लेषण छ । ढकाल पनि यसमा सहमत छन् । 'सत्ता भनेको प्रदर्शनकारी शक्ति हो । राष्ट्रपति वा प्रधानमन्त्री शक्तिशाली व्यक्ति हो भन्ने कसरी थाहा पाउने त ?' उनी भन्छन्, 'आफू हिँड्दा यसैगरी सडक खाली गराएर ।'

तर यस्तो प्रदर्शनकारी शक्ति सामन्ती शासकहरूको पहिचान भएकाले गणतन्त्रमा पनि त्यही देखिनु विडम्बनापूर्ण स्थिति भएको उनले बताए ।

## कतारमा २४० नेपाली अलपत्र

# रेड क्रिसेन्टले दियो राहत



**५ महिनादेखि तलब र घर फिर्न नपाएका नेपालीसहित विदेशी महिला कामदारलाई खाद्यान्न वितरण गर्दै कतार रेडक्रिसेन्टका अधिकारीहरू ।**

■ **होम कार्की**

काठमाडौं- कतार रेड क्रिसेन्टले दयनीय अवस्थामा रहेका नेपाली महिलासहितका आप्रवासी कामदारलाई बिहीबार खाद्यान्न सहयोग गरेको छ । कतारस्थित युनाइटेड क्लिनिङ कम्पनीबाट तलब पाउन र घर जानबाट वञ्चित भएका ९० जना नेपाली महिलालाई रेड क्रेसेन्टले एक महिनालाई पुग्ने खाद्यान्न सहयोग गरेको हो । क्रिसेन्टले प्रतिव्यक्ति तीन सय रियालको भौचर कुपन दिएको हो ।

युनाइटेड कम्पनी धराशायी हुँदा कम्तीमा ५ सय नेपालीसहित २५ सय कामदारको रोजगारी गुमेको छ । कतार राष्ट्रिय मानव अधिकार समिति, अन्तर्राष्ट्रिय मुस्लिम समाज र नेपाल पत्रकार महासंघ, कतार शाखाको समन्वयमा पीडित कामदारलाई क्रिसेन्टले सहयोग गरेको हो ।

क्रिसेन्टले अलपत्र परेका १५० जना नेपाली पुरुष कामदारलाई पनि खाद्यान्न उपलब्ध गराउने तयारी गरेको छ । नेपाल पत्रकार महासंघ कतार शाखाका अध्यक्ष करिमबक्स मियाँका अनुसार क्रिसेन्टले दोस्रो चरणमा अलपत्र कामदारको स्वास्थ्य जाँच र तेस्रो चरणमा हवाई टिकटको प्रबन्ध मिलाएर उद्धार गर्ने तयारी भइरहेको बताए । युनाइटेड कम्पनीमा नेपालीसहित फिलिपिन्स, बंगलादेश, श्रीलंका र अफ्रिकी देशका नागरिक कार्यरत छन् । कम्पनीले कामदारलाई झन्डै पाँच महिनादेखि तलब भुक्तानी गरेको छैन । कतार सरकारको कालोसूचीमा परेको हुँदा अलपत्र कामदारको आवासीय अनुमतिपत्र (भिसा) नवीकरणसमेत भएको छैन । पीडितहरूले तलबसहित स्वदेश पठाइदिनका लागि कतारको श्रम विभाग र अदालतमा उजुरी दिएका छन् । पीडितले स्वदेश पठाइदिन वा अर्को कम्पनीमा काम गर्नका लागि 'रिलिज' दिलाइदिन नेपाली दूतावासलाई अनुरोध गरेको छ ।

यो कम्पनीमा गत वर्षको अगस्टबाटै समस्या सुरु भएको थियो । प्रोजेक्टअनुसार तलब भुक्तानीमा समस्या हुन थालेपछि अधिकांश नेपाली आफ्नै टिकटमा स्वदेश फिरिसकेका छन् । पहिला नै दूतावासमार्फत कतारी निकायमा गएका नेपाली कामदारले कम्पनीबाट 'रिलिज' लिएर अर्को कम्पनीमा काम गर्न थालिसकेका छन् । 'आर्थिक अवस्था कमजोर छ । तुरुन्तै नेपाल गए फेरि कतार फर्किनुपर्छ,' पीडित बुद्धिमाया तामाङले भनिन्, 'यहीं अर्को कम्पनीमा काम गर्न चाहन्छु ।' महिला कामदारलाई कतारको अलकिसा र एनखालिदस्थित क्याम्पमा राखिएको छ । पुरुष कामदारलाई सनैयामा राखेको छ । कतारका लागि नेपाली राजदूत रमेश कोइरालाले पीडितलाई न्याय दिलाउनका लागि भारत, बंगलादेशलगायत राजदूत मिलेर कतार सरकारसँग सामूहिक पहल भइरहेको बताए । 'कम्पनी सञ्चालकलाई पक्राउ गरिसकेको छ,' उनले भने, 'पीडितलाई छिट्टै तलब दिन कम्पनी तयार देखिएको छ ।'

दूतावासले सम्पर्कमा आएका कामदारलाई श्रम विभाग पठाएको छ । टिकट जुटाउन सक्ने केही कामदार भने स्वदेश फिर्न थालेका छन् । भिसाको म्याद नभएका कामदार खोज तथा अनुसन्धान केन्द्र (डिपोर्टेसन सेन्टर) बाट नेपाल आएका छन् । 'कम्पनी पहिलेको जस्तो अवस्थामा आउने स्थिति देखिएन । त्यहाँ रिलिज लिएर काम गर्ने अवस्था पनि देखिनँ,' नेपाल आइपुगेकी सञ्जु सुन्दासले भनिन्, 'भिसा नभएकाहरू केही आफ्नै खर्चमा सीआईडीमार्फत नेपाल फर्किएका छन् र फर्किने सुरमा छन् । 'मलाई टिकट सहयोग भएपछि स्वदेश फिर्न सफल भएँ ।'

आफ्नै खर्चमा फर्किनेहरू आफूले पाउनुपर्ने बाँकी तलब, पाउनुपर्ने अन्य सबै सुविधा त्यागेर फर्किएका हुन् । न्यायका लागि कतारको अदालत धाएर अदालतले पीडितका पक्षमा फैसला दिए पनि कम्पनीले फैसला कार्यान्वयन गर्ने क्षमता नभएको भन्दै पीडित कामदारले अर्को कम्पनीमा काम गर्ने वातावरण मिलाइदिनुपर्ने बताउँछन् । कम्पनीले उनीहरूलाई कतारका विभिन्न मन्त्रालय, प्रहरी, सेना, अदालत, बन्दरगाह, बैंक, निजी क्षेत्रका ठूला कार्यालयलगायत क्षेत्रमा सफाइ मजदुर र कार्यालय सहयोगीका रूपमा काम गर्न पठाउने गरेको थियो । यी निकायमा पुनः कम्पनीले टेन्डर नगरेपछि कामदारलाई तलब दिएर स्वदेश नपठाएको हो ।

## पत्रकार उपचार कोषमा सहयोग

हेटौंडा (कास)- पत्रकार महासंघ मकवानपुर शाखाले स्थापना गरेको पत्रकार उपचार कोषमा उद्योगी नवराज अर्यालले दुई लाख रुपैयाँ सहयोग गरेका छन् । उद्योग संघका अध्यक्षसमेत रहेका अर्यालले महासंघका अध्यक्ष तथा पत्रकार उपचार कोष संयोजक हरि हुमागाईंलाई चेक हस्तान्तरण गरे । अर्यालले आफ्ना बुबाआमा र आफन्तका नाममा सहयोग गरेको बताएका छन् ।

# बलेवामा राष्ट्रिय ध्वजावाहक

**कान्तिपुर संवाददाता**

बागलुङ- निजी कम्पनीले व्यावसायिक उडान सुरु गरेको सातापछि बलेवा विमानस्थलमा नेपाल एयरलाइन्सले पनि सेवा सुरु गरेको छ ।

बिहीबार काठमाडौंबाट १८ यात्रु बोकेर एनएको जहाज बलेवामा अवतरण गरेको हो । यसअघि तारा एयरलाइन्सले परीक्षण र व्यावसायिक उडान गरिसकेको छ । विमानस्थलको प्रशासनिक र सुरक्षा लगायतका कामले अपेक्षित गति नलिए पनि विमानले उडान भने सुरु गरेका हुन् ।

जहाज लिएर आएका क्याप्टेन पेम्बा शेर्पाले विमानस्थलमा खाल्डाखुल्डी सम्याउन आवश्यक रहेको बताए । तारबार नहुँदा घरायसी पशु र कुकुर छिर्ने समस्या हटाउनुपर्ने सुझाव पनि उनले दिए । काँडेतार लगाइएको भए पनि कुकुर, गाईबस्तु र अन्य जंगली जनावर छिर्ने गरेको प्रहरीले जनायो ।

'क्याप्टेन सापले दिनुभएको सुझाव ठीक हो, हामीलाई पनि यो चुनौती भएको छ,' इलाका प्रहरी कार्यालय बलेवाका प्रहरी सहायक निरीक्षक धनबहादुर थापाले भने, 'काँडेतारले मान्छेलाई मात्र रोक्छ, पशुलाई सकिन्न ।' १ हजार १ सय मिटर लामो धावनमार्गको वरिपरि सबै प्रहरी बस्न नसक्ने भएकाले तारबारलाई मसिनो प्वाल भएको तारले घेर्नुपर्ने उनले बताए ।

क्याप्टेन शेर्पाले पनि घाँसलाई नियमित काट्ने, ढुंगा वा अन्य वस्तु हटाउने र मैदानमा पर्न सक्ने प्वालबारे सचेत रहनुपर्ने सुझाव दिए । बिहीबार उनले जहाज अवतरणपछि धावनमार्ग पैदलै वारपार गर्दै त्यहाँ देखिएका समस्याबारे जानकारी गराएका हुन् ।

पोखरापछि बढी पानी पर्ने स्थान भएको र रातो माटोको मैदान भएकाले चिप्लिने जोखिमबारे उनले औंल्याएका थिए । नियमित जहाज सञ्चालनको अवस्था भएमा आगामी वर्ष भने नेपाल नागरिक उड्डयन प्राधिकरणले धावनमार्गलाई पक्की बनाउने आश्वासन दिइसकेको छ । हाल विमानस्थलमा यात्रीलाई मात्र प्रवेश दिने गरी घेरबार छैन । चाहेको समयमा जोसुकै छिर्न सक्ने भएकाले नियन्त्रण गर्न गाह्रो भएको हो । विमानस्थलमा यात्रीलाई जानकारी दिने विद्युतीय सामग्री पनि छैनन् । त्यस्तै तौल मेसिन र लगेज लैजाने बाटो व्यवस्थापन बाँकी नै छ ।



**बागलुङको बलेवास्थित विमानस्थलमा बिहीबार अवतरण गरेको नेपाल एयरलाइन्सको जहाज ।**
*तस्बिर : प्रकाश बराल*

**विमानस्थल प्रवेशमा कडाइ**

चितवन- भरतपुर विमानस्थलले यात्रुबाहेकका अन्य व्यक्तिलाई विमानस्थल प्रवेशमा कडाइ गर्न थालेको छ । विशिष्ट व्यक्ति आउँदा विमानस्थलको संवेदनशील क्षेत्रमा लाग्ने भीडले सुरक्षा संवेदनशीलता बढाएकाले वैशाख १ देखि कडाइ गर्न लागेको हो । भरतपुर विमानस्थलका प्रबन्धक पवनकुमार गौतमले अति विशिष्ट र विशिष्ट व्यक्तिको स्वागतमा अब सीमित व्यक्ति मात्र जान पाउने बताए । 'राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश र सभामुख आउँदा स्वागतका लागि १० जना मात्रै जान पाउने व्यवस्था मिलाउँदै छौं,' उनले भने, 'स्वागतका लागि जानेहरूको सुरक्षा जाँच हुनेछ । त्यसपछि मात्र उनीहरूले पास पाउनेछन् ।'

उपप्रधानमन्त्री, मन्त्री र पार्टीका केन्द्रीय पदाधिकारीलाई स्वागत वा बिदाइ गर्न विमानस्थलभित्र पाँच जना मात्रै जाने व्यवस्था मिलाएको गौतमले बताए । कार्यविधिका विषयमा जानकारी दिन विमानस्थल कार्यालयले बुधबार सर्वपक्षीय छलफल राखेको थियो ।

पार्टी प्रतिनिधिहरूले भने स्वागतका लागि जाने व्यक्तिहरूको संख्या बढाउन माग गरेका छन् । 'स्वागत तथा बिदाइका लागि १५ जनासम्म जाने व्यवस्था गर्दा उपयुक्त होला,' छलफलमा सहभागी कांग्रेस चितवनका सचिव राजीव न्यौपानेले भने ।

राष्ट्रिय मान्यता प्राप्त पार्टीका प्रमुख आउँदा पनि स्वागतका लागि विमानस्थलभित्र १० जनालाई छिर्न दिने कार्यविधिमा उल्लेख छ । यी बाहेकका भीआईपीहरूलाई बढीमा दुई जनाले मात्रै स्वागत गर्ने विमानस्थल प्रबन्धक गौतमले बताए ।

भीआईपी स्वागत तथा बिदाइका लागि विमानस्थल आउने व्यक्तिहरूको नाम सम्बन्धित पार्टीले भरतपुर विमानस्थल कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ ।

## उडान प्रभावित

संखुवासभा- तुवाँलोले तुम्लिङटार विमानस्थलमा हवाई सेवा प्रभावित भएको छ । नियमित उडान नहुँदा बिरामी हेलिकप्टर चार्टर गर्न बाध्य छन् । विमानस्थललाई तुवाँलोले ढाकेको छ । उडान नहुँदा हेलिकप्टर चार्टर गर्न बाध्य भएको बिरामीका आफन्तले बताए । बुधबार मात्रै खाँदबारी नगरपालिका ७ का ६५ वर्षीय नारायण चागापाईंलाई हेलिकप्टर चार्टर गरेर राजधानी लगिएको छ ।

उनी गोपालभगत मेमोरियल अस्पतालबाट रेफर भएका थिए । श्वासप्रश्वास सम्बन्धी समस्या देखिएको र जहाज आउने सम्भावना नभएपछि हेलिकप्टर चार्टर गर्नुपरेको छोरा अनुजले बताए । 'सडक सुविधा राम्रो छैन,' उनले भने, 'राजधानी पुर्‍याउन धुलाम्मे सडकबाट समस्या भयो । त्यसैले चार्टर गरें ।' हेलिकप्टर चार्टर गर्न ३ लाख लागेको उनले बताए । सुविधासम्पन्न विमानस्थल भए पनि मौसमको खराबीले नियमित उडान नहुँदा बिरामी मर्कामा परेका छन् । 'एयरपोर्ट वरिपरि बाक्लो तुवाँलो छ,' यती एयरका इन्चार्ज शेरबहादुर गुरुङले भने, 'घाम लागे पनि तुवाँलो हटेन । पानी नपरेसम्म तुवाँलो हट्ला जस्तो छैन ।'

मौसममा खराबी आएपछि बुद्ध, यति र सीता एयरलायन्सले बुधबार पनि उडान भर्न सकेनन् । उडान नहुँदा दैनिक सय बढी यात्रु अलपत्र पर्ने गरेका छन् । १ हजार ५ सय मिटर लामो धावनमार्ग कालोपत्रे भए पनि उडानका लागि भिजिबिलिटी कम छ ।

# भर्नाकै दिन विद्यार्थीले किताब पाउने

■ **सुदीप कैनी**

काठमाडौं- शिक्षा विभागले १० वर्षपछि पहिलोपटक भर्ना गरेकै दिन विद्यार्थीहरूको हातहातमा पाठ्यपुस्तक पुर्‍याउने दाबी गरेको छ । आगामी शैक्षिक सत्रका लागि ७७ वटै जिल्लाका सामुदायिक विद्यालयमा आवश्यक पाठ्यपुस्तक ९० प्रतिशतभन्दा बढी छपाइ सकिएको विभागका शैक्षिक सामग्री महाशाखाका प्रमुख देवीराम अर्यालले बताए । विद्यार्थी भर्ना तथा पाठ्यपुस्तकबारे जानकारी दिन मुद्रक र वितरकको समेत उपस्थितिमा विभागले बिहीबार पत्रकार सम्मेलन गरेको थियो ।

'विगतका वर्ष बेलैमा पुस्तक छाप्न नसक्दा विद्यार्थीले पाउँदैनथे, यसपालि समयमै छापेर वितरण केन्द्रहरूमा पठाउन थालेका छौं,' उनले भने, 'वितरणमा समस्या नभए भर्ना गरेकै दिन विद्यार्थीका हातमा नयाँ पुस्तक हुन्छ ।' स्थानीय तहबाट पाठ्यपुस्तकबापतको बजेट लिएर पुस्तक खरिद गर्न उनले विद्यालयहरूलाई निर्देशन दिए । जिल्ला शिक्षा कार्यालयहरूको साटो विभागले पहिलोचोटि कक्षा १ देखि १० को पुस्तक किन्ने रकम ७ सय ५३ वटै स्थानीय तहको खातामा पठाएको हो ।



५५ लाख ३० हजार ५ सय ३१ विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्न २ अर्ब २२ करोड २२ लाख २२ हजार रुपैयाँ स्थानीय तहका खातामा पठाइएको हो । यो वर्षबाट ४ र ५ कक्षाका विद्यार्थीले पनि रंगीन पाठ्यपुस्तक पढ्न पाउनेछन् । यसअघि १ देखि ३ कक्षामा मात्रै रंगीन पुस्तक थिए । कक्षा १ देखि ५ को रंगीन पाठ्यपुस्तक निजी र कक्षा ६ देखि १० को पाठ्यपुस्तक जनक शिक्षा सामग्रीलाई छाप्न दिइएको थियो । विभागका सूचीकृत १७ वटा पुस्तक छाप्ने जिम्मा पाएका निजी कम्पनीहरूले ३३ लाख ५ हजार ६ सय १४ विद्यार्थीका लागि एक करोड ६५ लाख २८ हजार ७० थान र जनक शिक्षाले २२ लाख २४ हजार ९ सय १७ विद्यार्थीका लागि एक करोड ९२ लाख ३९ हजार ६ सय ५६ थान पुस्तक छपाइ गर्नुपर्ने थियो । निजी कम्पनी र जनक शिक्षाका अनुसार १ देखि ५ कक्षाका लागि ५२ लाख ७८ हजार ७० थान पाठ्यपुस्तक मात्रै छपाइ गर्न बाँकी छ भने ६ देखि १० का लागि ३० लाख ९६ हजार ३ सय ६७ थान पुस्तक छाप्न बाँकी छ । जनक शिक्षाले निजी कम्पनी दुवैले चैत २५ भित्र पुस्तक छपाइ सक्ने जनाएको छ । अर्यालले भने, '२५ गतेभित्र किताब छापेर सकिन्छ, त्यसपछि वितरण केन्द्रहरूमा पठाएर वैशाख २ बाट विद्यालयमा पुग्छ ।'

शैक्षिक सत्रबाट विद्यार्थी भर्ना र पाठ्यपुस्तक वितरण अभियान सँगसँगै गरिने विभागका अनिवार्य शिक्षा शाखाका महानिर्देशक नरहरि अर्यालले बताए । यसपटकबाट सेटै पुस्तक छपाइ गर्ने अवधारणा ल्याइएका कारण विद्यार्थी अपूरो पुस्तक पाउने समस्याबाट समेत मुक्त हुने पाठ्यक्रम विकास केन्द्रका प्रमुख कृष्ण काप्रीले जनाए । जनक शिक्षाका प्रवक्ता चित्र आचार्यले बाँकी १० दिनमा सबै पुस्तक छपाइ गरेर वितरण केन्द्रहरूमा पठाइसकिने दाबी गरे ।



## सम्पादकीय

# सहरको स्वास्थ्य

**काठमाडौं उपत्यकामा केही वर्षयता डरलाग्दो गरी बढेको वायु प्रदूषणका कारण जनस्वास्थ्यमा गम्भीर असर परिरहेको छ। अस्पताल पुग्ने नाक, कान र घाँटीका बिरामी मात्रै २० प्रतिशतले बढेका छन्। छालाका बिरामीको चाप उत्तिकै बढेको छ। मापदण्डभन्दा धेरै गुणा बढी प्रदूषित वायुले नगरवासीको फोक्सोमा दीर्घकालीन असर पुर्‍याइरहेको छ। करिब आधा जनसंख्या पैदल हिँड्ने सहरमा भएको यो समस्याप्रति सरकार जसरी बेखबरजस्तै देखिन्छ, त्योचाहिँ उदेकलाग्दो छ। सम्पूर्ण सहरवासी प्रभावित भइरहेको धूलो, धूवाँको यो विकराल समस्या न्यूनीकरणका लागि राज्यका निकायहरूले यथाशीघ्र प्रभावकारी कदम चाल्न ढिलो भइसकेको छ।**

**प्रतिकूल वायुमण्डलीय अवस्थितिका कारण राजधानी खाल्डोको वायु प्रदूषण वहन गर्ने क्षमता यसै पनि कम छ। थोरै मात्र वायु प्रदूषण भए पनि उडेर आकाशतिर र उपत्यकाबाहिर सजिलै जान सक्दैन। त्यसमाथि, पछिल्लो समय जारी विकास गतिविधिका कारण अवाञ्छित प्रदूषणजन्य स्रोतको उपस्थिति बढिरहेको छ। थोत्रा तथा डिजेलबाट चल्ने गाडीले फ्याल्ने धूवाँको समस्या पुरानै हो, २०७२ सालको शक्तिशाली भूकम्पपछिको पुनर्निर्माण, बाटो विस्तार र मेलम्ची खानेपानी आयोजनाको पाइप बिछ्याउन सडक खन्ने कामले सहरलाई थप 'धुलोमान्डु' बनाएको छ। उपत्यकाभित्रका इँटाभट्टा र छेउछाउका सिमेन्ट फ्याक्ट्रीबाट निस्किएको धूलो, धूवाँ त छँदै थियो। यी सबै किसिमका प्रदूषणको मारमा यहाँका बासिन्दा परेका छन्।**

**उपत्यकामा पार्टिकुलेट म्याटर (पीएम) १० र २.५ को मात्रा ३ सय ५० माइक्रोग्राम प्रतिघनमिटरसम्म पुग्ने गरेको छ। जबकि, विश्व स्वास्थ्य संगठनले तोकेअनुसार २.५ पीएमको मापदण्ड १० माइक्रोग्राम प्रतिघनमिटर हुनुपर्छ। नेपाल सरकारले ४० माइक्रोग्राम प्रतिघनमिटर मापदण्ड निर्धारण गरेको छ। यस हिसाबले हेर्दा उपत्यकाको प्रदूषणको मात्रा सरकारी मापदण्डकै तुलनामा पनि झन्डै १० गुणाले बढी छ। यसलाई स्वास्थ्यका हिसाबले धेरै खराब स्थितिका रूपमा लिइन्छ।**

**यो स्तरको धूलो, धूवाँले बाल, वृद्ध, गर्भवती, पुरानो दमको समस्या भएका, क्षयरोगी, रोगविरुद्ध लड्ने क्षमता कम भएका र धूमपान गर्नेलाई बढी सताउँछ। यी समस्या भएकालाई यस्तो प्रदूषणका कारण बारम्बार रुघाखोकी लागिरहने, पिनास र टन्सिलाइटिस हुने, घाँटी र कानको संक्रमणले सताउने अनि दम तथा निमोनियाँ हुने सम्भावना अधिक हुन्छ। अरू अवस्थामा सामान्य रुघाखोकीलाई पनि धूलो, धूवाँले जटिल बनाइदिन्छ र समयमै निको हुँदैन। घाँटी खसखसाउने र नाक थुनिने पनि उत्तिकै हुन्छ। छाला र आँखाको समस्याले सताउँछ। मास्कले नछेक्ने धूलोका कणहरू सीधै फोक्सोमा पुग्ने भएकाले श्वासप्रश्वाससम्बन्धी समस्याहरू देखिन सक्छ। तसर्थ सहरको धूलो हटाउन ढिलाइ गरेर सरकारले जनस्वास्थ्यमाथि थप खेलबाड गरिरहनु हुँदैन। यस प्रदूषणका कारण लाग्न सक्ने रोगबाट बच्न सहरवासीले सडकमा निक्लँदा 'मेडिकेटेड मास्क' को प्रयोग गर्न आवश्यक छ। एउटा मास्क एक दिन मात्र प्रयोग गर्न मिल्छ। प्रयोग गरिसकेको कपडाको मास्क राम्ररी निर्मलीकरण गरेर मात्र अर्को दिन लगाउन सकिन्छ। तर, यस्ता मास्कले पनि आंशिक मात्र सुरक्षा दिने भएकाले सरकारले अविलम्ब समाधानका उपायहरू अपनाउनुपर्छ।**

**भूकम्पपछिका पुनर्निर्माणका कामलाई जतिसक्दो चाँडो टुंग्याउनुपर्छ। निर्माण सामग्रीलाई सडकमा यसै असरल्ल अवस्थामा राख्न रोक लगाइनुपर्छ। सडक विस्तारका काम छिटो-छिटो सक्नुपर्छ। खन्दै, भत्काउँदै र अलपत्र छोड्दै नगरेर थालेको काम तुरुन्त टुंग्याउनुपर्छ। मेलम्ची खानेपानी आयोजनाका लागि पाइप बिछ्याउन जसरी सहरभरि बाटो खन्ने काम भइरहेको छ, त्यसमा पनि पुनर्विचार गर्नुपर्छ। निश्चित स्थानमा सडक खनेर पाइप बिछ्याई पुनर्निर्माण सकेपछि मात्र अन्यत्र खन्नुपर्छ। यसो गरेमा एकपटक सबैतिरका जनता प्रताडित हुनुपर्दैन। सरकारको सबैभन्दा ठूलो कमजोरी भनेको अन्तरसरकारी निकायबीचको समन्वय अभाव हो। एउटै सडक विभिन्न समयमा फरक-फरक सरकारी निकायले आ-आफ्नो प्रयोजनमा खन्ने गर्दा धूलोको समस्या सदाबहार जस्तै बन्ने गरेको छ। सरकारी निकायबीच सही समन्वय हुने हो भने कुनै सडक एक पटक खनेकै बेला आवश्यक सबै काम हुन सक्थ्यो र जनताले घरीघरी दुःख पाइरहँदैनथे। र, दीर्घकालीन समाधानका रूपमा राजधानीका इँटाभट्टालाई अन्यत्र सार्नेतर्फ पनि सरकारले कदम चाल्नुपर्छ। अहिले सरकारसामु एउटै विकल्प छ, जनताको स्वास्थ्यलाई ख्याल गर्दै सहरको स्वास्थ्य सुधार्ने। त्यसका लागि अल्पकालीन र दीर्घकालीन उपाय अवलम्बन गरी धूलो, धूवाँ हटाएर बर्सेनि जनसंख्या बढिरहेको राजधानी सहरलाई बस्न लायक बनाउने।**

# अनुदार अनुहार र विश्व राजनीति

ध्रुव कुमार



भारतमा बीजेपीजस्ता चरम दक्षिणपन्थी असहिष्णुताको प्रतीक दलसित नेपालको 'वामपन्थी' सरकारको सम्बन्ध कतै अतिसार त हुने होइन भनी नेपालीहरू सशंकित छन्।

विश्व इतिहास ठूला शक्तिराष्ट्रहरू बीचको मेल, बेमेल, खटपट र द्वन्द्वले नै रगमगिएको छ। नरसंहारक युद्धको विभीषिका यिनै राष्ट्रहरूबीच द्वन्द्व विस्तारको कारण भएका छन्। हाम्रो विगतमा बिसौं शताब्दी स्वतन्त्र, लोकतान्त्रिक मुलुकको उदयसितै विनाशकारी विश्वयुद्धको विभीषिकाको नीति स्मरणीय रहेको छ। अर्को सम्भावित महासंग्रामको आशंकासितै जोडिएर आविष्कार गरिएको परमाणु अस्त्र र त्यसको होडबाजीले मानव सभ्यताको विध्वंस भने अझै रोकिएको छ। तर नरसंहार रोकिएको छैन। यो मानव इतिहासको बर्बरताको अकाट्य सन्दर्भ भएको छ।

एक्काइसौं शताब्दीको यो दुई दशक पनि युद्धग्रस्त रहेको छ। युद्ध सामग्रीको व्यापार बढेको छ। अमेरिका, बेलायत, फ्रान्स, रूस र चीनजस्ता विश्व शान्तिको लागि स्थापना गरिएको संयुक्त राष्ट्र संघको सुरक्षा परिषदका पाँच स्थायी 'भिटो' शक्तिराष्ट्रहरू नै हतियार व्यापारका अग्रणी राष्ट्र भएका छन्। यी मृत्युका व्यापारीहरूमध्ये निर्यातकर्तामा अमेरिकाको अंश ३४ प्रतिशत, रूसको २२ प्रतिशत, फ्रान्सको ६.७ प्रतिशत, चीनको ५.७ प्रतिशत र बेलायतको ४.८ प्रतिशत छ। अन्यमा जर्मनीको ५.८ प्रतिशत अंश आणविक अस्त्रले सुसज्जित फ्रान्स, चीन र बेलायतको भन्दा बढी छ। खरिदकर्ताहरू भने सम्भावित युद्ध रोक्नकै निम्ति वा युद्ध भएमा जित्नकै निम्ति अत्याधुनिक हतियार भण्डारण गर्दैछन्। हतियार थुपार्ने होडमा एसियाली राष्ट्रहरू अग्रपंक्तिमा छन्। त्यसमा भारत सबैभन्दा बढी हतियार भण्डारण गर्दैछ। तैपनि हतियारको हाहाकार भएको आवाज भारतीय सुरक्षाकर्मीहरूबाटै सुनिँदैछ।

युद्धको प्रकृति र प्रवृत्ति पनि फेरिएको छ। इराक लगायत अफगानिस्तान जस्ता राष्ट्रहरूमा लोकतन्त्र स्थापनाकै निम्ति अमेरिकाको अगुवाइमा युद्ध भयो। ती मुलुकहरू अझै युद्धबाट आक्रान्त छन्। अफगानिस्तानको युद्धमा हताहती अमेरिकी सेनाको संख्या भियतनाम युद्धको भन्दा कम भए पनि १७ वर्षपछि पनि अमेरिकाले युद्ध जित्नसकेको छैन। निर्वाचित सरकारको अवयव कायम गर्न सफल भए पनि युद्धकै आँकलन गर्दा गत ७ वर्षदेखि चर्केको सिरियाली गृहयुद्ध यमनमा बाह्य संलग्नताले विभत्सता निम्त्याएको छ भने रूसले क्रिमिया अधीनस्थ गरेपछि अमेरिका लगायत युरोपेली राष्ट्रहरूको रूससित बढ्दो तनावले शीतयुद्धकालीन अवस्थालाई नै झकझकाएको छ। पश्चिमी गोलार्धमा बढ्दै गएको द्वन्द्वात्मक अवस्थाले राष्ट्रपतिको चौथो कार्यावधिको निम्ति चुनिएका भ्लादिमिर पुटिन र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यकालमा अनिश्चितताको घेराबन्दीमा परेको छ। द्विपक्षीय सम्वादहीनतासितै ह्वाइट हाउसमा बढ्दो भाँडभैलो अनि विदेशमन्त्रीमा अनुदारवादी छविका माइक पोम्पिओ र राष्ट्रिय सुरक्षा सल्लाहकारमा कट्टरपन्थी जोन बोल्टनको नियुक्तिले अमेरिका र रूस बीचको सम्बन्ध धरापमा पर्ने निश्चित छ। सन् २०१६ को अमेरिकी राष्ट्रपतीय निर्वाचनमा रूसको संलग्नताको आशंकाले बढेको विद्वेषसितै ६० रूसी कूटनीतिज्ञहरूको देश निकालाले गर्दा यी दुई मुलुकबीच विश्वासको खडेरी परेको छ। यसैसित अमेरिकाको अन्तर्राष्ट्रिय छवि र प्रभाव खस्किएकै कारण उत्तर कोरिया र इरानसितको सम्बन्ध व्यवस्थापन कार्य दुष्कर हुने सम्भावना बढेको छ। यसो हुनुमा अमेरिकी राष्ट्रपतिसहित विदेशमन्त्री र राष्ट्रिय सुरक्षा सल्लाहकारमा व्याप्त असहिष्णुता कारक सिद्ध हुनेछ। अर्कोतिर यी तीनै बीचको मतैक्यताले गर्दा चीनसितको कथित 'व्यापार युद्ध' चर्किन सक्छ, जुन दुवैको निम्ति लाभप्रद नहुनुसितै विश्व अर्थतन्त्रको निम्ति नकारात्मक हुनेछ। अमेरिकी राष्ट्रिय सुरक्षा रणनीति रूस र चीन दुवै आतंकवादभन्दा बढी खतरायुक्त रहेको अवधारणामा आधारित छ। अमेरिकी सरकारी प्रतिनिधिहरूको ताइवान भ्रमणमा रहेको रोक हटाउनुले पनि चीनसितको तिक्तता बढाएको छ।

चिनियाँ राष्ट्रपति सी चिनफिङले तेह्रौं राष्ट्रिय जनकांग्रेसको समापन समारोहमा चीनको एक इन्च भूमि पनि टुक्रिन दिइने छैन र चीन 'हिंसात्मक युद्ध'को निम्ति तयार रहेको सन्देश दिनु ताइवानको स्वतन्त्रता र केही हदसम्म हङकङको लोकतान्त्रिक अभियान विरुद्ध भए पनि चीनसित सीमा विवाद रहेका अन्य मुलुकहरूको निम्ति पनि कडा चेतावनी रहेको छ। यसमा दक्षिण चीन सागरको विवाद चीनको निम्ति संवेदनशील रहिआए पनि अमेरिका र ताइवानबीच बढ्दो हिमचिम नै राष्ट्रपति सीको प्रतिक्रियाको मुख्य कारण रहेको बुझिन्छ। चीन र अमेरिकाबीच बढ्दो तनावकै बीच दक्षिण कोरिया र अमेरिकासित तय भएको वार्ता अघिनै उत्तर कोरियाली नेता किम जोङ उन बेइजिङ पुगी राष्ट्रपति सीसितको वार्तापछि प्योङयाङ फर्किसकेका छन्। उनले उत्तर कोरियाली सुरक्षा प्रवर्द्धन भएमा आणविक निशस्त्रीकरण गर्ने वचन दोहोर्‍याएका छन्। किमको बेइजिङ भ्रमणले पूर्वी एसियाली शान्ति प्रयासमा चीनको भूमिका उपेक्षा गर्न नसकिने तथ्य औंल्याएको छ।

यसैगरी दक्षिण एसियामा पनि आफ्नो उत्तरतिर साँध जोडिएको शक्तिशाली राष्ट्र चीनको भूमिकालाई नकार्न नसक्ने अवस्थामा भारत पुगेको छ। भलै उसको अमेरिकाजस्तो महाशक्ति राष्ट्रसित निकै घनिष्टतम सम्बन्ध रहेको किन नहोस्। यसको ज्वलन्त उदाहरण भारत सरकारको एक वरिष्ठ अधिकारीले 'आफ्नो प्राथमिक प्रभाव क्षेत्र रहेको दक्षिण एसियामा चीनजस्तो अन्य राष्ट्रहरूलाई उनीहरूको प्रभाव बढाउन रोक्न सक्ने विश्वासका दिनहरू अब रहेनन्' भनी राखेको विचार इन्डियन एक्सप्रेसले मार्च २८,२०१८ (१४ चैत २०७४) मा छापेको छ। यसैसित ४५ दिनपछि आपत्कालीन अवस्था हटाएको माल्दिभ्समा हस्तक्षेप गर्ने छैन भनी भारतले चीनलाई आश्वस्त पारेको समाचार छ। चीनको लागि भारतका नयाँ राजदूत गौतम माम्वाबाले यही शनिबार हङकङस्थित साउथ चाइना मर्निङ पोष्ट पत्रिकालाई भारतको चीनसित द्विपक्षीय सम्बन्धको अति गम्भीर समस्या नै रेखांकन नभएको सीमा रहेको छ। तर हामी चीनलाई विकास र प्रगतिको साझेदार मान्छौं' भनेका छन्। यी तथ्यबाट भारतले चीनसित व्याप्त असमझदारी हटाई सम्बन्ध सामान्यीकरण गर्न कस्तो पहल गरिरहेको छ भनी बुझ्न सकिन्छ। यसमा भारतीय विदेश मन्त्रालयको सक्रियता सराहनीय रहेको छ।



गत फेब्रुअरी २२ मा भारतीय विदेश सचिव विजय गोखलेले चीन जानु एक दिनअघि सरकारका क्याविनेट सचिव पी.के. सिन्हालाई दलाई लामा तिब्बतबाट भारतको निर्वासनमा आएको ६० औं वार्षिकोत्सव समारोह आयोजना गरिने समय भारतको चीनसित सम्बन्धको सन्दर्भमा संवेदनशील भएकोले सरकारी स्तरको प्रतिनिधित्व रोक्न अनुरोध पत्र लेखेका थिए। त्यही अनुरोध अनुरूपको निर्देशनपत्र क्याविनेट सचिव कार्यालयबाट सबै सरकारी निकायहरूलाई प्रेषित गरिएको समाचार प्रकाशित भएको छ। यस्तै निर्देशन ठिक एक दशकअघि मनमोहन सिंह नेतृत्वको कांग्रेस गठबन्धन सरकारको क्याविनेट सचिवले पनि जारी गर्दै गान्धी पिस फाउन्डेसनले दलाई लामाको सम्मानार्थ आयोजना गरिने समारोहमा भाग लिनबाट सरकारी निकायका अधिकारीहरूलाई बर्जित गरेको थियो। (इन्डियन एक्सप्रेस, नोभेम्बर ४, २००७)। त्यसैगरी चीनको सम्वेदनशीलतालाई मध्यनजर गर्दै भारतको प्रतिरक्षा मन्त्रालय अन्तर्गतको प्रतिरक्षा अध्ययन र विश्लेषण संस्थान (आईडीएसए) ले १९९९ देखि लगातार आयोजना गरिआएको एसियन सेक्युरिटी डाइलगको नयाँ शृंखला 'इन्डिया एन्ड चाइना इन एसिया : मेकिङ अफ ए न्यु इक्युलिब्रियम' शीर्षकको अन्तर्राष्ट्रिय गोष्ठी एकाएक खारेज भयो।

गतवर्ष २०१७ दलाई लामाकै अरुणाञ्चल प्रदेशको भ्रमणले गर्दा डोकलाङमा युद्धोन्मुख तनाव निम्तिएपछि भारत र चीन सम्बन्ध समस्याग्रस्त वर्ष रहे पनि द्विपक्षीय व्यापार प्रवर्द्धन त्यसको अघिल्लो वर्षभन्दा बढी भएको थियो। भारतको प्रमुख व्यापारिक साझेदारको रूपमा रहेको चीनसित व्यापार २०१७ मा ८४ अर्ब डलर नाघेको छ। भारतको पूर्वाधार विकास योजनामा गतवर्ष मात्र चीनको लगानी ८ अर्ब डलर नाघेको छ। एसियन इन्फ्रास्टक्चर बैंकबाट १ अर्ब डलरभन्दा बढी ऋण सहयोग लिने राष्ट्र भारत नै भएको छ। चीनसित भारतको सम्बन्ध नोकरशाह प्रवृत्तिकै कारण बिग्रेको तथ्य पनि खुलेको छ। तर वाणिज्य व्यापारको बढोत्तरीले मात्र सम्बन्ध स्थिर नरहने तथ्य चीन-अमेरिकाको व्यापार युद्धले देखाएको छ। यसको मूलभूत कारण चीनसित अमेरिकाको ३७५ अर्ब डलरको व्यापार घाटा नै अभिशाप सिद्ध भएको छ। भारतको चीनसित व्यापार घाटा ५२ अर्ब डलर पुगेको छ। यही अप्रिल १३-१४ मा बेइजिङमा 'चीन-भारत आर्थिक सम्वाद' हुँदैछ। अप्रिलको तेस्रो हप्ता भारतीय विदेशमन्त्री सुष्मा स्वराज बेइजिङ पुग्नेछन्। र महिनाको अन्त्यतिर भारतीय प्रतिरक्षा मन्त्री निर्मला सिथारमनले चीनको यात्रा गर्नेछन्। जूनमा संघाई को-अपरेसन अर्गनाइजेसन (एससीओ) को सम्मेलनमा भाग लिन प्रधानमन्त्री नरेन्द्र मोदी चीन पुग्नेछन्। सम्बन्ध बिथोलिने आशंकाकै कारण भारतमा चीन विषयक गतिविधि रोकिएको छ। भारतलाई चीनको महत्ताको आँकलन यसैबाट गर्न सकिन्छ। यसकारण राष्ट्रपति सीलाई मोदीले बधाई दिएका छन्।

माल्दिभ्समा हस्तक्षेप नगर्ने जानकारी चीनलाई दिनुले साना छिमेकीहरूमाझ भारतको विडम्बनापूर्ण स्थिति उजागर भएको छ। विश्व समुदायमा आफूलाई ठूलो शक्तिराष्ट्रको रूपमा प्रस्तुत गर्न नहच्किने भारतीय नेतृत्व वर्गको असमञ्जस्यताले शक्तिराष्ट्रले गर्ने व्यवहार प्रदर्शन गर्न नसक्दा केही गर्न नसक्ने अवस्थामा पुग्दा साना छिमेकीसामु आफ्नो छवि धमिलिएर जाने तर हस्तक्षेपकारी नीति अख्तियार गरे पनि छिमेकीहरू झन् चिढिने र टाढिने सम्भावनाबीच भारतीय नीतिज्ञहरू रणभुल्लमा परेका छन्। सारांश के भने चीनले आफ्नो नीतिगत उद्देश्य हासिल गर्न सफल भएको सन्दर्भमा भारतले क्षेत्रीय राजनीतिमा समेत आफ्नो मूलभूत हित संरक्षण गर्न असफल रहेको माथि उल्लेखित भारतीय विशिष्ट अधिकारीको स्वीकारोक्तिले स्पष्ट हुन्छ।

भारतले आफ्नो हित संरक्षण गर्ने सहज उपाय परम्परागत नीतिको पुनरावलोकन गर्दै 'रिसेट' गर्ने पहलमा छिमेकको शक्तिहीन तर सामरिक दृष्टिले अति नै महत्त्वपूर्ण मुलुक नेपालसितको सम्बन्ध सुधार्न पनि आतुरता देखाएको छ। निर्वाचन जिती सर्वाधिक सफलता हासिल गरेका एमाले अध्यक्ष केपी शर्मा ओलीलाई टेलिफोनद्वारा बारम्बार बधाई दिनुसितै भावी प्रधानमन्त्री भन्दै भारत भ्रमणको निम्तो दिनु अनि कूटनीतिक मर्यादा कुल्चेरै भए पनि विदेशमन्त्री सुष्मा स्वराजलाई ओली भेट्न काठमाडौं पठाउनाले नीतिगत विचलन प्रतित भए पनि भारतीय स्वार्थ नै सर्वोपरी रहेको पुष्टि गर्छ। तर यो निम्छरो व्यवहारले भारतप्रति नेपालीहरूको धारणा सकारात्मक हुनसकेको छैन। भलै प्रधानमन्त्री ओली भारतले तोकेकै मितिमा राजकीय भ्रमणको निम्ति नयाँदिल्ली पुग्लान्। नेपालसित अति विशिष्ट सम्बन्ध रहेको देखाउन प्रधानमन्त्री ओलीलाई भारतका प्रधानमन्त्री मोदीले यसपटक कसरी स्वागत गर्नेछन्, त्यो हेर्न बाँकी नै छ : इजरायली प्रधानमन्त्री नेतन्याहुलाई जसरी वा फ्रान्सेली राष्ट्रपति माक्रोँलाई जसरी वा क्यानाडेली प्रधानमन्त्री ट्रुडोलाई जस्तैगरी वा नेपालका तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईलाई जसरी ! इजरायल र फ्रान्ससित भारतको सम्बन्ध हतियारको पैठारी र विशेषगरी फ्रान्स र भारतबीच हिन्द महासागर क्षेत्रमा सामरिक सहकार्यमा आधारित रह्यो भने क्यानडामा रहेका शिख पृथकतावादीहरूसित ट्रुडोको सम्बन्धको कारण प्रभावित भयो। नेपालसितको सम्बन्धमा भारतको प्राथमिकता हलेदो भनेपछि कोट्याउनुपर्ने अवस्थामा हामी छैनौं। प्रधानमन्त्री ओलीले मंगलबार विश्व समुदायलाई सम्बोधन गर्दै नेपालको नीति र प्राथमिकताहरूमध्ये राष्ट्रियतालाई सर्वोपरी राखेका छन्। जस अनुसार राष्ट्रिय स्वार्थमा कुनै सम्झौता नगरिने उनले भनेका छन्।

आपसी विश्वास नै अक्षुण्ण सम्बन्धको कडी भएको भावनासहित ओली नयाँदिल्ली जाँदैछन्। तर पाकिस्तानका प्रधानमन्त्री अब्बासको नेपाल अवतरण भारतलाई पचेको छैन। सार्क सम्मेलनप्रति चासो र द्विपक्षीय सम्बन्धमा मात्र सीमित नभई चीनसितको बीआरआईमा नेपालको सहभागिता र उपयोगिताबारे अब्बासले चर्चा गरेकोमा ओली शंकाको घेरामा परेका छन्। भारतमा बीजेपीजस्ता चरम दक्षिणपन्थी असहिष्णुताको प्रतीक दलसित नेपालको 'वामपन्थी' सरकारको सम्बन्ध कतै अतिसार त हुने होइन भनी नेपालीहरू सशंकित छन्। तर द्विपक्षीय सम्बन्ध सधैं एकनाशको हुँदैन भन्ने तथ्य हामीले बिर्सनु हुँदैन। जसरी युद्धोन्मुख भनिएको भारत-चीन सम्बन्ध सामान्यीकरणतिर अघि बढ्दैछ। नेपालले पनि विकसित परिस्थिति कसरी आफ्नो राष्ट्रिय हित अनुकूल पार्न सकिन्छ भनी गम्भीर हुनुपर्ने अवस्था आएको छ।

## पाठक मञ्च

### बिदा कटौती स्वागतयोग्य

सरकारले गरेको सार्वजनिक बिदा कटौती स्वागतयोग्य छ। तर विश्वमा मुख्य धर्मले चिनिने इसाई, इस्लाम, हिन्दु र बौद्ध छन् र मुख्य चाडपर्वमा विश्वभरि सार्वजनिक राष्ट्रिय बिदा दिनेहरू गरिन्छ। इस्लाम धर्मको सन्दर्भमा, विश्वभरि अन्तिम सन्देष्ट मोहम्मद (स.) को जन्मजयन्ती, इदउलफित्र (इद) र इदउलअजहा (बक्रिद) मा कहीं एक दिन वा दुई दिनसमेत दिइरहेको देखिन्छ। तसर्थ यसतर्फ ध्यान दिन जरुरी छ।

**– हाशिम अन्सारी**
*राजविराज, सप्तरी*

### विश्वविद्यालयको विश्वसनीयता

प्रदेश नं. २ मा रहेका त्रिभुवन विश्वविद्यालयका नाम चलेका आंगिक क्याम्पसमा खुलेआम चिट चोरी हुने कार्य हुने गरेको तथ्य बाहिर आइसकेको छ। जनकपुरको रारा, वीरगन्जको ठाकुरराम, सिरहाको सत्यनारायण-सूर्यनारायण र राजविराजको महेन्द्र विन्देश्वरी क्याम्पसहरूमा चोरी हुने र परीक्षा अमर्यादित हुने गरेको निष्कर्ष त्रिविको अनुगमन टोलीले नै निकालेको हो। कतिपयमा क्याम्पस प्रमुखहरूकै निर्देशनमा चोरी गराएको पाइएको छ। त्रिविका आंगिक क्याम्पसहरूको हालत यस्तो छ भने प्रतिस्पर्धा उच्च हुने र व्यापारिक कम्पनीका रूपमा खोलिएका निजी र सामुदायिक क्याम्पसहरूको हालत कस्तो होला ? यस्ता कुरालाई खुलेआम प्रश्रय दिने हो भने विश्वविद्यालयको विश्वसनीयता कति हुने ?

**– तुलसीराम खरेल**
*विर्तामोड, झापा*

### निर्माणाधीन सडकले सास्ती

प्रदेश नं. ५ को नवलपरासी-नारायणचौक निर्माणाधीन सडक खण्डमा सर्वसाधारणले दैनिकजसो सास्ती खेपिरहेका छन्। नवलपरासी जिल्ला सदरमुकाम जोड्ने महत्त्वपूर्ण सडकखण्ड निर्माणको जिम्मेवारी पाएका ठेकेदारको गैरजिम्मेवारीले सर्वसाधारणले सास्ती खेप्नुपरेको हो। काम छिटो सक्ने बहानामा ठेकेदारले सडक भत्काए पनि काम पूरा गर्नतर्फ ढिलासुस्ती गरेको देखिन्छ। अहिलेको सडकको धुलोले सर्वसाधारण आजित बनेका छन्। बच्चा र वृद्धहरूको श्वास-प्रश्वासमा प्रतिकूल असर परेको छ। सडक वरपर बसोबास गर्ने सर्वसाधारण र सदरमुकाम नवलपरासीदेखि त्रिवेणी आवत-जावत गर्ने यात्रु बढी मर्कामा परेका छन्। निमार्ण कम्पनीले निर्माणाधीन सडकमा पानी छर्कनुपर्ने भए पनि अटेरी गर्दै आएको छ। सडक बनाउँदा सर्वसाधारणको स्वास्थ्यमा खेलवाड गर्नु हुँदैन। सडक डिभिजन कार्यालय नवलपरासीले तोकिएको मितिमा काम सम्पन्न गर्न ठेकेदारलाई ताकेता गरेको जनाएको छ। यस विषयमा सम्बन्धित निकायका साथै बर्दघाट नगरपालिका, सरावल गाउँपालिका र रामग्राम नगरपालिकाको ध्यानाकर्षण हुन जरुरी छ।

**– लक्ष्मण आचार्य**
*बर्दघाट- १३, नवलपरासी*

### धुलाम्य राजधानीमा हैरानी

जसले जेसुकै तर्क गरे पनि काठमाडौंका बासिन्दाको स्वास्थ्य अहिले गम्भीर जोखिममा परिसकेको छ। स्वास फेर्ने अयोग्य वातावरण भएको सहर बनेको छ, काठमाडौं अहिले। तर पनि हामी बाध्य छौं, काठमाडौंको दैनिकी गुजार्न। काठमाडौंका सडकहरूमा हिँड्ने जोसुकैले पनि मास्क प्रयोग गर्नुको विकल्प छैन। काठमाडौंभित्र अहिले सडक र खानेपानी विस्तारको कामले बिगारिएका सडक अलपत्र छाडिनाले काठमाडौंको आकाश धुलाम्य भएको छ भने बाटो हिँड्नेको स्वास्थ्य दिन-प्रतिदिन खस्कँदो छ। यसतर्फ सरकारले ध्यान दिएको खोइ ? सडकमा ट्राफिक व्यवस्थापनमा खटिएका प्रहरी र मोटरसाइकलमा दैनिक यात्रा गर्नुपर्ने नागरिकले त झनै यो धुलोधुवाँबाट सास्ती खेप्नुपरेको छ। त्यसैको परिणाम हो- नाक, कान, घाँटीका बिरामी २० प्रतिशतले बढ्नु। देशकै राजधानीको यो हालतले विदेशी पर्यटकहरूलाई पनि नकारात्मक असर गरिरहेको छ।

केही समय अगाडि तत्कालीन जनसंख्या तथा वातावरण मन्त्री लालबाबु पण्डितले एक वर्षभित्र धूलो, धूवाँरहित काठमाडौं बनाउने घोषणा गरे, तर त्यसका लागि अहिलेसम्म कुनै ठोस कदम चालिएको सुनिएन। मेलम्ची खानेपानी आगामी दसैंसम्ममा काठमाडौं भित्रिने गरी काम पूरा हुने भनिएको छ, तर अहिलेसम्म सडक भत्काएर पाइप राख्ने काम सकिएको देखिँदैन। एउटाले सडक बनाउँछ, अनि अर्कोले भत्काउन थाल्छ, अर्कोले काम सक्छ, अनि अर्कोको पालो। सरकारी कार्यालयहरूबीच नै तालमेल नहुने काठमाडौंभित्रको सडकको बेथिति हो यो। अनि कसरी हुन्छ, वातावरण स्वच्छ ? धूवाँ, धूलो लगायत प्रदूषणको काठमाडौंका भित्री सडक र चक्रपथ क्षेत्रमा विशेष समस्या रहेकामा अहिले कीर्तिपुरको विश्वविद्यालय परिसरमा पनि यो समस्या सरेको छ। ढल व्यवस्थित गर्ने भनेर विश्वविद्यालय भित्रको बाटो पनि भत्किन सुरु भइसकेको छ। दैनिक धूलो र प्रदूषणको सिकार बन्नुपर्ने पालो अब सरुवा रोगझैं यतायता सर्दै आउँदैछ। वातावरण संरक्षणमा सम्बन्धित पक्षको चाँडो ध्यान जाओस्।

**– नोदनाथ त्रिताल र दिनेश श्रेष्ठ**
*त्रिवि, कीर्तिपुर*

■●■

कान्तिपुरमा प्रकाशित 'प्रत्येक श्वासमा जोखिम' पढ्दा नै दुःख लाग्यो। भोग्नेलाई झन् कति पीडा छ, त्यसै बुझ्न सकिन्छ। काठमाडौंको धुलोले ६० वर्ष बाँच्ने नेपालीको आयुलाई ४० वर्षमा झारिसक्यो। काठमाडौं गर्मीमा धुलाम्य, वर्षातमा हिलाम्य हुने



गरेको छ। विकासको नाममा काठमाडौंको वातावरणलाई प्रदूषित बनाइएको धेरै भैसक्यो। तर वर्षैपिच्छे फेरिने सरकारले धूलो, धूवाँको प्रदूषण हटाउन कुनै वैकल्पिक उपाय व्यवस्था गर्नसकेको छैन। प्रदूषणले जनस्वास्थ्यमा पारेको असरप्रति कसैको चिन्ता र चासो देखिँदैन। के यस्तै पाराले बन्ला त समृद्ध मुलुक ? धूलो, धूवाँ र हिलोको सकसमा राजधानीवासीले कतिन्जेल र कसरी जीवन चलाउने ? तसर्थ राजधानीको प्रदूषण नियन्त्रणमा सरकारले बेलैमा समाधान गरोस्।

**– राजेश विद्रोही**
*लहान, सिरहा*

■●■

दुई दशक अघिसम्म यदाकदा राजधानीका अस्पताल पुगेका बेला डाक्टरहरूले मुखमा माक्स लगाएको देख्दा अचम्म लाग्थ्यो र मनमनै सोचिन्थ्यो, 'ए डाक्टर भएपछि मुखमा माक्स लगाउनुपर्ने रहेछ।' तर अहिले माक्स नलगाई मानिस हिँड्न, बोल्न, काम गर्न नसक्ने परिस्थिति बनेको छ। राजधानीमा धुलो र धुवाँको व्यापकता केही वर्षअघि सडक विस्तार गर्ने नाममा भत्काइएका संरचनाका कारण भएको हो। उपत्यका प्राधिकरणले सडक मिचेर बनाइएका र सडक संहिता पालना नगर्नेहरूका नाममा सडक छेउका घरहरू अन्धाधुन्द भत्कायो। कतिका बलपूर्वक भत्काइए त कतिका सल्लाह मुताविक भत्किए। तर भत्काएर असरल्ल छाडिएका निजी घरजग्गाका केही स्थानमा व्यवस्थित तवरले अर्को संरचना तयार भएनन् भने सार्वजनिक सडक पर्खाल ढल निर्माणमा ढिलाइ भयो। त्यसैले राजधानीलाई धुलाम्य वातावरणले गाँज्यो। त्यसैको सेरोफेरोमा भूकम्प गइदियो। त्यसैले मानवीय क्षतिमात्र गरेन, भौतिक संरचनाहरू पनि भत्काइदियो। यस्तै मेलम्ची खानेपानी आयोजनाले सडकको बीच भाग 'अपरेसन' गरेर पाइप विछ्याउने काम गर्‍यो। त्यसक्रममा भत्काइएको सडक पिच गर्ने काम पनि ढिला हुनगयो। जसको फलस्वरूप राजधानीमा माक्स लगाउनेको संख्या बढ्दै गयो।

**– श्यामसुन्दर कुइँकेल**
*हाँडीगाउँ, काठमाडौं*

■●■

धूलोकै कारण काठमाडौंमा नाक, कान र घाँटीका बिरामी २० प्रतिशतले बढेका रहेछन्। यसैको कारणले श्वासप्रश्वासका बिरामीमा कष्ट झनै बढेको छ। मास्कले अनुहार छोप्दा सबै अनुहार उस्तै-उस्तै देखिन्छन्। हाल काठमाडौंको वायु धेरै खराब अवस्थामा पुग्नुले सरकारले राजधानीवासी नागरिकको स्वास्थ्यप्रति देखाएको बेवास्तालाई प्रमाणित गर्छ। वायु प्रदूषणले काठमाडौंवासीको दैनिकीलाई मात्र प्रभावित गरेको छैन, काठमाडौंको सौन्दर्यलाई समेत बिगारिरहेको छ। सरकारी, गैरसरकारी, समुदाय र व्यक्ति सबैको प्रयासमा राजधानीलाई वायु प्रदूषणबाट जतिसक्दो छिटो उद्धार गर्नुपर्ने जरुरी देखिन्छ।

**– महेन्द्रसिंह बम**
*टीकापुर- १, कैलाली*

■●■

राजधानी भन्ने बित्तिकै सबैले सोच्छन्- सफा, हराभरा, सरर मोटर गुड्ने बाटो। तर काठमाडौंमा यसको विपरीत अवस्था छ। बाटो विस्तारका नाममा जताततै घर भत्काएर असरलै छाडिएको छ। मेलम्ची खानेपानीले पाइप बिछ्याउन भत्काएको बाटो धेरैतिर बनाइएको छ। जता गयो, धूवाँ र धूलोमात्रै। मास्क नलगाई घरबाट बाहिर निक्लन सकिने अवस्था छैन्। वर्षौंदेखि धूलोले आक्रान्त जनताले राहत कहिले पाउने हुन् ? हिजोसम्म जनप्रतिनिधि नभएर विकासका काम हुनसकेनन् भन्ने गरिन्थ्यो। तर स्थानीय तहमा जनप्रतिनिध बहाल भएको यतिका महिना बितिसक्यो। विकासको काम गर्न उनीहरूलाई केले रोकेको छ, अहिले ? कम्तीमा भत्किएका बाटो पिचमात्र गरेको भए पनि धूलो त उड्न कम हुन्थ्यो। जताततै घर भत्काएर मात्र भएन, पहिला भत्काएको ठाउँमा बनाउनुपर्‍यो। हरेक ठाउँमा घर भत्काएर त्यतिकै छाडिएको छ। पानी परे हिलो, घाम लागे धूलो। यो अवस्था कहिलेसम्म रहने हो ?

**– पुरुषोत्तम घिमिरे**
*जोरपाटी, काठमाडौं*

### शिक्षकको अनशन हास्यास्पद

लामो समयसम्म अध्यापन गरेका तर स्थायी हुने अवसर नपाएका शिक्षकहरूको पेसागत सुरक्षाका लागि शिक्षा मन्त्रालय नै लागिपरेको छ। अस्थायी शिक्षकहरूलाई स्थायी गर्न शिक्षा सेवा आयोगले यही चैत २३ गते लिखित परीक्षा सञ्चालन गर्ने तयारी गर्दैछ। परीक्षामा २२ हजार ७६ पदका लागि २३ हजार २ सय ८६ अस्थायी शिक्षक सहभागी हुँदैछन्। एकातिर पेसागत स्थायित्व नभएसम्म उनीहरूको अध्यापनतर्फ आत्मबल गिरिरहन्छ भने अर्कोतर्फ अयोग्य व्यक्ति शिक्षक बन्नु भनेको हजारौं विद्यार्थीको भविष्यमाथि खेलवाड गरिनु हो। यस विषयमा विभिन्न तवरका तर्कवितर्क पनि आए। तर शिक्षा ऐनलाई संशोधन गरेर अस्थायी शिक्षकहरूलाई स्थायी हुने अवसर दिने सरकारको सदाशयता देखाएको छ। यसलाई सबै अस्थायी शिक्षकले आत्मसात् गर्नु जरुरी छ। तर केही शिक्षक परीक्षा नै नदिई स्थायी हुन पाउनुपर्छ भन्ने माग गर्दै आमरण अनशन बसेका छन्। यो आफ्नो क्षमता मापन गर्ने हैसियत पनि नराखी काँतरपन देखाउनु हो। २२ हजार ७६ पदमा पनि छनोट हुन नसक्ने उम्मेदवार शिक्षक पदमा कसरी योग्य सावित हुनसक्छ ?

**– शिवलाल धिताल**
*लेकसाइड, पोखरा*

■●■

भनसुन र सेटिङका भरमा अस्थायी शिक्षक नियुक्ति गरिएका थिए। उनीहरूलाई स्थायी बनाउन परीक्षालाई सहज पार्ने र फेल भए सुविधासहित बिदा गर्ने सहमति बन्यो। फेरि त्यतिले नपुगेर स्वतः स्थायीको माग आएको छ। यसले शिक्षक जागिर खुल्ने आसमा बसेका हामी विद्यार्थीले के भन्ने ? समृद्धि भनेको पहुँचवालाहरूकै संरक्षणमात्रै हो र ? नयाँ नेपालको नयाँ र आधुनिक शिक्षाको सुरुवात खोइ ?

**– सुरेश खतिवडा**
*सुकुना बहुमुखी, मोरङ*

### बेरोजगार भत्ता जरुरी

देशमा अहिले सबभन्दा विकराल अवस्था शैक्षिक बेरोजगारको छ। स्नातकोत्तर परीक्षा उत्तीर्ण गरेका व्यक्तिहरू पनि शैक्षिक प्रमाणपत्र बोकेर कामको खोजीमा भौंतारिरहेको देखिन्छ। युवा वर्ग भनेको देशको भविष्य हुन्। युवाकै कारण देशमा ठूलठूला राजनीतिक परिवर्तन भएका छन्। अहिले यिनै युवालाई सरकार सञ्चालनमा बसेका नेताहरूले अनदेखा गरेका छन्, जुन अत्यन्त दुःखदायी छ। त्यसैले सरकारले शैक्षिक बेरोजगार युवालाई बेरोजगार भत्ताको व्यवस्था गर्नुपर्छ।

**– सञ्जीव वैद्य**
*सिनामंगल, काठमाडौं*

### गीत चोरी लज्जास्पद

कला क्षेत्रमा आबद्ध कलाजीवीहरू सिर्जनशील हुन जरुरी हुन्छ। तर कला र यसको गरिमा अनि महत्त्वबारे परिपक्व ज्ञान नहुँदा केही समययता कला क्षेत्रभित्र नै द्वन्द्व सिर्जना भएको छ। यसले नेपाली कला क्षेत्रलाई नै बदनाम तुल्याएको छ। यो हामी सबै कलाकर्मीका लागि दुर्भाग्य हो। सन्दर्भ 'उकालीमा अघि-अघि' बोलको गीतको हो। नेपाली चलचित्र सम्झनाको यो गीत अर्को नेपाली चलचित्र 'कृ'मा बिना अनुमति व्यावसायिक उद्देश्यले प्रयोग गरिँदा उत्पन्न घटना लाजमर्दो हो। यो विषयलाई क्षतिपूर्ति तिराएर मेलमिलाप गराइए पनि कालान्तरमा यस किसिमका घटना पुनः नदोहोरियोस् भनेर ध्यान दिनुपर्छ। 'उकालीमा..' गीत विवादित हुने स्थिति सिर्जना हुनुमा मुख्य दोषी 'ट्युनिङ' नक्कल गर्ने र शब्द पनि दुरुस्तै सार्ने अल्मोडा राणा उप्रेती देखिन्छन्। अनुसन्धान गर्नकै लागि थियो भने प्रहरीले पहिले अल्मोडालाई पक्राउ गर्नुपर्थ्यो। उनी यसअघि पनि गीत चोरीको आरोप लागिसकेका पात्र हुन्। र यो घटनामा पनि सजायको पहिलो भागिदार उनी नै हुनुपर्ने हो। त्यसपछि 'ओरिजिनल' गीतका सर्जकसँग अनुमति नलिई आफ्नो चलचित्रमा व्यावसायिक उद्देश्यले प्रयोग गर्ने पात्र दोषी हुन्।

**– नवीन गुरुङ**
*लेखक, निर्देशक तथा निर्माता*

# सेयर बजारका सवाल



डा. गुणाकर भट्ट

नोबल पुरस्कार विजेता अर्थशास्त्री रबर्ट सिलरले सम्पत्तिको मूल्यमा देखिने फोकालाई सामाजिक प्रवृत्तिको रूपमा चित्रण गरेका छन्। 'इर्‍यासनल इग्जुबरेन्स' नामक पुस्तकका लेखक अर्थशास्त्री सिलरले पहिलोपटक सन् २००० मार्चमा यो पुस्तक सार्वजनिक गरेका थिए। संगोगवश यो पुस्तक सार्वजनिक भएको महिनामै संयुक्त राज्य अमेरिकामा डट कम बबल क्र्यास भएको थियो। सूचना प्रविधिसँग सम्बन्धित कम्पनीहरूको सेयरको मूल्यमा आएको ठूलो गिरावटलाई नै डट कम बबल क्र्यास भन्ने गरिन्छ। इन्टरनेटको प्रयोग बढेसँगै प्रविधिसँग सम्बन्धित कम्पनीका सेयरहरूको माग बढेको, त्यसै क्रममा सेयरको मूल्य अत्यधिक माथि गइरहेको र यो जुन कुनै समयमा विस्फोट हुनसक्ने विषयलाई अर्थशास्त्री सिलरले तार्किक ढंगमा प्रस्तुत गरेका थिए। 'इर्‍यासनल इग्जुबरेन्स' को सन् २००५ मा प्रकाशित दोस्रो संस्करणमा हाउजिङ मार्केटमा देखिएको बबललाई उद्धरण गर्दै उनले औसतमा संयुक्त राज्य अमेरिकामा मुद्रास्फिति समेत समायोजन गरिसकेपछिको घरको मूल्य सन् १९९७ देखि २००४ सम्म अर्थात ७ वर्षको अवधिमा ५२ प्रतिशतले बढेको उल्लेख गरेका थिए। उनको आशय हाउजिङ बजारमा भइरहेको बबल दिगो नहुने र यो चाँडै विस्फोटनमुख रहेको भन्ने थियो। नभन्दै सन् २००८ मा हाउजिङ मार्केट नराम्ररी क्र्यास हुनपुग्यो। यसैको परिणाम अमेरिकाले सन् १९३० को दशकपछिको अर्को ठूलो आर्थिक मन्दी भोग्नुपर्‍यो। विश्व वित्तीय संकट नाम दिइएको सन् २००८ को अमेरिकी आर्थिक संकटको असर युरोप र संसारका अन्य देशहरूसम्म फैलिन पुग्यो।

सन् १९९६ मा अमेरिकी केन्द्रीय बैंक फेडरल रिजर्वका तत्कालीन चेयर अलेन ग्रिन्स्प्यानले पहिलोपटक उठाएको 'इर्‍यासनल इग्जुबरेन्स'को विषयलाई अर्थशास्त्री सिलरले पुस्तकाकार दिएर मानिसहरूमा लहडको भरमा लगानी गर्ने प्रवृत्ति हुने, देखासिकी गर्ने र अन्ततः घरजग्गा र सेयरमा गरेको लगानी डुब्ने कुरालाई विश्लेषणात्मक ढंगले प्रस्तुत गरेका छन्। नेपालमा पनि सेयर बजार तथा घरजग्गा कारोबारको आरोह र अवरोह यस्तै प्रवृत्तिको वरिपरि घुमिरहेको पाइन्छ।

### पछिल्लो सन्दर्भ

बैंकहरूको तरलतामा देखिएको दबावसँगै केही महिनायता सेयर बजार ओरालो लाग्ने क्रम सुरु भएको हो। बैंकहरूसँग लगानीयोग्य साधनको अभाव हुनासाथ बैंकहरूभन्दा पनि एक कदम अगाडि बढेर बैंकहरूको तरलताबारे चासो राख्ने सेयर लगानीकर्ताहरू थिए। नेपाल यस्तो देश हो, जहा बैंकिङ पहुँच बाहिर रहेका ६० प्रतिशत मानिसलाई बैंकिङ क्षेत्रको तरलताबारे खासै जानकारी हुँदैन। यसैगरी कृषि पेसामा संलग्न ६६ प्रतिशत श्रमशक्ति र निरपेक्ष गरिबीको रेखामुनिका २१.६ प्रतिशत मानिसलाई पनि बैंकिङ क्षेत्रको तरलताले छोएको देखिँदैन। आवश्यकता पर्दा ऋण पाउन अप्ठ्यारो भएको, गाउँमा बैंकहरू पुग्न नसकेको र बैंकमा जागिर खान लरतरो भनसुनले नपुग्ने जस्ता विषयहरूमा आम नागरिक बढी चिन्तित देखिन्छन्।

अर्थतन्त्रमा साधन परिचालनलाई सहज र प्रभावकारी बनाउन सेयर बजारको विकास र स्थायित्व आवश्यक हुन्छ। तर नेपालको सेयर बजारको गहनता र व्यापकताबारे विचार नपुर्‍याइकनै नेपाल स्टक एक्सचेञ्ज इन्डेक्स (नेप्से सूचकांक) मा हुने उतार-चढावलाई ठूलो चर्चाको विषय बनाउने, बैंकिङ क्षेत्र र अर्थराजनीतिका सबै सरोकारवालालाई पनि त्यसैको पछाडि दौडिन बाध्य बनाउने तथा नेपालको अर्थतन्त्रको उत्थान र पतनको ब्यारोमिटरको रूपमा पनि नेप्से सूचकांकलाई नै प्रस्तुत गर्ने प्रवृत्तिदेखि सावधानी अपनाउनुपर्ने देखिन्छ।

पछिल्लो केही समययताका घटनाक्रमलाई मात्र हेर्दा पनि छोटो समयमा नेपालको सेयर बजारमा ठूलो उतार-चढाव आइनै रहेको हो। उदाहरणका लागि २०७३ साउन १२ गते नेप्से सूचकांक १८८१ बिन्दुमा पुगेको थियो। यो नेप्सेको इतिहासमै सबैभन्दा ठूलो उचाइ हो। तर त्यसको छोटो समयमै २०७३ माघतिर आइपुग्दा नेप्से सूचकांक १३०० को वरिपरि घुमिरहेको थियो। अझ २०७२ असारको अन्त्यतिर नेप्से सूचकांक ९६१ बिन्दुमात्रै थियो। आर्थिक वर्ष २०७२/७३ मा सेयर बजारको बुलिस ट्रेन्डलाई सहयोग पुग्नेगरी राजनीतिक तथा वित्तीय क्षेत्रमा केही घट्नाक्रमहरू विकसित भएका थिए। राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूका लागि तोकेको पुँजी वृद्धि योजना, संविधानको घोषणासँगै लगानीकर्ताहरूको अपेक्षामा आएको परिवर्तन तथा बैंकिङ क्षेत्रमा रहेको अधिक तरलताका कारण दुई वर्षअघि सेयर बजार तेजीको प्रवृत्तिमा थियो।

पछिल्लो समय १३०० बिन्दुको वरिपरिमा रहेको सेयर बजारमा ५०/६० बिन्दु तलमाथि हुने बित्तिकै साना लगानीकर्तालाई निराश बनाउने र ठूलो होहल्ला मच्चाउने प्रवृत्तिले सेयर बजारको दिगो विकासमा सहयोग पुर्‍याउँदैन। सेयर बजार घटाउने, साना लगानीकर्तालाई त्रसित बनाउने, आफ्नो पोजिसन बलियो बनाउने अनि तरलता अभावका कारण सेयर बजार खस्केको भन्दै विभिन्न निकाय धाउने प्रवृत्तिले सट्टेबाजीलाई मात्र सहयोग पुर्‍याइरहेको हुन्छ। खेतमा काम गर्ने किसानले सहज ढंगले ऋण नपाउँदा कृषि उपज बढ्न नसकेको र त्यही किसान ब्याजको पासोमा फँसेको समाचारले कमैमात्र स्थान पाउने हाम्रो मुलुकमा सेयर बजार जोगाउन दिइने प्रत्यक्ष र अप्रत्यक्ष ऋणले अर्थतन्त्रको समग्र उत्पादकत्व वृद्धि गर्न कत्तिको सहयोग पुर्‍याएको छ भन्ने विषयमा बैंकहरू तथा नियामक निकायहरू सबैले विशेष सतर्कता अपनाउनुपर्ने भएको छ।

### प्रवृत्तिगत जोखिम

सेयर बजार उतार-चढावले नेपालको अर्थतन्त्रको विद्यमान अवस्थालाई कुन हदसम्म प्रतिविम्बित गर्छ भन्ने विषयमा व्यापक बहस हुनु जरुरी छ। सेयर बजारमा लगानी प्रोत्साहित गर्ने भन्दै कहीं हामी गाउँबाट कलेज पढ्न आएको होनहार युवक वा मुलुकको विकासका लागि अत्यावश्यक भनिएका जलविद्युत आयोजनाहरूको एक-दुई सय कित्ता सेयर किनेर आफ्नो नियमित काममा फर्किने किसानलाई सट्टेबाजीको सिकार बनाउन उद्यत भइरहेका त छैनौं? यही मौकामा राष्ट्रको ढुकुटीबाट तलब खानेहरूलाई हामी राष्ट्र र जनताको हितका लागि नीति निर्माण गर्ने वा दैनिक सेवा प्रवाह गर्ने काममा भन्दा आफ्ना कार्यालयको कम्प्युटरको स्क्रिनमा दिनभरिजसो सेयर बजारको इन्डेक्स हेर्ने वातावरणमात्र बनाई दिइरहेका त छैनौं? सेयर बजारलाई दिशानिर्देश गर्दै मुलुकमा उपलब्ध सीमित वित्तीय साधनलाई दीर्घकालीन विकासमा उपयोग गर्ने जिम्मेवारी पाएकाहरूलाई नै कतै हामीले आफ्नो कामसँग सम्बन्धित विषयमा स्वार्थको द्वन्द्व हुनेगरी अल्झाइदिएका त छैनौं? अझ व्यवसाय विस्तार गर्ने भन्दै बैंकबाट अर्बौं ऋण लिएर हिँडेको व्यापारी उद्योगधन्दा स्थापना गर्न छोडेर सेयर बजारको चक्रको जोखाना हेरेर बसेको त छैन? नेपालको सेयर बजारको विकासमार्फत समग्र अर्थतन्त्रको रूपान्तरणमा चासो राख्ने सबैले यी संवेदनशील विषयमा ध्यान दिएनौं भने नेप्से इन्डेक्स जतिसुकै माथि पुगे पनि ४ प्रतिशतभन्दा माथिको औसत आर्थिक वृद्धिदरतर्फ नेपाललाई लैजान सक्ने छैनौं। मुलुकको विकासका लागि पुँजी बजारको आवश्यकता छ र साधन परिचालनमार्फत वास्तविक क्षेत्र अर्थात उद्योगधन्दा, कृषि, जलविद्युत, पर्यटन र पूर्वाधार लगायतका क्षेत्रमा लगानी परिचालन गर्नु पनि आजको आवश्यकता हो भन्ने विषयमा दुईमत छैन। तर सेयर बजारको स्थायित्व र अर्थतन्त्रमा यसको सकारात्मक योगदान बढाउने विषयमा तटस्थ चिन्तन हुनु पनि उत्तिकै महत्त्वपूर्ण छ।

नेपालको सेयर बजारमा पछिल्लो समय देखिएका उतार-चढावहरूमा विशेषगरी सामाजिक मनोवैज्ञानिक कारणको प्रभाव बढी देखिन्छ। यसैको परिणामस्वरूप लगानीकर्ताहरूमा फ्रेन्जी अर्थात अनियन्त्रित व्यवहार देखिने र सेयरको मूल्यमा ठूलो उतार-चढाव आउने भइरहेको मान्न सकिन्छ। पुँजी बजारमा देखापर्ने यो प्रवृत्तिले साना तथा सर्वसाधारण लगानीकर्ताहरू ठूला फौबन्जारी समूहको सिकार बन्ने हुन्छन्। यस्तो अवस्थाले अर्थतन्त्रको विकासका लागि आवश्यक पुँजी परिचालनमा समेत प्रतिकूल प्रभाव पार्ने हुन्छ। सीमित वित्तीय साधन भएको र पछिल्लो समय सरकारी तथा निजी क्षेत्र दुवैतर्फ साधन व्यवस्थापन गर्न असहज हुने देखिएको सन्दर्भमा वित्तीय नीति र सार्वजनिक वित्त नीति दुवैतर्फबाट सेयर बजार स्थायित्वका लागि थप नियमन हुनुपर्ने देखिन्छ।

*भट्ट नेपाल राष्ट्र बैंकका निर्देशक हुन्।*



**नेपालको सेयर बजारमा पछिल्लो समय देखिएका उतार–चढावहरूमा विशेष गरी सामाजिक मनोवैज्ञानिक कारणको प्रभाव बढी देखिन्छ।**

# दबाबमा नेपाल प्रहरी



राजेन्द्रसिंह भण्डारी

'प्रहरी मोटा भया कानुनी राज्य र लोकतन्त्र बलियो हुन्या छ', प्रहरी ऐन २०१२ को प्रस्तावनामा नेपाल प्रहरी गठनको औचित्य पुष्टि गर्दै भनिएको छ, 'अपराध रोक्ने र अपराधी पत्ता लगाउने सुयोग्य साधनका रूपमा नेपाल प्रहरी फोर्सको गठन गरिनेछ।' सुयोग्य साधनले मात्र 'सत्य सेवा सेवा सुरक्षा'को मर्म अनुरूप सेवा प्रवाह गर्न सक्छ भन्ने राज्यको ठम्याइ ठिक हो। तर व्यवहारमा भने नेपाल प्रहरीको सुयोग्यता विकास गर्नेतर्फ राज्यले समुचित ध्यान दिएको देखिन्न। असत्यहरू नै राज्यशक्तिको केन्द्रमा पुग्ने र आफ्नो असत्य कामकारबाहीमाथि कहीं कतैबाट आँच नपुगोस् भन्ने विषयमा अनविज्ञ नरहेका राज्यशक्तिका पात्रहरूले नेपाल प्रहरीलाई सुयोग्य साधन बनाउने विषय उनीहरूकै लागि आत्मघाती हुनसक्छ भन्ने कुरा राम्ररी बुझेकाले नै उनीहरूले राम्राभन्दा हाम्रालाई प्रश्रय दिने र सुरक्षा प्रदान गर्ने निकायलाई नै असुरक्षाको जोखिममा राख्ने रणनीति अख्तियार गरेकै कारण नेपाल प्रहरीको संस्थागत विकास, प्रणालीगत सुधार, जवाफदेहिताको मुद्दा राज्यको प्राथमिकतामा कहिल्यै परेन।

मुलुकको राजनीतिक फाँटमा युगान्तकारी घटनाहरू भए, हामीले लोकतन्त्रदेखि गणतन्त्रसम्मको यात्रा तय गर्‍यौं। तर ती राजनीतिक उपलब्धिलाई कानुनी रूपमा स्थिरता र स्थायित्व प्रदान गर्ने राज्यको महत्त्वपूर्ण अङ्ग नेपाल प्रहरी भने राज्य उपयोग र दुरुपयोगको साधनमै सीमित रहन गयो। परिणामस्वरूप २०१२ सालमा बनेको प्रहरी ऐन यद्यपि कायम छ। उक्त ऐन अन्तर्गत बनेको नियमावलीलाई आफू अनुकूल पटक-पटक संशोधन गरी संगठनको प्रशासनिक संरचना, चेन अफ कमाण्ड नै भत्काउने काम गरिए। संगठनको संस्थागत विकासको प्रयोजनका लागि नियमावलीको संशोधनभन्दा आफू अनुकूलका पदाधिकारीको वृत्तिविकासको सुनिश्चितता गर्न पदावधि, सेवा अवधिजस्ता वृत्तिविकासका मर्मलाई नै धराशायी गर्नेगरी पटक-पटक हेरफेर गर्ने काम सुनियोजित ढंगले गरिएकै कारण नेपाल प्रहरीको आन्तरिक प्रशासनिक प्रणाली अहिलेसम्म व्यवस्थित हुन सकिरहेको छैन। यसले संगठनको चेन अफ कमाण्डमै असर पुर्‍याएको देखिन्छ। वृत्ति विकासको सुनिश्चितता नै नभएको संगठनमा गुण र क्षमताको प्रदर्शन र प्रयोग कसरी सम्भव हुनसक्छ? मूल्य नै तोकुवा र ठोकुवाको भरमा कायम गरिने संस्कार दह्रोसँग संस्थागत भइसकेको संगठनमा जतिसुकै वैज्ञानिक मूल्याङ्कन प्रणाली अवलम्बन गरे पनि त्यसले योग्यताको परीक्षण र परिणाम ठम्याउँदैन। राज्यका लागि नै प्रहरी सुयोग्य साधन अपरिहार्य होइन वा छैन भने गुण र दोषको सीमारेखा कसरी तोक्न सकिन्छ भन्ने प्रश्न नै नेपाल प्रहरीको संस्थागत विकास र व्यावसायिक नेतृत्व चयनका लागि हल गरिनुपर्ने सर्वाधिक महत्त्वको प्रश्न हो। गुण-दोषका सीमारेखा राज्यले कसरी तोक्ने र प्रहरीको संस्थागत विकास र क्षमता उपयोगको नीति तय गर्ने भन्ने विषयकै सेरोफेरोमा प्रहरी सुधारको योजना बनाउन आवश्यक छ।

राज्य प्रणालीमा अयोग्य व्यक्तिको पहुँच कायम रहुन्जेल नेपाल प्रहरी लगायत राज्यका अन्य निकाय समेतमा व्यावसायिकताको प्रवर्द्धन असम्भव छ। योग्यलाई नै सुयोग्यताको महत्त्व महसुस हुने गर्छ, कानुन कार्यान्वयन गर्ने निकाय नेपाल प्रहरी अयोग्यका लागि प्रतिरोधी शक्ति हुने गर्छ। उसको कानुनी प्रतिरोध नै प्रहरीको व्यावसायिक सुयोग्यताको मापदण्ड रहने गर्छ। विधिसम्मत विषयमा सहयोग गर्ने र अन्य अवस्थामा प्रतिरोध गर्ने क्षमता भएको नेतृत्वले मात्र सत्यको सुरक्षा र पालना गराउने आँट देखाउन सक्छ। जोससँग आँट नै हुँदैन, उसले ढाँट वा गाँठका लागि आफ्नो व्यावसायिक दायित्व अन्यत्र अर्पण गर्ने गर्छन्। प्रहरी नेतृत्व आँटिलो बनाउने जोखिम सुयोग्य चरित्रको राजनीतिक नेतृत्वले मात्र लिन सक्छ। नेपाल प्रहरीको नेतृत्वलाई अरौटे, भरौटे र लाचार छायाजस्तै बनाउने र आफू अनुकूल परिचालन गर्ने प्रचलन स्थापित हुँदै गएका कारण नेपाल प्रहरीको आन्तरिक प्रशासनिक प्रणाली, संरचनागत विकास, स्वस्थ व्यावसायिक प्रतिस्पर्धाको मुद्दा प्रणालीगत र प्रक्रियागत रूपमा विकसित हुनसकेन। त्यसैले भ्रष्ट र अदक्षले पनि नेतृत्वमा समान दाबी गरिरहेका हुन्छन्। उक्त दाबीलाई प्रक्रियागत रूपमा अडिटिङ गर्ने राज्यको मूल्याङ्कन क्षमता पनि विश्वसनीय छैन। यस्तो अवस्थामा वैधानिक/अवैधानिक शक्तिकेन्द्रहरू सक्रिय र कहिलेकाहीं निर्णायकसमेत हुने गर्छन्। प्रहरी नेतृत्व तिनै भूमिगत, अर्धभूमिगत र खुल्लागत शक्तिकेन्द्रको लाचार छाया बनिरहेको हुन्छ। पञ्चायत कालमा भूमिगत छाया केन्द्रको दबाब प्रहरीमा प्रस्टै देखिन्थ्यो, प्रहरीको सरुवा, बढुवा लगायत दैनिक प्रशासनमा पनि दरबारको सैनिक सचिवालयको प्रत्यक्ष हस्तक्षेप रहने गर्थ्यो भने लोकतन्त्रमा भूमिगत शक्तिकेन्द्रभन्दा खुल्ला शक्तिकेन्द्रहरू सतहमा यत्रतत्र र सर्वत्र देखापर्न थाले।

केही समयअघि लोकमानसिंह कार्कीको दबाब यतिसम्म सतहमा देखियो कि उनीकहाँ सरुवा, बढुवा फाइल नलगी सबै प्रक्रिया अवरुद्ध हुने गर्थे। उनको सुरक्षामा खटाइएका सुरक्षाकर्मीको संख्या तामझाम हेर्दा राजाको सवारी चलाएको जस्तै देखिन्थ्यो, सुरक्षा प्रमुखले गोप्य प्रतिवेदन उनकै समक्ष पेस गर्नुपर्थ्यो। हतियार खरिदमा पंक्तिकारले हस्ताक्षर गर्न इन्कार गर्दा तत्कालीन प्रहरी नेतृत्वले उनीसमक्ष उपस्थित गराएको र त्यस सम्बन्धमा महसुस गरिएको विषयलाई छुट्टै प्रसंगमा तथ्यगत रूपमा कोट्याउने प्रयास गर्नेछु।

**नेतृत्वका लागि उपयुक्त विकल्प रहेको अवस्थासमेत भएकाले नेपाल प्रहरीलाई दबाबमुक्त सुयोग्य साधन बनाउने यो अवसर अब गुमाउनु हुन्न।**

प्रहरीलाई आन्तरिक रूपमै कमजोर बनाउने शक्तिकेन्द्रहरूलाई लालनपालन गर्न प्रहरीको उदेकलाग्दो नेतृत्वको निरीहता र लाचारिता पनि उत्तिकै जिम्मेवार रहेको छ। अवहेलना मुद्दाको सुनवाइको क्रममा डा. गोविन्द के.सी.लाई रातारात माथिको आदेश भन्दै थुनामा राखेको र अदालतमा सामान्य ढंगले चलिरहेको कान्तिपुरसमेत विरुद्धको अवहेलना सम्बन्धी मुद्दामा देखिएको सुरक्षाकर्मीको उपस्थिति र अनपेक्षित चलखेलमा अदृश्य तर सबैले बुझ्ने माथिको आदेशको ताबेदारीबाट प्रहरीमाथिको दबाब सहजै महसुस गर्न सकिन्छ। पदप्रतिको आशक्तिबाट अलिकति पनि माथि उठ्न नसक्ने र सिंगो प्रहरी संगठनको हितका लागि व्यक्तिगत त्यागको भावनामा विचलन आएकै कारण प्रहरी नेतृत्वले छुट्टै पहिचान बनाउन सकेन। परिणामस्वरूप प्रहरी नियमावली आफूखुसी ढंगले संशोधन भइरह्यो। व्यावसायिकता विकासको मुद्दा र वृत्तिविकासको सुनिश्चितत्तालाई प्रणालीगत रूपमा स्थापित हुनसकेन। यसै अवसरमा संगठनको आन्तरिक प्रशासनिक प्रणाली फितलो भएको फाइदा उठाउँदै बिभिन्न सक्तिकेन्द्र आआफ्नो स्वार्थ अनुरूप संगठनको मौलिक दायित्व विपरीत अनुचित दबाब दिन सफल भइरहे। अहिले परिस्थिति र परिवेश फेरिएको छ। विगतमा नेपाल प्रहरीलाई संस्थागत रूपमै कमजोर बनाउनेगरी ३० वर्षे सेवा अवधिका माध्यमबाट संगठनमा राजनीतिक हस्तक्षेपको सुरुवात गर्ने र अनावश्यक रूपमा उपल्लो तहमा दरबन्दी सिर्जना गरी सशुल्क पद वितरण गर्ने राजनीतिक शक्तिकेन्द्र आफैं अयोग्य सावित भई बहिस्कृत भएको छ भने श्रेणीविहीन पियन सरहका तहमा रहेका प्रहरी जवानलाई राजपत्र अनंकित चौथो श्रेणी सरहको तहमा बढुवा गर्नेगरी नियमावली संशोधन गर्ने तत्कालीन गृहमन्त्री के.पी. ओली स्वयं प्रधानमन्त्री बनेका छन् र प्रहरी नेतृत्वका लागि उपयुक्त विकल्प रहेको अवस्थासमेत रहेकोले नेपाल प्रहरीलाई दबाबमुक्त सुयोग्य साधन बनाउने यो अवसर अब गुमाउनुहुन्न। अन्यथा अपराधी मोटा भया लोकतन्त्र कमजोर हुन्या छ।

*भण्डारी नेपाल प्रहरीका पूर्वअतिरिक्त महानिरीक्षक हुन्।*

# चिकित्सकीय लापरबाही



लक्ष्मी बखाद्यो

२०७४ वैशाखदेखि हालसम्मका पत्रपत्रिका पल्टाउँदा 'बच्चा निकाल्दा आन्द्रा नै काटिदिए', 'चिकित्सकको लापरबाहीले शिशुको मृत्यु भएको आरोप', 'लापरबाहीले सुत्केरीको मृत्यु', 'सुत्केरीको गुप्तांगमा प्याडसहित टाँचा', 'देब्रे घुँडामा गर्नुपर्ने शल्यक्रिया दाहिनेमा' लगायतका चिकित्सकीय लापरबाहीका दर्जनौं समाचार देखिए। यस्ता समाचार महिनामा औसत चारवटा देखिएका छन्। त्यसबाहेकका कतिपय घटना अस्पतालमै गुपचुप गरी मिलाइएका पनि हुन सक्छन्।

बिरामीप्रति चिकित्सकले निर्वाह गर्नुपर्ने कर्तव्य पूरा नगरेको अवस्थालाई चिकित्सकीय लापरबाही मानिन्छ। अर्थात् चिकित्सक वा उपचारकर्मीले आफ्नो जिम्मेवारी पूरा नगरे बिरामीलाई कुनै पनि शारीरिक, मानसिक, आर्थिक रूपमा क्षति पुग्नगएको अवस्थालाई चिकित्सकीय लापरबाही हो। लापरबाही ठहरिन चिकित्सकले कर्तव्य उल्लंघन गरेको प्रमाण मेडिकल रेकर्ड वा ट्रिटमेन्ट रेकर्डमा समेतबाट देखिनुपर्छ। उल्लंघनले बिरामीलाई केही न केही क्षति (मृत्यु, अंगभंग वा अन्य शारीरिक नोक्सानी वा आर्थिक हानि) पुगेको हुनुपर्छ।

२०७५ भदौ १ गते बाट लागू हुने मुलुकी अपराधसंहिता ऐन २०७४ ले कानुन बमोजिम इलाज गर्न पाउने व्यक्तिले कसैको इलाज गर्दा पर्याप्त होसियारी वा सावधानी नअपनाई लापरबाही वा हेल्चेक्र्याइँ गरी इलाज गर्न, औषधि खान दिन वा खान सिफारिस गर्न वा चिरफार गर्न नहुने प्रावधान उल्लेख गरेको छ। कुनै चिकित्सकीय लापरबाहीका कारण बिरामी वा सेवाग्राहीको मृत्यु वा अंगभंग भए ५ वर्षसम्म कैद र ५० हजार रुपैयाँसम्म जरिवाना र हेल्चेक्र्याइँका कारणबाट मृत्यु वा अंगभंग भएकामा ३ वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना गरी सजाय गर्ने व्यवस्था गरिएको छ।

उपचारका क्रममा चिकित्सकीय लापरबाही डाक्टर, नर्स, औषधि बिक्रेता, औषधि उत्पादक, ल्याब टेक्निसियन, ब्लड बैंकबाट हुनसक्छ। इलाज सम्बन्धी कसुरको परिधिमा लापरबाही/हेलचेक्र्याइँपूर्ण उपचार, मञ्जुरीबिना मानव शरीर परीक्षण पर्छन्। यस्तै इजाजत प्राप्त व्यक्तिको सिफारिसबिना कसैलाई मानव शरीरमा गम्भीर असर हुने कुनै लागूऔषध, विषादी वा जोखिमपूर्ण औषधि बिक्री-वितरण गर्नु, औषधिमा मिसावट गर्नु वा मिसावट गरेको औषधि बिक्री-वितरण गर्नु, म्याद नाघेको वा पूर्ण सावधानी नलिई औषधि बिक्री-वितरण गर्नु पनि चिकित्सकीय लापरबाहीमा पर्छन्। एउटा औषधिलाई अर्को भनी बिक्री-वितरण गर्नु तथा मानव रगत, मूत्र वा खकार आदि प्रयोगशाला परीक्षण (प्याथोलोजिकल टेष्ट) गर्दा परीक्षणको गलत वा झुठ्ठा प्रतिवेदन दिनु पनि लापरबाही नै हुन्। उल्लिखित कार्य सबै इलाज सम्बन्धी कसुर अन्तर्गत पर्छन्। त्यसैले डाक्टरमात्रै होइन, औषधि बिक्रेता, परीक्षण गर्ने तथा रिपोर्ट बनाउने ल्याब टेक्निसियन, ब्लड बैंकमा रगत दिन बसेका कर्मचारी, औषधि निर्माण गर्ने तथा बनाउने फर्मासिस्ट पनि इलाजको कसुरभित्र पर्छन्।

समान्यतया उपचारका क्रममा चिकित्सकीय लापरबाहीका कारण कसैको मृत्यु भयो वा कुनै अन्य शारीरिक, मानसिक वा आर्थिक क्षति भयो भने मोलमोलाइ अर्थात पैसाको कारोबारमा मिल्ने, क्षतिपूर्ति भराइलिने/दिनेमा चिकित्सकीय लापरबाहीको विषय निर्क्योल गर्ने गरिन्छ। आर्थिक क्षतिपूर्ति मात्रैले कसैको ज्यान फिर्ता हुनसक्दैन, न त्यसले चिकित्सकीय लापरबाही नै अन्त्य गर्छ। त्यसैले चिकित्सकीय लापरबाहीको गम्भीरतालाई ध्यानमा राखी दोषीलाई नसिहत दिने, लाइसेन्स खारेज गर्नुका साथै कैद सजाय हुनेसम्मको व्यवस्था गरिनु उपयुक्त हुन्छ।

कानुनी उपचारमार्फत न्याय खोज्न जान त सकिन्छ, तर मुद्दा दायर गरी फैसला कुरेर क्षतिपूर्ति पाउने बेलासम्म घाउचोटमा खाटो लागिसकेको हुन्छ। चिकित्सकीय लापरबाहीका विषयमा मुद्दा दायर गरेपछि फैसला भएर क्षतिपूर्ति पाउन एक दशकभन्दा बढी समय लागेका उदाहरण थुप्रै छन्। चिकित्सकीय लापरबाहीकै एक मुद्दामा सर्वोच्च अदालतले 'औषधि दिनहुँ खाएपछि लक्षण र असर देखिन थालेको दिनबाट हदम्यादको गणना गर्नुपर्छ, नोक्सानी भएको कुरा जानकारी भएको मितिलाई मुद्दा गर्नुपर्ने कारण सिर्जना भएको मिति मान्नुपर्ने' नजिर स्थापना गरेको छ, जुन सराहनीय छ। अदालतले क्षतिपूर्ति भराएर मात्रै फैसला गरेर चिकित्सकीय लापरबाहीको कसुरलाई अपराध ठहर्‍याएको देखिँदैन। यो कतिको उचित छ? स्वास्थ्य सम्बन्धी अधिकार नेपाली नागरिकको मौलिक अधिकार हो। यो हक हनन गर्ने कार्य आपराधिक हो, नकि सामान्य देवानी प्रकृतिको कार्य। अतः आशा गरौं, अब कुनै चिकित्सा क्षेत्रमा संलग्न व्यक्तिहरूले लापरबाही नगरुन्, मानव शरीरलाई परीक्षण गर्ने साधन नमानियोस्। तर कसैलाई चिकित्सकीय लापरबाही वा हेल्चेक्र्याइँका कारण क्षति पुगे त्यसमा संलग्न व्यक्तिलाई आपराधिक दायित्व बहन गराइयोस्।

*बखाद्यो काठमाडौं स्कुल अफ लकी उपप्राध्यापक हुन्।*

# छिमेक कूटनीतिमा ओलीको परीक्षण



लेखनाथ पाण्डे

एमाले अध्यक्ष केपी शर्मा ओलीलाई सिंहदरबारमा तस्बिर सजाउन र इतिहासमा नाम लेखाउन अघिल्लै कार्यकाल काफी थियो। संविधान घोषणापछि नाकाबन्दीका दौरान भारतको दबाब थेग्न, चीनसँग परावहन सम्झौता गर्न र देशभित्र 'राष्ट्रवादी' छवि निर्माण गर्न उनी सफल भए। पुरस्कारस्वरूप जनताले स्थायित्व र विकासका निम्ति उनलाई पुनः सिंहदरबार डोर्‍याएका हुन्। दोस्रो कार्यकालमा उनका निम्ति सबैभन्दा कठिन परीक्षण छिमेक कूटनीति सञ्चालनमा हुनेछ। पाकिस्तानी समकक्षीलाई स्वागत गर्दै उनले भावी कूटनीति परम्परागतभन्दा पृथक ढंगले अघि बढ्ने छनक दिएका छन्। तर विशेषतः चीन र भारतसँग सम्बन्ध कसरी अघि बढ्छ, त्यसैमा नेपालको शान्ति, स्थायित्व र समृद्धिको गति निर्भर हुनेछ। निर्वाचन अभियानका क्रममा पूर्वाधार विकास र आर्थिक उन्नतिका निम्ति जति पनि वाचा गरिएका छन्, तीमध्ये अधिकांश यी दुई छिमेकीसँग स्वस्थ र हार्दिक सम्बन्धबिना पूरा गर्न सम्भवप्रायः देखिन्न। प्राविधिक र आर्थिक स्रोत जुटाउन पनि यी दुवैको साथ र सहयोग जरुरी हुनेछ।

धेरैले पछिल्लो निर्वाचन परिणाम र वामपन्थी सरकार गठनलाई भारतको हार या चीनको जितका रूपमा अर्थ्याए। मूलतः त्यो नेपाली लोकतन्त्रको विजय थियो। यसले भारत र चीनसँग नेपालको कूटनीति र ती छिमेकीले हामीसँग गर्ने व्यवहारमा भने परिवर्तन ल्याउनेछ। यो छिमेकीहरूसँग सम्बन्ध नयाँ शिराबाट अघि बढाउने उपयुक्त अवसर पनि हो। तर नेपाल भारतसँग नजिक हुन खोज्दा चीन सशंकित हुने र चीनसँग नजिक हुन खोज्दा भारत चिढिने 'क्याच २२' को अवस्थामा छ। सँगसँगै यी छिमेकीसँग सहकार्य गर्दा राष्ट्रिय स्वार्थमा आँच पुगेको कतैबाट महसुस हुनुहुन्न।

नेपाल-भारत सम्बन्धमा हार्दिकताका निम्ति सबैभन्दा अर्घेल्याइँ भनेकै नेपालप्रति भारतीय 'प्रभुत्ववादी' दृष्टिकोण हो। नयाँदिल्ली अद्यापि नेपाललाई आफ्नो 'सुरक्षा छाता' वा 'ब्याकयार्ड' (करेसाबारी) 'फ्रेम'बाट हेर्छ। भारतीय विद्वत् वर्गसमेत नेपालले आफ्ना दुवै छिमेकीसँग स्वस्थ र सघन सहकार्य गर्न सक्छ भन्ने स्वीकार्न चाहँदैनन्। बरु उनीहरू कि चीन रोज कि भारत भन्नेसम्मका निम्छरो तर्क गर्छन्। तर नेपालको विकास र स्थायित्वका निम्ति एक छिमेकीमा भर पर्नु वा एउटा विरुद्ध अर्को छिमेकीलाई उपयोग गर्नु दुवै प्रत्युत्पादक हुनेछ। भारतीय भूमिमा चिनियाँ लगानीका लागि 'लबिङ' गर्ने तर नेपालमा त्यस्तै लगानी भित्रिए 'सुरक्षा खतरा' ठान्ने दिल्लीको विरोधाभाष उक्त 'ब्याकयार्ड' मानसिकताको उपज हो। पछिल्लो समय दिल्लीले भारत र नेपालबीच 'स्पेसल रिलेसन्स' वा 'युनिक रिलेसन्स' रहेको बताउँदै उही मानसिकता अभिव्यक्त गर्दैछ। जबसम्म 'साउथ ब्लक'ले यो धङधडी त्याग्दैन, नेपालमाथि परम्परागत प्रभुत्व कायम राख्न हर-प्रयास जारी राख्नेछ, जुन नेपालको आन्तरिक मामिला र यहाँ चीनको झाङ्गिँदो स्वार्थसँग टक्राइरहनेछ।

अर्कोतर्फ नेपालले भारतलाई हेर्ने दृष्टिकोण पनि पुनःपरिभाषित गर्नु जरुरी छ। चीनलाई हेर्ने नेपाली 'न्यारेटिभ'मा लगभग एक किसिमको समझदारी देखिन्छ, तर भारतप्रतिको बुझाइ र व्यवहार दशकौंदेखि विभाजित छ। हाम्रा कतिपय दल र नेताहरूले भारतलाई कि शत्रु ठान्यौं, कि मित्र मान्यौं। हाम्रा सरकार पनि कि भारत-विरोधी, कि भारत-परस्त कहलिए। हामीले अनुकूल हुँदा भारतीय चलखेल पनि 'सहयोग'का रूपमा अर्थ्यायौं र प्रतिकूल हुँदा हस्तक्षेप ठान्यौं। यस्ता गतिविधिले द्विपक्षीय सम्बन्ध मजबुत बनाउनुभन्दा पनि संशय बढाउन भूमिका खेल्यो। अब राजनीतिक दर्शन र दाउपेचभन्दा पृथक रही भारतप्रति एक छिमेकीका रूपमा न्यूनतम साझा अवधारणा तय गर्नु जरुरी छ। यसका लागि भारतप्रति अक्सर आलोचनात्मक दृष्टिकोण राख्ने वामशक्तिहरूले नै पहल गर्नुपर्छ।

नेपालका वामशक्ति र नयाँ सरकारसँग चिनियाँ नेतृत्व सकारात्मक भए पनि चीन नेपालमा एउटै शक्तिलाई पूर्ण विश्वास गर्ने अवस्थामा छैन। बेर्टिल लिन्टनेरले 'चाइनाज-इन्डिया वार' पुस्तकमा राजतन्त्र अन्त्यपश्चात् चीन कसरी नेपालमा स्थायी र विश्वासिलो शक्ति नपाएर धेरै शक्तिहरूसँग समानान्तर-निकटता बढाउँदैछ भन्ने चर्चा गरेका छन्। विगतमा उच्च चिनियाँ अधिकारीहरू नेपाली समकक्षीहरूसँगका भेटमा नेपाललाई भारतसँग सुमधुर सम्बन्ध कायम राख्न सल्लाह दिन्थे। माओ, चाउ एनलाई, जियाङ जेमिन र हु जिन्ताओसम्मले यसैमा जोड दिएको पाइन्छ। भारतमा प्रधानमन्त्री नरेन्द्र मोदीको युग सुरु भएपछि र विशेषगरी दिल्लीले छिमेकमा चीनको बढ्दो प्रभाव न्यून गर्न 'नेबरहुड फष्ट पलिसी' अघि सारेपछि चिनियाँ नेताहरूको यस्तो अभिव्यक्ति विरलै सुनिन थालेको छ। अर्थात् अब चीन नेपालमा भारतलाई सहजै 'डोमिनेन्ट एक्स्टर्नल प्लेयर'का रूपमा स्वीकार्ने अवस्थामा छैन। चिनियाँ स्वार्थ पनि तिब्बतको 'सुरक्षा-चासो'का रूपमा मात्र सीमित रहेन। बरु चीनको रणनीतिक र व्यापारिक स्वार्थ पनि चुलिँदो छ, जुन चीन-भारत-नेपाल त्रिदेशीय साझेदारी र 'बेल्ट एन्ड रोड इनिसियटिभ' (बीआरआई) का रूपमा मुखरित भएका छन्। सँगसँगै नेपालको भू-राजनीतिक तथा रणनीतिक महत्त्व र चुनौती ह्वात्तै बढेको छ। अर्थात् नेपालमा भारत र चीन आमने-सामने हुँदैछन्, जुन नेपालका निम्ति निकै जटिल रणनीतिक तथा कूटनीतिक मोड हो।

**नेपाल भारतसँग नजिक हुन खोज्दा चीन सशंकित हुने र चीनसँग नजिक हुन खोज्दा भारत चिढिने 'क्याच २२' को अवस्थामा छ।**

सरदार यदुनाथ खनाल भन्थे : हात्तीहरू मिल्दा पनि मैदानको घाँस माडिन्छ, जुध्दा पनि माडिन्छ। भारत र चीन मिल्दा सन् २०१५ मा लिपुलेक गुमाइसक्यौं। वास्तवमा त्यो नेपाली भूमिमाथि भारतीय अतिक्रमणको चिनियाँ अनुमोदन थियो। अब यी उदाउँदा महाशक्तिहरू जुध्दाका परिणाम झन् भयावह र दूरगामी हुनेछन्। आर्थिक पुनरोदय सँगसँगै चीनले परम्परागत 'शान्त कूटनीति' त्याग्दै आफ्नो अर्थ-राजनीतिक र विकास मोडल छिमेक र संसारभर निर्यात गर्दैछ। बीआरआईमा पक्ष बनेको झन्डै एक वर्ष पुग्दा नेपाल यस अन्तर्गत रेलमार्ग, सडक सञ्जाल र अन्य पूर्वाधार परियोजना अघि बढाउने प्रक्रियामा छ। तर यी विकास लक्ष्य हासिल गर्ने क्रममा हाम्रासामु २ चुनौती छन् : भू-राजनीतिक र द्विपक्षीय।

पहिलो, भू-राजनीतिक प्रभावका संकेतहरू देखिइसकेका छन्। अघिल्ला दुई सरकार गठन वा विघटन तथा बुढीगण्डकी जलविद्युत परियोजनाको ठेक्का चिनियाँ कम्पनीलाई स्वीकृत वा अस्वीकृत गर्ने क्रममा यी राम्रैसँग प्रकट भए। आगामी दिनमा यी र यस्ता पूर्वाधार परियोजनामाथि दुई छिमेकीहरूबीच प्रतिस्पर्धा र टकराव जारी रहनेछ। पाकिस्तानी प्रधानमन्त्री सहिद खकान अब्बासीले नेपाली समकक्षीसँग बीआरआईका फाइदाबारे मात्रै वकालत गरेनन्, यस अन्तर्गत 'चीन-नेपाल-पाकिस्तान' त्रिपक्षीय सहकार्यको सम्भावनासमेत औंल्याए। छुट्टै, कास्मिर मुद्दामा नेपालले मध्यस्थता गर्नसक्ने सार्वजनिक अभिव्यक्ति दिए। भारत स्वयं विवादित कास्मिर हुँदै बीआरआई अन्तर्गत 'चाइना-पाकिस्तान इकोनोमिक करिडोर' (सिपेक) परियोजनाले आफ्नो सार्वभौमसत्ता मिचेको भन्दै विरोधमा उत्रिएको अवस्था छ। दिल्लीले तत्काल अब्बासीको भनाइप्रति औपचारिक टिप्पणी नगरे पनि यस भ्रमणको सन्दर्भ र उद्देश्यप्रति सशंकित देखिन्छ, जुन भविष्यमा भूराजनीतिक दृष्टिले पेचिलो बन्नेछ।

दोस्रो, चिनियाँहरू ठूलो लगानीसहित उच्च ब्याजदर र आफ्नै कामदारसहित विदेशमा लगानी गर्न कहलिएका छन्। चीनको लगानीमा परियोजना अघि बढाउँदा सम्भावित 'डेट ट्र्याप'बाट बच्ने, स्थानीय रोजगारी सुनिश्चित गर्ने र वस्तु निर्यात गर्नेतर्फ बेलैमा सचेत हुनुपर्छ। चीनले नेपालको मायाले मात्रै हिमाल छेडेर रेल ल्याइदिने होइन। उत्तरी भारतमा केन्द्रित झन्डै आधी अर्बको आवादी र बजारसम्म सहज पहुँच विस्तार गर्नु उसको ध्येय हो। तसर्थ नेपालले कति हिस्सा र कुन ब्याजदरमा ऋण लगानी गर्ने भन्नेमा सतर्क हुन जरुरी छ। उसै त हामी चीन भन्ने बित्तिकै आँखा चिम्लिन्छौं। अझ वामपन्थीहरूको विश्वास चीनप्रति अधिक छ। नेपालले पारवहनका निम्ति भारतीय परनिर्भरताको विकल्प खोजिरहेको सन्दर्भमा चीनसँग रेल र सडक सञ्जाल विस्तार गर्नु अपरिहार्य बनेको छ। यस्तो दबाबबीच हुने सम्झौताहरूमा मुलुकको आर्थिक हित गौण बन्ने खतराप्रति सचेत रहनुपर्छ। हालैको एक अन्तरक्रियामा एक चिनियाँ प्रध्यापकले बीआरआईबाट नेपालले धेरै लाभ लिन सक्ने बताउँदै, तर यसले नेपालका केही सीमित नेता तथा उच्च अधिकारीहरूलाई निकै छिटो धनी बनाउने जोखिम पनि औंल्याए। अर्थात् व्यक्तिगत आर्थिक लाभका लागि परियोजनाको उच्च मूल्याङ्कन गर्ने र सीमित नेता तथा कर्मचारीहरू मोटाउने प्रवृत्ति बढ्न सक्छ। पोखरा विमानस्थलको सुरुमा १४० मिलियन अमेरिकी डलर अनुमानित ठेक्का २१६ मिलियन डलर पुर्‍याइएबाटै यसप्रति थप सशंकित बन्नुपर्ने स्थिति छ।

निष्कर्षमा, हाल भारत नेपालमा आफ्नो परम्परागत प्रभुत्व कायम राख्न संघर्षरत छ भने चीन आफ्नो सुरक्षा चासोको परिधिबाट बाहिरिँदै आर्थिक र सामरिक रूपले पनि नेपालमा उपस्थिति बढाउने चरणमा छ। नेपाल भने दशक लामो सशस्त्र द्वन्द्व र जटिल संक्रमणबाट तङ्ग्रिँदै राजनीतिक स्थायित्व, शान्ति र पूर्वाधार निर्माणमा केन्द्रित हुनु पर्नेछ। यसका लागि भारत र चीनको प्राविधिक तथा आर्थिक सहयोग र लगानी खोजेर मात्र पुग्ने अवस्था छैन। उनीहरू दुवैको भरोसा र विश्वास जित्नु पनि उत्तिकै जरुरी छ। आर्थत् 'हिमाल वारपार' रेल विस्तार गर्दा भारत ढुक्क हुने र माथिल्लो कर्णाली परियोजनामा चीन विश्वस्त हुने परिस्थिति निर्माण गर्नुपर्नेछ। प्रधानमन्त्री ओलीले छिट्टै भारत भ्रमण गर्दैछन्। उत्तरी छिमेकीसँग पनि उच्चस्तरीय भ्रमण सन्निकट देखिन्छ। यी उच्च कूटनीतिक भ्रमणलाई नेपालको भू-राजनीतिक परिस्थितिलाई लिएर छिमेकीहरूबीच संशय बढाउने होइन, बरु आपसी विश्वास र समझदारी कायम गर्न सदुपयोग गर्नुपर्छ। नेपालका पूर्वाधार परियोजनाहरूमा दुई छिमेकीहरूबीच सहकार्य सुनिश्चित गर्न नसकिए पनि कम्तीमा उनीहरूबीच स्वार्थको लडाइँ निम्तिन दिनुहुन्न। सँगसँगै नेपालको गृह मामिलामा उनीहरूको अनावश्यक 'चासो'लाई न्यून गर्नुपर्नेछ, जुन ओली सरकारका निम्ति सबैभन्दा जटिल कूटनीतिक परीक्षण हुनेछ।

ट्वीटर : @PandeyLekhanath

# बाटो खन्न वनमै बास

■ गिरूप्रसाद भण्डारी

प्यूठान- गाउँ पुग्ने पदमार्ग निर्माणका लागि स्वीकृत बजेटले प्यूठान नगरपालिका ५ चान्जाका स्थानीयले दुई मिटर चौडा सडक निर्माण गरेका छन् । बाटो खन्न स्थानीय जंगलमै बास बसे । गत कात्तिकदेखि चार महिना जंगलमै बास बसेर स्थानीय २३ जनाले पैदल यात्रा गर्न मुस्किल टोडके भीर छिचोलेर जुम्रिकाढा ठूलोगाउँदेखि सडक निर्माण गरेका हुन् ।

पिछडिएको बस्तीमा बजेट परेको भन्दै उत्साहित स्थानीय काम खोज्दै भारत नगएर सडक निर्माणमा जुटेपछि पदमार्ग निर्धारित समयमा पूरा भएको वडाध्यक्ष लछुमन भण्डारीले बताए । 'जुम्रिकाढाकै दुर्गम बस्ती चान्जा पुग्ने गोरेटो बाटोसमेत नहुँदा स्थानीयले निकै दुःख पाएका थिए,' उनले भने, 'पदमार्ग निर्माणका लागि १२ लाख दिएपछि चान्जालीले गाउँसम्म मोटरसाइकल गुड्न सक्ने २ मिटर चौडा बाटो निर्माण पूरा गरेका छन् ।' गाउँमा पुग्ने सडक योजनाको आफैं काम गरेर रकम भुक्तानी लिने जिल्लामै एकमात्र योजना लिस्ने पदमार्ग भएको भण्डारीले दाबी गरे । निर्माण पूरा भएपछि चान्जावासी मात्र नभएर लिस्ने लेकबाट प्यूठानको झिमरुक, माडी क्षेत्र र रोल्पाको तेवाङ, अरेश सिर्प लगायत क्षेत्र अवलोकन गर्न जाने आन्तरिक पर्यटकलाई सजिलो

**गोरेटो बाटोको बजेटले दुई मिटर चौडा सडक**

भएको भण्डारीले बताए । स्थानीय २३ परिवारका १/१ जना अनिवार्य बाटो खन्न आएको जुम्रिकाढा-ठूलोगाउँ-लिस्ने-ठाकठोके-चान्जा पदमार्ग निर्माण उपभोक्ता समिति अध्यक्ष किमबहादुर घर्तीक्षत्रीले बताए । 'गाउँमा सडक पनि बन्यो । रोजगारी पनि पाइयो,' घर्तीले भने, 'चार महिनामा झन्डै तीन किलोमिटर सडक निर्माण गरेका छौं । काम गर्न सक्नेलाई रोजगारी पनि मिल्यो ।'

दसैं-तिहार मान्न घरमा आएका युवा भारत नगएर सडक निर्माणमा लागेको स्थानीय हस्तबहादुर खड्काले बताए । 'सडक खनेर बाबुछोराले झन्डै १ लाख २० हजारको काम गरेका छौं,' खड्काले भने, 'भारत गएको भए पनि योभन्दा धेरै कमाइ गर्न सकिने थिएन ।' आफ्नो गाउँमा पुग्ने सडक पनि बन्ने, पैसा पनि कमाइ हुने भएपछि सबै हौसिएर बाटो खन्ने काममा लागेको खड्काले बताए । प्रसादे बैजालीले ६६ हजार रुपैयाँ बराबरको काम गरेकाले यसपालि बर्खा रासन खरिद गर्न कतै ऋण गर्न नपर्ने भएको बताए ।

सडक पुऱ्याउन जुम्रिकाढाको ठूलो गाउँदेखि टोड्केसम्म पुग्दा तीन स्थानमा क्याम्प निर्माण गरेको स्थानीय गुमानसिंह खड्काले बताए । प्राविधिककै सल्लाहअनुसार स्थानीयले पदमार्ग निर्माण गरेको प्यूठान नगरपालिकाका प्राविधिक काशिराम उपाध्यायले बताए ।

# बौद्ध विश्व सम्मेलन हुने

बुटवल (कास)- बुद्ध जन्मस्थल लुम्बिनीमा वैशाख दोस्रो साता बौद्ध विश्व सम्मेलन हुने भएको छ । 'लुम्बिनी नेपाल : बुद्ध जन्मस्थल तथा बौद्ध दर्शन र विश्व शान्तिको मुहान' भन्ने नारासहित सम्मेलन हुन लागेको हो । सम्मेलन वैशाख १५ र १६ गते हुने लुम्बिनी विकास कोषका उपाध्यक्ष अवदेशकुमार त्रिपाठी (भिक्षु मैत्रेय) ले बताए । उनका अनुसार तेस्रो दिन अर्थात् वैशाख १७ गते बुद्ध जयन्ती परेकाले सबैलाई त्यसमा सहभागी गराइनेछ ।

'लुम्बिनीलाई बौद्ध धर्मको उद्गमस्थल र विश्व शान्तिको मुहानका रूपमा अघि बढाउने र बौद्धधर्मको महत्त्व प्रचारप्रसार र अध्ययनलाई विश्वभर फैलाउने सम्मेलनको प्रमुख लक्ष्य हो,' सम्मेलन संयोजक समेत रहेका उपाध्यक्ष मैत्रेयले भने । 'यसबाट धार्मिक एवं सांस्कृतिक पर्यटनको विस्तार र प्रवर्द्धन हुने अपेक्षा छ ।' सम्मेलनमा उपशीर्षकका रूपमा १५ खण्ड बनाएर छलफल गरिनेछ । सम्मेलनमा सहभागी हुन २३ देशका संस्कृति मन्त्रालयलाई निम्ता पठाइएको छ । सम्मेलनमा २ थरी बौद्ध विद्वान् सहभागी गराइनेछ । त्यसमा एकथरी बौद्धमार्गी भिक्षु तथा लामा र अर्का बौद्ध अध्येता तथा विद्वान् हुनेछन् । परराष्ट्र मन्त्रालयमार्फत बौद्ध देशका प्रमुख बौद्ध संस्था र अध्ययन केन्द्रलाई निम्तो पठाइएको छ ।

कार्यपत्र प्रस्तुत गर्ने बौद्ध विद्वान्लाई भने कोष आफैंले पत्राचार तथा सम्पर्क गरेको विकास कोषका सदस्यसचिवको समेत जिम्मेवारी सम्हालेका योजना प्रमुख सरोजकुमार भट्टराईले बताए । सम्मेलनमा १३ विषयमा कार्यपत्र प्रस्तुत गर्ने तयारी छ । दर्जनभन्दा बढी नेपाली बौद्ध ज्ञाताले समेत कार्यपत्र प्रस्तुत गर्न अनुमति मागेका छन् ।

# बर्गिकृत विज्ञापन

## घर जग्गा

मालपोत पछाडी बागेश्वरीमा प्रतिआना ९ लाख, नंखेलमा प्रतिआना ८,५०,०००। बनेपा ३ दोबाटोबाट ३ कि.मीमा प्रतिआना ४,५०,०००। ९८४१२५१६८५, ९८४०२६१६२३, ९८४१७८४७५०, ९८२३४४२५५५, ९८५१०२९६५९

ललितपुरको जुनसुकै एरियामा घरजग्गाहरू खरिदबिक्रि ९८५१०७१५९०

सितापाइलाचोक नजिक टुक्राघडेरीहरू बिक्रिमा ९८५१०५०१९७

इमाडोल गाविस नजिक नयां घरहरू बिक्रीमा ९८४१०३२९३२, ९८६९०१५८१९

कपनआकाशेधारा नजिक ०-४-३-० प्रतिआना १८,००,०००/- ९८४१३४५००५

चल्नेपसल ८ आना सस्तो 9851088899

बौद्ध नगरबिकास प्लानिङ्गमा चारतले घरबिक्रिमा 9841567917

बुढानिलकण्ठमा ०-६-३-० प्रतिआना १४,०००००।- 9810025751

ललितपुरको कोपिहोम, हरिसिद्धमा २वटा घरबिक्रिमा ०१-४६०२०९६, ९८४८२६६९९९

कुपण्डोल मेनरोडको घर बिक्रीमा 9865995064

बालकोट, टिकाथली एरियामा सस्तोघर चाहियो घरधनीले सिधा सम्पर्क गर्नुहोला ९८०११४१०४०

बालाजु लोलाङ्गमा साढेतिनतल्ले घर बिक्रीमा 9861552438

ललितपुर धापाखेलमा २.५ तल्ला घर, ९८५११९९८२६

घरजग्गा एकदम लिनेले मात्र ९८६० ९३४८६४

भक्तपुर, काठमाण्डौ, चितवन, ललितपुरमा तु.घडेरी चाहियो 9843421065 दलालले कष्टनगर्नुहोला

बुढानीलकण्ठ रुद्रेश्वरमा प्रतिआना१०,००,०००।, आतेश्वर ह्वाइटगुम्बामा प्रतिआना७,००,०००। जग्गाबिक्रीमा ९८५१०३१४९८

दधीकोटमा नयां घरहरू बिक्रीमा 9803538820

कपन बालुवाखानीमा ३.५आनामा बनेको फुलफर्निसिङ भएको नयां घरबिक्रिमा मूल्य 1,75,00,000/- सिधासम्पर्क 9851116964

कपन आकाशेधारा पिचबाटोमा तीनआनाको एकतले घर ९८४१२७३२२२

देउवाको घरकोपूर्वपट्टि १-३-०-०, ०-५-२-० जग्गाबिक्रीमा सिधासम्पर्क गर्नुहोला 9851002224

लुभु हाइवे नजिकै घडेरी ९८४९६८८२१४

होटल, सिर्सोटकोलागी अतिरमणिय हिमाल देखिने नुवाकोट थानभञ्ज्याङ्गमा १२रोपनी जग्गाबिक्रीमा ९८६००७४२००

बालाजु माछापोखरीचोकमा व्यापारीक ०-७-०-० 9851027364

नयांपाटीमा २० बाटोमा ०-५-०-० टुक्राघडेरीहरू ९८६०७५४०४२

कान्ति बालहस्पिटल०-४-१-०, सुकेधारा मिराकल पार्टीप्यालेस०-८-०-०, गणेश स्कूल मेनरोडछेउ०-८-०-०, ९८४१०८५४४१

सतुन्गलमा ३ आना बिक्रिमा ९८४०४६८५४७

बुढानिलकण्ठ बिष्णुमति इस्कन मन्दिरबाट २सय मिटरको दुरीमा ०-१०-०-० बिक्रीमा आनाको १२लाख टुक्रा वा एकमुष्ट 9851005390 9840135160

भक्तपुर दधिकोट ०-५-०-२, प्रतिआना १३,००००० ९८१०१५७९९१

तराईकोईट्टा होलसेल मुल्यमा ९८४१२४४५४१, ९८०८७१८९७७

काडाघारी एरियामा ०-२-३-० बनेकोघर बिक्रिमा 9843933695

गोठाटारमा ०-५-०-० आधुनिकघर अढाईतल्ले २,००,००,०००। प्लानिङ्गकोजग्गा ०-३-२-० ९८४१२६५८०७

पुरानोबानेश्वर काभ्रेडेरीभित्र ०-१२-०-० पुरानोघर समेत 9851265324, 9861132955

बालाजु बनस्थली टाउनप्लानिङ्ग नजिकै तीनधारा रानीवनमा प्लानिङ्गको २०फिट बाटोमा घडरी तुबिक्रीमा 9851071975, 9851053891

बुटवल शुखानगर भानुपथ ८ मा जग्गाबिक्रिमा सम्पर्क, ९८६०८३४९९४

कामपा वडा नं. १९ मरु प्याफल टोलमा १ आना आधा दाममा बनेको पुरानो घर बिक्रीमा मूल्य १,४०,००,०००/- सम्पर्क: ४२४४४३२, ९८५११३१४९०

कलंकीबाट १कि.मी. ढुङ्गेअडड्मा ०-३-२-० जग्गा बिक्रिमा ९८४१६७७८९३

गुल्मीमा सुबिधासम्पन्न ४५ रोपनीसित्तैमा 9851117023

ललितपुरको जुनसुकै एरियामा घरजग्गाहरू खरिदबिक्रिकोलागी 9849188782

दहचोकमा सुबिधासम्पन्न घडेरी प्रतिआना-८.२५ बिक्रिमा:-9812268399, 9851037413

हेटौंडा सुनाचुरी हाइवेसंगैको सुविधासंपन्न घडेरीहरू धुरको ७५,०००। घरहरू १७०००००। ९८५१००९३३२, ९८६५४०४९७२

रुद्रेश्वरचोक नजिकै ३२फिटबाटोमा आकर्षक ०-४-२-२ जग्गाबिक्रीमा मूल्यआनाको 10,25,000/- 9860193128

विरगंजमा १५ बिगा जग्गाबिक्रिमा फ्याक्ट्रीको लागी उपयुक्त 9851112878, 9823140441

भिमसेनगोला स्थित कालिनागेश्वर मन्दिरअगाडि ५आना गुठिजग्गा बिक्रीमा 9851130623

कलङ्की मालपोत नजिक 0–2–2–0 जग्गा 9863836302

बुढानिलकण्ठ नगरपालीका ज्योतीनगरमा ०-५-०-३ नयांमापदण्ड अनुसार बनेको अढाईतल्ला घर प्रसस्तपार्किङ्ग ९८५११३९२२७

भंगाल भ्यालीपब्लिक नपुग्दै नयांघर 9851027364

भक्तपुरको निलबाराही शास्त्रक्याम्पको अगाडी भाडाको बस चल्ने ठुलोबाटोमा ५ आनामा बन्दैगरेको घर बिक्रीमा 9851099549

प्लटिङ्ग, गोदाम, उद्योग, घडेरीलाई हुनेजग्गाहरू बिक्रिमा ९८५११८४०३७, ९८१३४१४५७६ www.nepalliving.com

सानागाउं पानीट्याङ्की नजिकैको मिलेको दक्षिणमोहोडाको टुक्राघडेरी ९८४१४९४२००

बालकोट बसपार्कदेखि १कि.मी.को दुरीमा 0-3-1-0मा बनेको २.५ तल्लेघर १,५०,००००० ⁄ साथै भक्तपुर कमलबिनायक चोकबाट १कि.मि.को दुरीमा प्लानिङ्गको टुक्राजग्गा प्रतिआना ८लाख 9851148171, 9851106016

काठमाडौ चन्द्रागिरी केवलकार नजिकै टुक्राजग्गा बिक्रिमा तुरुन्तपासगर्न मिल्ने प्रतिआना १३००००० 9843411118

ईमाडोल कृष्णमन्दिर पछाडी गोरेटोबाटोमा तिनआनामा बनेकोघर छयत्तरलाखामा 9843728286

दमक १ स्थित ७ कोठे आधुनिक पक्की घर तु.बिक्रीमा 9867575188

कोटेश्वर नरेफांटमा ०-३-५-० साढेतिनतल्ले बंगलामोडलको नयांघर २२५,०००००। इमाडोलमा ०-४-१-० एकतल्ले नयांघर घरधनी ९८५१० ९५९२१

जडिबुटीमा तिनतल्लाको घर नक्सापास भईसकेको, ०-३-०-० जग्गाबिक्रीमा 9851125495

बांसबारीबाट नजिकै धापासीहाईटमा २६फिटेबाटोमा जोडिएको साढेतिनतल्ला नयां सेमीकमर्सियल घरतुरुन्तै बिक्रीमा 9849897245

बागबजारभित्र ०-३-०-० घर बिक्रिमा ९८५१०७२७६०

काठमाण्डौ बलम्बु चुनदेवीचोकैमा 20ft पिचबाटोमा व्यावसायिक प्रयोजनको जग्गाबिक्रिमा 0-5-0-0 0-4-1-0 0-4-1-0 9801029245

इमाडोल सितापाखा हाईटमा ०-५-१-० घडेरी बिक्रिमा, ९८०८०६१३६६

जोरपाटी बेशीगाउँमा २०फि. बाटोभएको प्लानिङ्गको सातआना जग्गाबिक्रिमा 9851070414, 9841670555

भौसिपाटीमा दस आना ९८४१४८३१८६, ५५५२३०३

वालाजु चमती प्लानिङ्गमा ०-३-२-० 9851027364

६- आनाघडेरी बाँसबारी भाटेढिकुरोमा बिक्रिमा 9851232999, 9802532799

बुढानिलकण्ठ VIPएरिया देउवानिवाससंगै कार्पेट आकारको ०-७-२-० आनाको 24,50,000/- सम्पर्क जग्गाधनी 9841890261, 9841129372

खुर्कोटसंगै सडकमा चौबिसरोपनी व्यापारव्यवसायीक 9818753830

भरतपुर क्यान्सर अस्पतालअगाडी आबासव्यापारको अतीउपयुक्त घडेरीबिक्रीमा ९८४६२९११३९, ९८५१०४७६४७

जोरपाटी भोलडांडामा बंगला बिक्रिमा 5,00,00,000/- 9851112878

मालीगाउंमा २५,००,०००। आनाको १-४-०-० ९८५१०६५८११

सुकेधारामा १-२-०-० वंगलो बिक्रीमा ९८४१८७१९८८

हरिसिद्धि क्यान्सर हस्पिटल नजिक २.५आना घरको नक्सा सहित ४७लाखमा ९८४१४८३६३३

गैरीधारा, गोमागणेश पम्पअगाडी दुईकित्ताभित्र ०-१०-०-० ९८६५४५२३५६

भंगालमा ३०फिट बाटोमा ०-८-०-० ९८४१०११३१६

कलंकी, मालपोत कार्यालयनजिक मैत्रीनगरमा ०-४-०-०बिक्रीमा प्रतिआना २४,००,०००। ९८६४४७७३७२

जोरगणेश ओमवाहाल २३वडासागै मोटरवाटोमा २आना२पैसा जग्गा आनाको साठीसाल तुविक्री ९८६००८११८३

धापासी ग्राण्डी नजिकै ०-४-०-० मा बनेको १ तले घर, गौशाला बत्तिसपुतली होटल द्वारिकाजको अगाडि राममन्दिर जाने बाटोमा २ तले ३ कोठाको घर बिक्रीमा ९८४१२११०८४, ९८५१२८१७७३

बनेपा भैसेपाटी पुल अरनिको हाइवेबाट १ कित्ताभित्र २० फिटबाटोमा आकर्षक घडेरीहरू बिक्रीमा ९८५१०९३५११, ९८५१२४४०७९

बैंकलोन भएको घरसंग घरसट्टापट्टा गर्नुपरेमा तुरुन्तसम्पर्क 01-4471535, 9849169330

चावहिलचोकमा आठआना, भक्तपुर श्रृजनानगरचोकबाट हिडेर दुईमिटरदुरीमा चौधआना, धरान विजयपुरको पन्चकन्या बुढासुब्बा जानेचोकमा धरानकोमनोरम दृश्यदेखिने ३.५ कट्ठाजग्गा 9818759374, 9860090977

कोटेश्वर भाटभटेनीको पूर्वपट्टी गोरेटो बाटोमा ४आना बिक्रीमा ९८४१० ९६७०९

ग्रिनहिल सिटी मुलपानीमा ४/४ आनाको प्लटहरू बिक्रिमा मध्यस्थकर्ताहरूले कष्ट नगर्नुहोला ९८५१०५९८९७

स्वयुभुमा ०-२७-०-० थानकोट बसपार्कनजिक ०-१५-२-० ९८०३१३३९०७

नारायणस्थान गणेशस्कुल चोकमा ०-५-०-० ९८४१४९४४२४

काभ्रेस्थली जमिनसहित पानीफ्याट्री १,१५,००,०००। ९८०१०९४४२४ ९८०१०१६९०५

ग्राण्डीटावर्स भित्र आर्कषक अपार्टमेन्ट बिक्रीमा ९८५११२५६०८

## सवारी साधन

सस्तोमा जिपहरू भाडामा 9861610161, 01-4253745

राम्रो गाडीहरू भाडामा 9751007405, 9841599547

टिपर महेन्द्रमिनीट्रक, बालुवाडिपो बिक्रिमा 9849882145

2012 Telcoline 4-wheel 9,75,000/- 9851188639

Grand i10 Magna 2014 बिक्रीमा 9851098959

अल्टोकार 2013सेतो तु.बिक्रीमा 9841264984

909 मिनीट्रिपर TATA 2015 9808558707

2014-TATA Marcopolo 20,00,000/- (Private) 9841341875

Grand Vitara 2008-2009, White 9851144554

१५लटको मारुति शिटरभेन 9851061743

स्करपियो गाडी४/५ वर्षकोलागि भाडामा चाहिएमा सम्पर्क: ९८६००५८०४९, ९८०३९७०५५९

नयां कार जिप बस भाडामा चाहिएमा संपर्क गर्नुहोला ड्राइभरलाईन प्रा.लि. 9801009864, 9841354825, 01-6209859 driverlinenepal.com

## मेशिन औजार

पानीफिल्टर, सोलारवाटरहिटर, फिल्टरमिडिया चेन्जगर्नकासाथै बोरिङ्ग गरिन्छ,-9851176078, 9851090220

## सम्पर्क

सस्तोमा Cashdeposit धितोफुकुवा ऋण ९८५१०८७७४९, ९८४९२१६१९६

Cash Deposited धितोफुकुवा अतिसस्तो 9851243351

धितो पासगरी ऋण चाहिएमा 9869284713

अति सस्तोमा बैंक Deposit 9842622084

सेकेन्डह्याण्ड फर्निचर इलेक्ट्रोनिक्स खरिदबिक्री 9851234047

कम्पनी नाफामा लैजान Parttime -CEO 9869487180

कान्तिपुरमा विज्ञापन गर्नुपरेमा ९८४९११०२२२, ९८६०३००८९५

घरजग्गा धितोराखी BANK LOAN CONSULTANCY 9851032044

धितोफुकुवा घरजग्गा धितोराखी ऋण 9851014408

Cash Deposit विदेश जानकोलागि 9851008529

धितो फुकुवा Cash Deposit 9867894338

Cash Deposit for Students, 4419938, 9851151803

सेकेण्ड्याण्ड फर्निचर खरिदबिक्री 9841532917, 9808240332

Cash Deposit विद्यार्थीको लागि 9863427257

CASH DEPOSIT धितो फुकुवा ९८४१६०१३५४

आल्मुनियम पाटिसन झ्याढोका बनाउनुपरेमा 9851036714

सबै पुस्तकहरू ५०प्रतिशत छुटमा ९८५१०३०९७२

सेकेण्डहेण्ड फर्निचर, इलेक्ट्रोनिक्स खरिदबिक्रि 9851121926

Investers wanted for a secondary school. ROI guaranteed 9841659345

चिना हेर्न, लेख्नु परेमा ९८६३३८८७७९

पुरानो फर्निचर खरिदबिक्री चावहिल ९८१६९७८५९८

धितो फुकुवा, कर्जा, Audit 9813071975

**घरजग्गा राखेर ऋण चाहिएमा 9808176237**

**सुरक्षित लगानी राम्रो प्रतिफल 9851178887**

ज्योतिषशास्त्र १००% भनेकोपुगेलिने नपुगेनलिने ९८४१७५९४२५

स्कुल अफिसलाई स्टाफ चाहिएमा ९८४९१४३४६१

CASH DEPOSITED धितोफुकुवा अतिसस्तो ९८०३०९०१८३, ९८४३५७८९३०

BBS -License wanted contact 9863426481, 9863426482

लगानी गरौ दशहजार महिना ९८६१०७५०४८

Website Design and Development 9823317384

NGO, कम्पनि दर्ता गर्नुपरेमा ९८१०३६०३८८

## विविध बिक्रीमा

एकताबस्ती चौकैको किरानापसल विक्रिमा 9847271020

फोटोकपी पसल विक्रीमा नयबानेश्वर 9869173733

पिङ्गलास्थानमा फेन्सी पसल बिक्रीमा ९८२३६९१३९७

होटल एण्ड क्याफे बिक्रीमा सामाखुसी खरिबोट 9842630724, 9814904401

शान्दार म:म पसल तु.बिक्रीमा जडिबुटीचोक ९८४९५५८३६१, ९८२४६४४३४०

फेन्सी पसल सस्तोमा बालाजु 9841259977

गोगबु शिवमन्दिरनजिक चलिरहेको गेस्टहाउस बिक्रीमा ९८६९२४५५५२

**ठमेलमा चलिरहेको ६६बेडको टुरिष्टहोस्टेल बिक्रिमा ९८५११५९०५२**

नयांबसपार्क दुरसञ्चार चोकैको फेन्सीपसल बिक्रिमा ९८४१०७८०७४

भोटाहिटीमा 850sqft. मा बनेको ८बर्ष देखी राम्रो चलिरहेको ब्युटिपार्लर डेकुरेशनसहित तुरुन्त बिक्रिमा ९८४१३४५५९६, ९८०३९१९४९३

भाटभटेनी सुपर मार्केट, सेलवेज, बिगमार्ट, सँग आवद व्यापार गरिरहेको(थाइल्याण्ड) को हर्वल कस्मेटिक कम्पनी र ब्राण्ड बिक्रिमा ९८४१३४५५९६, ९८०३९१९४९३

जोरपाटीको जेन्स पार्लर बिक्रिमा ९८०८४९५८६८

Well decorated office 350000 चावहिल ९८६९४०००१६, ९८४१२४७६१६

बानेश्वर संगमचोकको मार्ट बिक्रिमा २०,००,०००।- ९८१८८९७९९४

ट्राभल्स एण्ड टुर्स विक्रिमा एयरपोर्ट 9861998767

बानेश्वरमा चलिरहेको व्युट्रिपार्लर विक्रिमा 9860069170

राम्रोचलिरहेको कम्प्युटर, ट्युसनसेन्टर बिक्रिमा ९८४१७७७६९३

तिनकुनेमा चलिरहेको होलसेल/किरानापसल तु.विक्रीमा ९८४३६६५५९४, ९८४०१८११८८

कपन मिलनचोकमा चलिरहेको मिठाई पसल बिक्रीमा ९८५१० ९५६५३, ९८६३३९४८४१

चलिरहेको Mobile, TV पसल विक्रिमा कुलेश्वर ९८५५०३०५५५

ललितपुरमा दर्ता भएको बहुउद्देशीय सहकारी ९८०८४८४१०६

स्वयम्भुको चलिरहेको क्याफे/रेष्टुरेण्टबिक्रिमा ९८५११८४०३७, ९८१३४१४५७६

रक्सी+किराना पसल बिक्रिमा नयाबजार ९८६५३५३४१२

धुलिखेल खावामा चलिरहेको रिसोर्ट बिक्रिमा:-9803254175, 9803227810

किराना पसल विकिमा तिनकुने 9843633872

तिनकुनेमा चलिरहेको भाडापसल तुविक्रिमा 9849606818

चलिरहेको Education consultancy विक्रीमा ९८५१०३८११७

कुर्ता पसल बिक्रीमा बसुन्धारा ९८४९९५२११५

ठमेलको रेष्टुरेण्ट, पव बिक्रिमा 9811300105

गङ्गाघरचोकमा चलिरहेको मोवाइलपसल बिक्रीमा ९८०७६६७६०५

चलिरहेको रेस्टुरेण्ट बिक्रिमा पुतलीसडक 9808446774

नयाँबानेश्वरमा Fully Furnished अफिस 9851130299

चलिरहेको रेस्टुरेण्ट तु.बिक्रिमा कुपनडोल 9861735853

सस्तोमा अर्जेन्टली रेष्टुरेन्ट बिक्रिमा ९८६९६८९५६७

चलिरहेको किराना पसल ९८४५४८५३७३, ९८५११७८७३०

चलिरहेको फेन्सीपसल बिक्रिमा बौद्धपिपलबोटसंगै साथै चाबहिलचोकमा खालीसटर बिक्रिमा ९८०८५६३१९३

माइतीघरमा रेष्टुरेण्ट विक्रीमा ९८१०११७८०२, ०१४२४१२०७

गिफ्ट स्टेशनरीपसल नयाबसपार्क पवित्रनगर ९८४९५२३७३७

मम हाउस बिक्रीमा माछापोखरीचोक ९८६३३३९३३३

फलामको दुईतल्ले खात बिक्रिमा, ९८४००६९९३८

सोल्टीमोडमा चलिरहेको रेष्टुरेण्ट तुरुन्तबिक्रिमा ९८६८२०४५८८

फेन्सी पसलबिक्रीमा ३,८०००० बानियाटार ९८२३३७०१२३

सस्तोमा कुर्तापसल वा खालीसटर बिक्रीमा मैतिदेवी ९८४९६३९२२२

सरस्वतीनगरमा चलिरहेको क्याफे बिक्रीमा ९८५१०३३७५५

चलिरहेको रेष्टुरेन्ट विक्रीमा 9860670441

जमल चोकको क्याफे विक्रिमा ९८४१४६८३६६

बनस्थलीमा चलिरहेको फेन्सीपसल बिक्रीमा 9818441672

फेन्सीतथा कुर्तासुरुवाल स्टोर विक्रिमा 9861973644

चलिरहेको डेरी पसल विक्रिमा 9869086517

जडिबुटीमा चलिरहेको दोलखाली गेष्टहाउस तुविक्रिमा 9803539744

गौशालामा 1100sq.ft. भएको फेन्सीपसल लगायतको खालीठाउँ तुविक्रिमा 9849097098

कुपण्डोलमा चलिरहेको क्याफे बिक्रिमा ९८६३६०४४७२

नयांबसपार्क नजिकै तन्दुरीक्याफे बिक्रीमा ९८४१५५३१८४

## निर्माण सफाई

ढलमंगाल ट्वाइलेट जामखोल्ने २५०। ९८५१०८९४१०

ढलमंगाल जामखोल्ने मर्मतगर्न ३५५ ९८५१०६९६३५, ९८४१४४६५६४

ढलमंगाल ट्वाइलेट जामखोल्ने २५०। ९८५१०१३५१२

ढलट्वाइलेट, मंगाल जामखोल्ने सस्तोमा 9860386626

ढलमंगाल ट्वाईलेट जामखोल्ने सस्तोमा 9851009672

ढलट्वाइलेट, मंगालबनाउने जामखोल्ने 9840540700, 9860053124

प्लम्बिङ इनारसफाई ढल, ट्वाइलेट, जामखोल्ने ९८५१११६०२२

सस्तोमा सेफ्टीटैंकी ढल ट्वाइलेट ९८५१०५६६६२

ढलट्वाइलेट, मंगाल, जामखोल्ने सस्तोमा 9869400856

ढलमंगाल बनाउने, जामखोल्ने 9849759072, 9863806904

ढलट्वाइलेट, मंगाल बनाउने जामखोल्ने 9849503019

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

सेफ्टीट्यांकी सफाई गाडीबाट सस्तोमा, ९८५१०८००९५

ढलमंगाल बनाउने जामखोल्ने सेप्टीटैंकी मेसिनबाट ९८४१४४८७७० होमप्रसाद

सेफ्टीट्याङकी सफाई गाडीमा १५००/ 9843768737

सेफ्टीट्याङकी ठूलोगाडीमा सफाइ मेसिनबाट 5251092, 9851024364

ढलमंगाल, ट्वाइलेट जामखोल्ने सस्तोमा 9851096233

ढलमंगाल ट्वाईलेट जामखोल्ने ७७५। मर्मतगरिन्छ ९८५१०१९८८९

ढलमंगाल जामखोल्ने सस्तोमा 9841634234, 9841176292

सस्तोमा ढलमंगाल, ट्वाइलेट जामखोल्ने 9808849489

सेफ्टीटैंकी सफाई २००० ९८४१६७३२३०, ९८५१०९९५७२

ढलमंगाल ट्वाईलेट जामखोल्ने सस्तोमा ९८४१६६३६६८

सेफ्टीटैंकी सफाई सस्तोमै १५०० ९८५१०८८५९२

सेफ्टीटैंकी सफाई भ्याकुमबाट ९८५१०४१३०१, ४४९८२४४

सेफ्टीटैंकी सफाई 9841212244, 9841488132, 01-5182401

सेफ्टीटैंकी सफाई सस्तोमा ९८४१३४३४८७, ४४६४५६८

भ्याकुमबाट सेफ्टीटैंकी सफाई 4487677, 4485999, 9851052299

सेफ्टीटैंकी सफाई गाडिबाट ९८५१११८२७९, ९८५१०८७०५८

## भाडामा

ललितपुरमा चांडै घरफ्ल्याट लिनदिन 9851085854

ललितपुरमा घरफ्ल्याट भाडामा लिनदिन 9869684053

नयां बानेश्वर ह्वाईटहाउस अगाडी अफिसको लागि उपयुक्त FLAT भाडामा खाली छ, सम्पर्क:- ४४६९४०५

घरभाडा लिनदिन परेमा Link Nepal 9741455638

**मैतिदेवी सेतोपुलको पेट्रोल पम्पबाट १०० मिटर दक्षिण कोरिडोरमा २० आना जग्गा भाडामा 9841320442**

गोठाटारको ६४-आनामा बनेकोटहरो भाडामा 9841039333

बुढानिलकण्ठ हाइटमा काठमाण्डौको मनोरम दृश्यावलोकन गर्नसकिने रिसोर्ट, क्याफेकोलागि उपयुक्त तीनरोपनी जग्गा भाडामा ९८४१७४०८२३

बत्तीसपुतलीमा सानो फ्ल्याट, २०,०००/- 9849046590

बालाजुदेखि स्वयम्भु, सितापाईला, कलंकी, बल्खु, धोबीघाट, एकान्तकुना, सातदोबाटो एरियामा रिङ्गरोडसँगै जोडिएको २देखि४ रोपनी जग्गा भाडामाचाहियो ०१४१०१७८८, ०१४१०१७८७

अफिसकोलागी घर फ्ल्याट भाडामा सामाखुसीचोक ९८५५०५८५५३

फ्ल्याट, बंगला, अफिसस्पेस लिनदिन सम्झनुहोला www.homeKtm.com 9801117335

नयांबानेश्वर शंखमुलस्थीत फ्ल्याट भाडामा ९८४३१४१२५०

काठमाण्डौं ललितपुरमा घरफ्ल्याट लिनदिन 9843715050

सुकेधारा लक्ष्मी बैक नजीकै १४ आनामा बनेको वंगला भाडामा 9851032747

बानेश्वरहाईटमा अफिसफ्ल्याट भाडामा 9841832692, 01-4483546

बंगला, फ्ल्याट भाडामा लिनदिन 9851169920

गोठाटारको १२-फिटेबाटोमा 6600-Sqf भएको कारखाना गोदामलाई उपयुक्त सुबिधा सम्पन्न टहरा भाडामा 9840149093

घर, जग्गा, टहरा भाडामा बत्तिसपुतली, द्वारिकाज होटल नजिक अफिस, सोरुम, गोदामलाई 9849267082, 4474419

कालिमाटीमा फ्ल्याट तथा कोठाहरू भाडामा ९८४०१८७९००, ९७४१४३९१११

आकर्षक फ्ल्याटहरू भाडामा, जरडक् चोक, तारकेश्वर न.पा., बालाजु ९८४१८३३६४४, ९८४१०७९८६४, ९८४११२९९६६

www.rentalnepal.com घरफ्ल्याट ,वंगला भाडामा लिनदिन/खरीदबिक्री ५५२२८९९, ९८५१०७५१८८

भनेकै जस्तो तुभाडामा लिनदिन ९८४१००५७४३

तुरुन्त भाडामा लिनदिन सम्झनुहोस् ९८६९३९३६९६

बानेश्वरहाईटमा अफिसफ्ल्याट भाडामा 9841832692, 01-4483546

कुमारीपाटी, नख्खु बागडोलमा बसोबास/अफिसकोठा 9841518206

## चाहियो

सातदोबाटोको नयांअफिसलाई अफिस्टाफहरू अर्जेन्ट 27,500/- 9818846992, 9861848292 सबैलेगनमिल्ने

Salesgirls/ Salesboys 15,500/- चाबहिलचोक 9811201660, 9851054287

सामाखुशीमा अफिस कर्मचारी 18,500/- 9841978850, 9814486553

साधारण सेक्युरिटीगार्ड तु.आवश्यकता १६०००/- 9803687770

खानबस्नसहित कलंकीमा स्टाफ 15,500/- 9803348585, 9846819731

गोंगबुलाई कर्मचारी 18,500/- 01-4020315, 9842918008, 9813261320

पढेनपढेकालाई धुपअगरबत्ती, डल्सपेपर कटिङ्गमारोजगार कामघरैमा गोंगबुचोक रु.२६,०००० ९८१३५८६५२२, ९८४५१३२७७१

अफिसकोलागी कर्मचारी तुआवश्यकता बौद्धजोरपाटी 35,000/- जोकोहिलेपनि गर्नसक्ने 01-4912287, 9818483843

वेरोजगारहरूलाई रोजगारको सुर्वण अवसर 32,500/-(कामगरेजति) चावहिलगोपीकृष्ण 9823691949, 9861497188

CG डिष्ट्रिब्युटर्स 23,500/- माछापोखरीचोक 9821964324

भु.पु. सिभील गार्डहरू चाहियो 9803090961

५१बजारप्रतिनिधि 23,500/- 9813667041, 9841949724, 9803809968 कोटेश्वर

कोटेश्वरको अफिसभित्र पार्टटाइम फुलटाइम कामगर्ने कर्मचारीहरू आवश्यकता २४,५००-४८,५००। 9810118432, 9808689685

अफिसलाई 11-Staff अर्जेन्ट 16,500/- चाबहिलचोक 9851087809, 9801110687

पसलमा कामगर्ने मानिस चाहियो 9851044706

चावहिल KLTowerसगैंको अफिसलाई स्टाफ १७,५००/- ९८६१०२८५३०, ९८१५६३३३९१

Cook Wanted Swoyambhu -15, 9849465010

चावहिल किचेनमा कुक, हेल्पर ९८५११५२८२४, ९८१३६९८७३६

डाईभर आवश्यकता experemance 5 years केसी टान्सपोर्ट सर्भिस नख्खु 9849322361 01-5525146

हस्पिटलको क्यान्टीनलाई स्टाफ M/F तु.चाहियो खानाबस्नको सुबिधा ९८१८९१४७०९

पसललाई मोटरसाइकल लाइसेंस भएका ९८१०२८६३६८

SS-Nepalलाई पढेनपढेका महिलापुरुष विद्यार्थिगृहिणी कामदारहरूको आवश्यकता 21000/- खाजाभाडा तिनकुनेचोक 01-5199302, 9818282550 गंगबुचोक 01-6224646, 9810281903

भोजनालयलाई ६वेटर लेडिज जेन्स ९८४९२०००९९

हेड कुक तुरुन्त चाहियो ९८४१९७४३२७

सिलाई सम्बन्धी महिलाहेल्पर कुलेश्वर 01-4280600 तलब-८०००।-

बालकुमारी खरीबाटेको अफिसभित्र पार्टटाइम फुलटाइम कामगर्ने कर्मचारीहरू २४,५००-४८,५००।- 9860032595, 9803771980, 013338898

कर्मचारी आवश्यकता 15,500/- 9851035560, 9813010589 तिनकुने

रेष्टुरेण्टको लागी कुक, किचन हेल्पर र स्टोर किपरको आवश्यकता 9851177790, 9851237464

अफिसकोलागी कर्मचारी तुआवश्यकता सातदोबाटोग्वार्को 17,500 खाजाभाडाबोनस जोकोहिलेपनि गर्नसक्ने 01-6224661, 9818814045 ,9860909814

मिडियाको लागि कर्मचारी तु.आवश्यकता ९८०८४७८८३३

परीवेश महत वाटर प्रालीकोलागी वोट्र लेवलिङ्ग र नेकसेलिङ्गगर्ने कर्मचारीचाहियो अनुभविलाई ग्राह्यतादिइने तलब 10000, 9841022421, 014021713

सिमिकोट, हुम्ला स्थित होटलकोलागि १जना इन्डीयन तथा कन्टिनेन्टल कुकको तु.आवश्यकता, मासिकतलब-३०,०००। सम्पर्क: ९८५१०१११०५

सहकारीलाई क्यासियर, रिसेप्सनिस्ट, बजारप्रतिनिधी चाहियो चाबहिल ०१-४४९९८४६, ९८४१२८९८३२

वेल्डीङमित्रि, हेल्पर, पेन्टर चाहियो 9801155854, 9818601384

कुक, हेल्पर, मसाल्ची खानबस्नसुविधा ठीमी राधेराधेमा 9810469444

आर्जन मल्टिप्रपोज अफिसलाई पढेनपढेका स्टाफहरू 15000- 30000 गाडीखाजा कामसबैले गर्नमिल्ने 01-5545189, 9803877828

CG कम्पनीलाई खानबस्नसहित 21,500/- कलंकी 9818349140, 9843386749

Salesman 15,000/- नयांबानेश्वर 9811038434, 9840051363

CG कम्पनीलाई खानबस्नसहित SEE-कर्मचारी 21,500/- 9841284873 माछापोखरी

कस्मेटिकभित्र खानबस्नसहित कर्मचारी 12,000/- 9823280255

Established Hotel in kathmandu Require experienced cooks, Receptionists, Housekeeping incharge, Waiters, 9851036778

स्कूललाई कामगर्नेदिदि 8000+ खाजा 9813255043

**रेष्टुरेन्टको लागि वेटर-३, किचन हेल्पर-२, झम्सिखेल ललितपुर, 9841242683**

बसुन्धाराको NGO अफिसलाई कर्मचारी अर्जेन्ट 19,000/ 9808962167

भ्यालिबाहीर अलराउण्डरकुक २५०००।- फास्टफुडकुक २००००।- वेटरहेल्पर डिसवासर १२०००।- 9846871521, 9860376873

रेष्टुरेण्टकोलागि लेडिज किचेनहेल्पर, वेटर खानेबस्ने सुबिधा ९८४१४१२६२२

स्पाकोलागि महिला मसाजथेरापिस्ट चाहियो ९८०८९८४०२७

दरवारमार्गमा पसलको लागी जेन्सस्टाफ चाहियो 01-4226043, 9803284008

कुक, कुकहेल्पर, मसाल्ची, वेटर ९८६०४५३७७७, ०१४६७२४४८ कुलेश्वर

LKG, One, Two Grade Teachers, Socialstudies, Science Primary Mathematics, English, Nepali, Accounts Secondary Teachers 9860054246

टेलिचलचित्रमा कलाकारहरूको तु आवश्यकता ९८०८०६७२८१

कोटेश्वरको रेष्टुरेन्टमा वेटर, सफागर्ने महिला ९८१८२१०३६५

Residential Office Peon 9 class Pass, Minbhawan 9851138034

भारतको उडिसा, गुजरातमा सरकारी, पानीजहाज कम्पनिभित्र ड्युटिगर्ने ६५जना सेक्युरिटीगार्ड अर्जेन्ट, संचयकोष, बोनस, खानबस्न, तलब: भु.पु-३२,०००।-, सिभिल-२२,४००। ०१४९१६६८९, ९८५११५०५२३, ९७४१४२७४००

भक्तपुर कस्मेटिकलाई स्टाफ 12,500/- 9808603911

**SEE,+2 स्टाफ 15,500/- सुकेधारा 9818353769**

गठ्ठाघर कस्मेटिकलाई स्टाफ 12,500/- 9808603911

कस्मेटिकमा ईमान्दार कर्मचारी 16,500/- 9823448984

**जिल्ला प्रतिनिधीहरू ३८,०००।(फिक्स) ९८१८९२५४६४**

मध्यपुररेष्ट्रो कौशलटारलाई मेनेजर, वेटर हेल्पर चाहियो ०१-५६३९३५१, ९८०२०४८४६८

पानी टयांकरलाई अनुभवी हेभी ड्राइभर, ५०,०००।-, ९८०११५१४२६

रमेश खाजाघर नयांबानेश्वरकोलागी कुक, वेटर (लेडिज/जेन्स) ९८५१०३३०३४, ९८५१०२४६७२

Experience Cook-2, Experience Thakali Cook-1 Waitress -2 सामाखुसी टाउनप्लानींग 01-4356058, 9802019004

कुक, हेल्फर, वेटर, मसाल्ची चाहियो मध्यबानेश्वर 9840094806, 9851049217

प्रसारणरत सिरियलमा कलाकारहरू ईर्मजेन्सी नजान्नेलाईनि प्राथमिकता 9849327092

बुद्धनगर गर्ल्स होस्टलको लागिमहिलाकामदार चाहियो ९८४१६५७८८५

अर्जेन्ट लेडिज वेटर चाहियो 9803079129

श्वयम्भु अलरा. कुक रु.१५,०००-२०,०००/- 9803713323

Boston School Kalopul Requires Lower Secondary English, Maths, Science Teachers 9851009486

सुटिङ्गरत सिरियलमा कलाकारहरू इमरजेन्सी नजान्नेलाईनी प्राथमिकता ९८०३१९०१८८

बोडिङ्गमा कुक, पिउन दम्पती चाहियो ९८४१२२७४८६

मासु पसललाई कर्मचारी चाहियो ९८४९३०७४७६

बालुवाटारस्थित प्रिन्टिङ प्रेसमा चेक तथा हाइडलबर्ग मेसिन अपरेटर र हेल्पर चाहियो ९८०१०६१४७३

कस्मेटिकभित्र इमान्दार कर्मचारी 10,000/- 9843767410

चलचित्र तथा टेलिसिरियलकोलागी नवकलाकार ९८४१०८४१६७, ९८२१८१२१८६

Hostes 2ladies GRO 2ladies JUJUBA Loungebar kingswayTower Dubarmary 014229728, 9849207560

All level science, Math, English, computer, Moral,Social teachers-attractive salary- 9849143461, 9823677368 Mail-shahjob2017@gmail.com

ज्याठास्थित एकप्रतिष्ठित होटलकोलागी मेनेजर रिसेप्सनिष्ट कुक, कुकहेल्पर,वेटर ०१४२४९९६९, ०१४२४९९३६

साप्ताहिक पत्रिकालाई बजारप्रतिनिधि तु.चाहियो 9851160286

भ्यानमा डेलिभरीब्वाई तलब ११०००-१३०००।- 9869727474

Primary Science Sosialstudies Nepali English Account teachers 9851117184

कम्प्यूटर चलाउन जान्ने लेडिज ९८०३३५९५२१

**सामान डेलीभरी गर्नको लागि केही केटाहरू तु.चाहियो ९८५१०००२८८**

नयांबानेश्वरको मासुपसलमा कामदार चाहियो ९८४१४३२८६३

तिनकुनेमा क्याफेकोलागि अलराउण्डर कुक-१, लेडिज वेटर-१ ९८५११६६६८३, ९८४३८५९७३८

English, Math, UKG, Teacher 9841322051 Lalitpur-14

स्टार होटलको लागि वेटर चाहियो खानेबस्ने सुविधासहित ९८४१४१२०२४

भु.पु. आर्मी सेक्यूरीटीगार्ड चाहियो एरिया कलंकी, पाटन स्यालरी १६,०००/- 9849885586, 9808732413

Restaurant को लागि हेल्पर चाहियो 9861509877, 9851203987

**लाईटगाडी र वाईकको लाईसेन्स भएको प्राइभेट ड्राईभर 9851045138**

बेकरीकोलागि मिस्त्री,हेल्परहरू ६०००-२००००। ९८०८७३६२८०, ९८०३०२९६०७

ग्रीलमा हेल्पर मिस्त्री चाहियो ९८४३४८८१५७

बाईक भएको डेलिभरीगर्ने स्टाफ चाहियो, त्रिपुरेश्वर ०१४२१५४५५, ९८०११४८५१५

सेक्युरिटि कम्पनीको लागी मार्केटिङ्ग तलब/कमिसन ०१४४९९२८९, ९८१८३५१६७१

भुपु सिभिल सेक्युरिटिगार्ड आवश्यकता तलब १५०००/- ०१४४९९२८९, ९८१८३५१६७१

ठमेललाईन अफिसलाई कर्मचारी 17,500/- 9806750218, 9849365964

Salesman 17,500/- माछापोखरी 9818289163, 9803605757

बौद्धमा फेन्सीपसलको लागिअनुभवी सेल्सगर्ल्स चाहियो 9808939327

महाराजगञ्जमा RFC क्याफेकोलागि अनुभवी वेटर, हेल्पर, मसाल्ची 9841051602, 9849700740

Graphic डिजाइनर चाहियो लेडिजलाई प्राथमिकता Photoshop and Freehand जान्ने 9841434675

रेष्टुरेन्टकोलागी अनुभविकुक-२, वयटर-१ चाहियो नखिपोट 9851110440

पेप्सीकोला टाउनप्लनिङ्गनजिकै खुल्नलागेको रेडिमेट फेन्सीसोरुममा दुईजना लेडिजस्टाफ चाहियो सोएरियाकोलाई प्राथमिक्ता दिईनेछ 9851068526

होटलकोलागी वेटर, हेल्पर चाहियो ९८५१११०६६०

रातोपुल, बालकुमारी शंखमुल एरियामा घरमा कामगर्ने महिला अर्जेन्ट चाहियो ०१-४७८८६०४, ९८५१२२७६१६

पढेनपढेकाहरूलाई धुपअगरबत्ती, पेपरकटिङ्ग, चाइनिजमाला बनाउनेमा रोजगार रु.१८,५०० (कामगरेजती) चाबहिल ०१-४४८७८७८, ९८०३०२४४२७

कुक १८,०००। वेटर १०,०००। ९८४३६५२१७५

## मर्मत

ढलमंगाल ट्वाइलेट जामखोल्ने २५०। ९८५१०८९४१०

ढलमंगाल ट्वाइलेट जामखोल्ने २५०। ९८५१०६१३३१

ढलट्वाइलेट मंगाल जामखोल्ने सस्तोमा 9851024861

सेफ्टीट्याङ्की, ढलट्वाइलेट, मंगाल, जामखोल्ने 9851024676

ढलट्वाइलेट मंगाल जामखोल्ने साथैमर्मत 9807622373

ढलमंगाल, ट्वाइलेट जामखोल्ने सस्तोमा 9851039094

ढलमंगाल, ट्वाइलेट जामखोल्ने १०० 9849998884

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

ढलट्वाइलेट मंगाल खोल्ने सस्तोमा 9815889950

ढलमंगाल ट्वाईलेट जामखोल्ने १५०। ९८४१२६६९५०

ढलमंगाल ट्वाईलेट जामखोल्ने सस्तोमा ९८४१०७२९६९

नयांपुरानो Computer, Laptop खरिदबिक्री मर्मत 9851135511

ढलमंगाल, ट्वाइलेट जामखोल्ने सस्तोमा 9841881901

ढलमंगाल ट्वाईलेट जामखोल्ने सस्तोमा 9841663344

घरैमा T.V., फ्रिज 01-4464254, 9841296192

TV, Computer ग्यारेन्टीसाथ घरैमामर्मत 01-4215169, 9841688285

TV-LED, LCD घरैमा मर्मत ग्यारेन्टीसाथ 9869802794, 9869802785

ढलमंगाल ट्वाईलेट जामखोल्ने ९८६२२१९९३८, ९८६९७५५६०५

## भर्ना

लोकसेवा आयोगको फरेस्टर सिनियर गेमस्काउट तयारी लेखकबाट ९८४८४०६९३४, ९८४३२५६१४४

लोटस गर्ल्स होस्टेल नयांबानेश्वर 9846579853

## तालिम

फ्रिहाउसवाईरीङ, इण्डस्ट्रियल वाइएरीङ, प्लम्बीङ, कम्प्युटर ९८५११७७३४१

डोजरअपरेटर तालिम (ब्याकहो, लोडर, एक्साभेटर) रु२०,०००/- होस्टेलफ्रि ९८०८१७८८४२

एक्साभेटर अपरेटरर्स तालिम CTEVT ९७५१०९८३३३

५०% छुटमा बेकरी, हाउसकिपिङ्ग, कफीमेकिङ्ग, ९८५११९६८२२

CTEVT मान्यताप्राप्त मोबाइल, ल्याप्टप, हाउसवाइरिङ्ग, प्लम्बिङ्ग, मोटररिवायन्डिङ्ग, एसीफ्रीज, कोरियनभाषा ०१४२७४२१७, ९८१८३९७५३४

मोबाईल Laptop हार्डवेयर हाउसवायरिङ्ग मोटररिवाइण्डिङ्ग एसीफ्रिज 9860235388

निशुल्कमा मोवाईल, ल्यापटप, हाउसवायरिङ्ग 9803471693

## उपचार

हातगोडा झम्झमाउने, पोल्ने, दुख्ने, सुन्नीने, बाथरोगको सफल उपचारको लागि सम्पर्क: ०१-५५४१३०३

पायल्स फिस्टुलाफिसरको विनाअप्रेशन उपचार 9841902394

पाईल्सको उपचारकासाथै घरमै औषधी डेलिभरी सुविधा ९८४१२४०७६०

## बिहावारी

५० बर्षिय डिभोर्स बरलाई ३०-४० सम्मको बधु चाहियो ०१-४६२०२०४, ९८६९६०२९१८

बैंकिङ्ग सेवामाकार्यरत केटाको लागि स्टाफ नर्स वाआईएससी पास नेवार कन्याको आवश्यकता सम्पर्क ९८६९६८६८८०

अष्ट्रेलिया जानलागेका हाम्रा २७बर्षिय MSC छोराकालागि खान्दानी, ब्राम्हण बधुचाहियो BSCNurse +Engineerलाई प्राथमिकता, अभिभावकले सम्पर्कगर्नुहोला ९८४११३९००८, ९८६८१५६९२४, ९८१३३६२०७१



गहुँ उत्पादन घट्दो
अर्घाखाँचीको पाखामा गहुँ काट्दै महिला ।

# अर्थ वाणिज्य

kantipurdaily.com

## पुनर्निर्माणमा सरकारले खर्चियो १ खर्ब

**कान्तिपुर संवाददाता**

काठमाडौं- भूकम्प गएको करिब ३५ महिनामा सरकारको बजेट प्रणालीबाट १ खर्ब १ अर्ब ६२ करोड रुपैयाँ खर्च गरेको छ ।

सरकार, द्विपक्षीय तथा बहुपक्षीय दाताबाट प्राप्त रकमसहित सरकारले हालसम्म उक्त रकम खर्च गरेको हो । पुनर्निर्माणको पाँचवर्षे अवधिमा खर्च गर्न आवश्यक ९ खर्ब ३८ अर्ब रुपैयाँमध्ये यो करिब ११ प्रतिशत मात्रै हो । हालसम्म भएको खर्चमा अन्य केही गैरसरकारी संस्थाहरूहरूको रकम समावेश छैन । 'उनीहरूले पुनर्निर्माण क्षेत्रमा गरिरहेको खर्च संकलन हुँदै छ,' पुनर्निर्माण प्राधिकरणका सहप्रवक्ता भीष्मकुमार भुसालले भने, 'त्यसपछि हालसम्म कति खर्च भएको भन्ने वास्तविक रकम निस्कन्छ ।' उनका अनुसार केही गैरसरकारी निकायहरूले सरकारको बजेटमा सहभागी नभई सरकारसँग अनुमति लिएर पुनर्निर्माणलाई सघाइरहेका छन् । उनीहरूले खर्च गरिसकेको स्थानमा सरकार अथवा अर्को निकायले खर्च गर्नु पर्दैन ।

प्राधिकरणले बिहीबार गरेको चालु आर्थिक वर्षको दोस्रो चौमासिक समीक्षाअनुसार सबैभन्दा बढी नेपाल सरकारको आफ्नै स्रोतबाट खर्च भएको छ । सरकारको ५० अर्ब ७० लाख २२ हजार रुपैयाँ खर्च भएको छ । बाँकी रकम ९ दातृ निकाय तथा विकास साझेदारबाट पुनर्निर्माणमा खर्च भएको हो । हालसम्मको खर्चमध्ये अधिकांश रकम पुनर्निर्माण अनुदामा वितरण भएको छ । सरकारले भूकम्पले पूर्ण रूपमा क्षति पुऱ्याएको घर पुनर्निर्माण गर्न पहिलो किस्तामा ५० हजार रुपैयाँ, दोस्रोमा डेढ लाख र तेस्रो किस्तामा १ लाख रुपैयाँ दिने निर्णय गरेको छ ।

| खर्च गर्ने निकाय | खर्च |
|---|---|
| नेपाल सरकार | ५०,००,७०,२१,९९१ |
| एडिबी | ५,३३,०९,९०,९४४ |
| जेएफपीआर | ११,०५,१८,८०२ |
| आईडीए | १५,४८,५२,४२,०७० |
| आईएमएफ | ३७०२९५०००० |
| चीन | ५३,६०,५०,००० |
| भारत | ५,४३,६८,००,००० |
| जापान- जाइका | ९,७२,५२,५५,५४३ |
| युरोपियन युनियन | ८,९८,४१,५०,६५४ |
| पुनर्निर्माण संयुक्त कोष | १,२५,७८,००,००१ |
| विश्व बैंक- ट्रस्ट कोष | १,०४,४५,००,००० |

प्राधिकरणका अनुसार हालसम्म १ लाख १२ हजार ४ सय ५३ वटा घर निर्माण भइसकेका छन् । पुनर्निर्माण हुनुपर्ने घरहरूमध्ये यो संख्या करिब १५ प्रतिशत मात्रै हो । भूकम्पले ७ लाख ६७ हजार ७ सय ५ वटा घर पूर्ण रूपमा क्षति बनाएको छ । यसमध्ये हालसम्म पहिलो किस्ताको ५० हजार रुपैयाँ ६ लाख ८९ हजार ९ सय १२ परिवारले बुझिसकेका छन् । २ लाख ७९ हजार ३ सय २५ परिवारले दोस्रो किस्ताको १ लाख रुपैयाँ पाइसकेका छन् । तेस्रो किस्ताको १ लाख रुपैयाँ पाउने ६५ हजार ५ सय ४ रहेको समीक्षामा उल्लेख छ ।

समीक्षामा कतिपय पुनर्निर्माणको कार्यहरूको प्रगति सन्तोषजनक नरहेको औंल्याइएको छ । प्रगतिका लागि तत्काल गर्नुपर्ने केही सुझावसमेत पेस भएका थिए । समीक्षाअनुसार सरोकारवालाबीच समन्वय, ३२ वटै जिल्लाका गुनासालाई प्राथमिकतासाथ व्यवस्थापन गर्ने, जोखिमयुक्त बस्ती स्थानान्तरणलाई तीव्रता दिने, निर्वाचित प्रतिनिधिहरूसँग संवाद र अन्तरक्रिया बढाउने लगायतका कामहरू प्राधिकरणले अघि सारेको छ । 'घर सम्पन्न भएकालाई एकमुष्ट ३ लाख रुपैयाँ अनुदान दिने व्यवस्थालाई कार्यान्वयनमा लैजाने,' समीक्षामा भनिएको छ, 'पुनर्निर्माण लाभग्राहीलाई प्रबलीकरण लाभग्राहीमा र प्रबलीकरण लाभग्राहीलाई पुनर्निर्माण लाभग्राहीमा परिवर्तन गर्ने व्यवस्थालाई प्रचार प्रसारसहित कार्यान्वयनमा लैजाने । प्रबलीकरणको व्यवस्थापकीय पक्ष सुल्झाउने ।'

प्राधिकरणका अनुसार समीक्षामा पुनर्निर्माणसँग सम्बन्धित सबै मन्त्रालय तथा सरकारी निकायले गरेको प्रगति, समस्या, चुनौती र तिनको समाधानका विषयमा छलफल भएको हो ।

'स्वास्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, कृषि विभाग, सिँचाइ विभाग, खानेपानी तथा ढल निकास विभाग, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, पुरातत्त्व विभागका तर्फबाट पनि प्रगति प्रस्तुत गरियो,' प्राधिकरणको विज्ञप्तिमा भनिएको छ । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल एवं राष्ट्रिय अनुसन्धान विभागका प्रतिनिधिहरूले भौतिक संरचनाहरूको पुनर्निर्माणको प्रगति तथा लक्ष्यबारे जानकारी गराएका थिए ।

प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत युवराज भुसालले समीक्षामा प्रस्तुत समस्याहरू समाधान गर्न प्राधिकरणले पहल गर्ने बताए ।

## बैंकहरूलाई विदेशबाट ऋण लिन बाटो खुल्यो

**यज्ञ बञ्जाडे**

काठमाडौं- वाणिज्य बैंकहरूले विदेशी बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन पाउने भएका छन् । बिहीबार बसेको राष्ट्र बैंक सञ्चालक समितिको बैठकले 'वाणिज्य बैंकहरूलाई विदेशी बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन पाउने सम्बन्धी व्यवस्था' पारित गरेपछि यस्तो बाटो खुलेको हो । विगत लामो समयदेखि बैंक तथा वित्तीय संस्थामा देखिएको लगानीयोग्य रकम अभावको समस्या व्यवस्थापन गर्ने उद्देश्यले राष्ट्र बैंकले यस्तो नीति ल्याएको हो । नेपालमा पहिलोपटक यस्तो नीति बनेको हो । यसअघि बैंक तथा वित्तीय संस्थाले विदेशी बैंकबाट ऋण लिन पाउने व्यवस्था थिएन ।

अर्थमन्त्री युवराज खतिवडाले पदभार ग्रहण गरेलगत्तै तरलता व्यवस्थापन गर्न वाणिज्य बैंकहरूलाई विदेशबाट ऋण लिन पाउने व्यवस्था गरिने बताएका थिए । त्यसपछि सम्बन्धित कानुन बनाउन अर्थ मन्त्रालयलाई निर्देशन पनि दिए । सोही निर्देशनका आधारमा राष्ट्र बैंकले 'वाणिज्य बैंकहरूलाई वित्तीय स्रोत व्यवस्थापनका लागि परिवर्त्य विदेशी मुद्रामा विदेशी बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन पाउनेसम्बन्धी' नीति बनाएको हो ।

बैंकहरूले विदेशी बैंकहरूबाट ऋण लिन पाउने सम्बन्धी नीति सञ्चालक समितिबाट स्वीकृत भइसकेको र दुई-तीन दिनमै निर्देशन जारी हुने राष्ट्र बैंकका सहप्रवक्ता राजेन्द्र पण्डितले बताए ।

> सबै बैंकले आफूलाई प्राप्त अधिकतम सीमा बराबर ऋण लिने हो भने करिब ७५ अर्ब रुपैयाँभन्दा बढी लगानीयोग्य रकम जुट्ने

नयाँ व्यवस्थाअनुसार वाणिज्य बैंकहरूले राष्ट्र बैंकबाट अनुमति प्राप्त गरेर विदेशी वित्तीय संस्थाबाट ऋण लिन सक्नेछन् । 'बैंकहरूले प्राथमिक पुँजीको बढीमा २५ प्रतिशतसम्म विदेशी बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन सक्नेछन्,' उनले भने, 'बैंकहरूले १ देखि ५ वर्षसम्मका लागि यस्तो ऋण ल्याउन पाउनेछन् ।' यसरी ल्याइएको ऋण बैंकहरूले राष्ट्र बैंकले तोकेको उत्पादनमूलक क्षेत्रमा मात्र लगानी गर्न पाउनेछन् । 'बैंकहरूले जलविद्युत्, कृषि, पर्यटन, रेलवे सेवालगायत भौतिक पूर्वाधारहरूमा लगानी गर्नुपर्नेछ,' पण्डितले भने, 'हाम्रो उद्देश्य त्यस्तो ऋण अनुत्पादक क्षेत्रमा नजाओस् भन्ने हो ।'

हाल २८ वटा वाणिज्य बैंकहरूको प्राथमिक पुँजी करिब सवा ३ खर्ब रुपैयाँ छ । सबै बैंकहरूले आफूलाई प्राप्त अधिकतम सीमा बराबर ऋण लिने हो भने तत्काल करिब ७५ अर्ब रुपैयाँभन्दा बढी लगानीयोग्य रकम जुट्ने देखिन्छ । यसको अर्थ राष्ट्र बैंकबाट अनुमति पाउँदैमा सबै बैंकहरूले ऋण पाइहाल्छन् भन्ने हुँदैन । ऋण लिनका लागि यहाँका बैंकलाई विदेशी बैंक तथा वित्तीय संस्थाले पत्याउनुपर्छ । यसकारण पनि सबै पैसा आउने सम्भावना नरहेको विज्ञहरू बताउँछन् ।

यसरी ल्याइने ऋणमा नेपाली बैंकहरूले कुनै प्रकारको धितो वा बैंक ग्यारेन्टी दिन नपाइने सहप्रवक्ता पण्डितले बताए । 'यो क्लिन ऋण हो, बैंकहरूले कुनै प्रकारको धितो वा ग्यारेन्टी दिन पाउँदैनन्,' उनले भने ।

बैंकहरूले ६ महिनाको लाइबर (लन्डन इन्टर बैंक अफर रेट) दरमा ३ प्रतिशत विन्दु थप गरी ऋण लिने सक्ने व्यवस्था राष्ट्र बैंकले गरेको पण्डितले बताए । बिहीबारसम्म ६ महिनाको लाइबर दर २.४४ प्रतिशत छ । उक्त दरमा ३ प्रतिशत विन्दु थप गर्दा बैंकहरूको लागत ५.४४ प्रतिशत हुन आउँछ । यस्तो ऋण परिवर्त्य विदेशी मुद्रामा ल्याइने भएकाले जोखिम कम गर्न 'हेजिङ' गर्नुपर्छ । यसका लागि करिब डेढदेखि २ प्रतिशतसम्म लाग्ने अनुमान गरिएको छ । यसकारण विदेशबाट ल्याउने ऋणको लागत लगभग ८ प्रतिशत पुग्ने देखिन्छ । तर, उपभोक्ताले भने धेरै सस्तोमा ऋण पाउने छैनन् । राष्ट्र बैंकले सो ऋणलाई पनि अन्य ऋणसरहकै ब्याजदरमा लगानी गर्न छुट दिएको छ । 'बैंकहरूले तोकिएको उत्पादनमूलक क्षेत्रहरूमा प्रचलित ब्याजदरमा ऋण प्रवाह गर्न पाउँछन्,' राष्ट्र बैंकका एक उच्च अधिकारीले भने ।

## बार्कलेजलाई दुई अर्ब जरिवाना

काठमाडौं (एजेन्सीहरू)- अमेरिकी सरकारले बेलायती बैंक बार्कलेजलाई दुई अर्ब डलर जरिवाना तिराएको छ । बैंकलाई सन् २००८ वित्तीय संकटका बेलामा धितोमा आधारित सुरक्षणपत्रको कारोबार गर्दा झुटा विवरण दिएको ठहर गर्दै मुद्दा दायर भएको थियो । 'बार्कलेज' ले अमेरिकी सरकारले दायर गरेको मुद्दा सल्टाउन २ अर्ब अमेरिकी डलर भुक्तानी दिन बिहीबार सहमत भएको बीबीसीले जनाएको छ ।

अमेरिकी सरकारले बैंकद्वारा लगानीकर्ताहरूलाई भ्रममा राखेर ऋण लगानीमा अपनाउनुपर्ने सुरक्षा र गुणात्मकतालाई बेवास्ता गर्दै वित्तीय संकटमा पुऱ्याएको आरोप लगाउँदै मुद्दा चलाएको हो ।

भुक्तानी गर्ने सहमति जनाएलगत्तै बार्कलेजका प्रमुख कार्यकारी अधिकृत जेस स्टेलेजले भने, 'हामीले एउटा निष्पक्ष र मध्यमार्गी समाधानको उपाय अवलम्बन गरेका छौं । समस्या समाधानका लागि हामीले गरेको सहमतिबाट हामी प्रसन्न छौं ।' बैंकले समस्या समाधान गर्नेबारे आफ्नो सहमति जनाएर प्रचारमा जुटे पनि संस्थागत दायित्वलाई भने अझै स्वीकार नगरेको सञ्चारमाध्यमहरूले जनाएका छन् । न्युयोर्कस्थित इस्टर्न डिस्ट्रिकका अमेरिकी न्यायाधिवक्ता रिचार्ड डानोघुले भने, 'बार्कलेजद्वारा पर्याप्त दण्ड तिर्न र उसका कर्मचारीहरूले राष्ट्रिय अर्थव्यवस्था तथा आवासीय धितोमा आधारित सुरक्षणमा लगानीबाट भएको नोक्सानको क्षतिपूर्ति गर्न महत्त्वपूर्ण कदम उठाएको छ ।'

बार्कलेजले समस्या समाधानबारे अमेरिकी न्याय विभागद्वारा 'सबै वास्तविक र सम्भावित नागरिक दाबीहरू' को हल गरेको प्रतिक्रिया दिएको छ । कार्यकारी प्रमुख स्टेलीले भने, 'समस्या समाधानका लागि बैंकको व्यवस्थापन टोलीले सुरुदेखि नै सम्भव भएसम्मका उपाय अवलम्बन गर्दै आएको छ । त्यसैले यो मुद्दाको समाधान सही समयमा उचित तरिकाले भएको हो ।' उनले अघिल्लो वर्ष मात्रै कम्पनीले आफ्नो पुनर्गठन गर्दै महत्त्वपूर्ण विषयलाई सही तरिकाले समाधान गर्ने तयारीमा रहेको बताए । उनले थपे, 'बार्कलेज सही रूपमा अगाडि बढ्दै बलियो आम्दानी सिर्जना गर्नका लागि अग्रसर छ । समयको मागअनुसार हाम्रा सेयरधनीको आम्दानीको बढीभन्दा बढी हिस्सा फिर्ता गर्नसमेत बैंकले तयारी थालिसकेको छ ।' मुद्दामा मुछिएका बार्कलेजका पूर्वकर्मचारीहरूले समेत आफ्नो तर्फबाट दुई मिलियन अमेरिकी डलर भुक्तानी गर्न सहमति जनाएका छन् । बार्कलेजका सबप्राइम सेक्युरिटाइजेसन प्रमुख पउल मेनेफी र जोन क्यारोलले सबप्राइम ऋण अधिग्रहणका क्रममा बैंका मुख्य व्यापारीले उनीहरूविरुद्ध उजुरी दिएका थिए । उक्त उजुरीपछि पउल र जोनले रकम दिने सहमति जनाएका हुन् ।

संघीय वकिलहरूका अनुसार कथित योजनामा ३६ वटा आवासीय धितोमा आधारित सुरक्षण सुम्पेका थिए । जुन ३१ अर्ब अमेरिकी डलरभन्दा बढीको थियो । यसका लगानीकर्ताहरूमा क्रेडिट युनियन, पेन्सन योजना, परोपकार र धार्मिक संगठन, युनिभर्सिटी र वित्तीय संस्थाहरू समावेश छन् ।










## तीन हजारको स्वास्थ्य बिमा

खोटाङ (रासस)- सरकारले सञ्चालन गरेको पहिलो चरणको स्वास्थ्य बिमा अभियानमा जिल्लाका ३ हजार १ सय ४२ जनाले नाम दर्ता गराएका छन् । उपचार खर्च अभावमा अकालमा ज्यान गुमाउन बाध्य नागरिकको जीवनरक्षाका लागि सरकारले ल्याएको कार्यक्रमबाट लाभ उठाउन उनीहरूले बिमा गरेका हुन् ।

# भन्सार सुविधा रोक्ने टर्कीको चेतावनी

■ सुरेशराज न्यौपाने

नयाँदिल्ली- टर्की सरकारले नेपाली धागोमा दिँदै आएको भन्साररहित सुविधा रोक्ने चेतावनी दिएको छ । एक्रेलिक यार्न (पोलिस्टर र फाइबर कच्चा धागो) नेपाली उद्योगहरूको क्षमताको तुलनामा अस्वाभाविक परिमाणमा निकासी भएको सम्बन्धमा आवश्यक छानबिन र समस्या समाधानका लागि तदारुकता नदेखाएको भन्दै टर्कीले भन्सार सुविधा रोक्ने चेतावनी दिएको हो ।

स्रोतका अनुसार नयाँ दिल्लीस्थित टर्की राजदूतावासले नेपाली धागोलाई दिँदै आएको भन्सार सुविधा कुनै पनि बेला हटाउन सक्ने चेतावनी अनौपचारिक रूपमा नेपाली पक्षलाई दिइसकेको छ । टर्कीले त्यो सुविधा हटाएको खण्डमा शिथिल बन्दै गएको निर्यात व्यापारलाई अर्को झट्का लाग्नेछ । टर्की नेपाली धागोको सबभन्दा ठूलो बजारमध्येमा पर्छ । विशेषगरी उद्योग वाणिज्य संघहरूबाट जारी हुने सर्टिफिकेट अफ ओरिजिन (उत्पत्तिको प्रमाणपत्र) मा लापरबाही गरिएको र त्यसको

### कच्चा धागो निर्यात

आडमा मलेसिया, थाइल्यान्डलगायतका उत्पादन निकासी गरिएको आशंका टर्कीले गरेको छ ।

टर्कीले अतिकम विकसित मुलुक (एलडीसी) ले पाउने जनरल प्रिपरेन्सिअल टयारिफ ट्रिटमेन्ट अर्थात् भन्साररहित सुविधा कच्चा धागोको निर्यातमा नेपाललाई दिँदै आएको छ । आकर्षक मूल्य र त्यही सुविधाका कारण नेपाली धागोका लागि टर्की प्रमुख बजार बनेको हो । काठमाडौंस्थित व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्रका अनुसार २०१७ बाट भएको नेपालबाट ४ करोड अमेरिकी डलर मूल्यको धागो निकासो भएकामा टर्कीमा मात्रै ३ करोड ४० लाख डलर बराबरको टर्की निर्यात भएको थियो । करिब एक दर्जन मुलुकमा नेपाली धागो निर्यात हुने गरे पनि टर्कीले सबैभन्दा राम्रो भाउ दिने गरेको छ ।

भारतीय बजारमा नेपाली धागोले औसत प्रतिकेजी १.७ डलर मूल्य पाउने गरेकामा टर्कीमा भने उक्त दर ३.२ डलरभन्दा माथि रहने गरेको छ । आकर्षक मूल्य र भन्साररहित सुविधाका कारण पनि नेपाली धागोका लागि टर्की प्रमुख बजार बन्दै गएको हो । व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्रका अनुसार पछिल्लो पाँच वर्षमा टर्कीतर्फको नेपालको सिन्थेटिक यार्नको निर्यात औसत ३८ प्रतिशतले र परिमाणमा औसत ४५ प्रतिशतले वृद्धि भएको छ । सन् २०१६ मा अघिल्लो वर्षको तुलनामा धागोको टर्की निर्यातमा १०९ प्रतिशतले वृद्धि भएको थियो ।

तर, नेपाली उद्योगको क्षमताको तुलनामा पछिल्ला वर्षहरूमा भएको निर्यात वृद्धि अस्वाभाविक भएको भन्दै अन्य मुलुकको उत्पादनलाई आफ्नो ट्याग लगाएर पठाएको आरोप लगाउँदै नेपालको धागोमाथि एन्टी सरकमभेन्सन ड्युटी लगाउनका लागि प्रक्रिया अगाडि बढाएको जानकारी टर्कीले दिइसकेको छ । त्यसको जानकारी उसले विश्व व्यापार संगठन (डब्लूटीओ) लाई पनि गराइसकेको छ । डब्लूटीओको व्यवस्थाअनुसार अन्य मुलुकको सामानलाई आफ्नो उत्पादन भन्दै निर्यात गरेको खण्डमा एन्टी सरकमभेन्सन ड्युटी लगाउन सक्ने व्यवस्था छ । सथ्यतथ्य पत्ता लगाउन टर्की आफैंले पनि अनुसन्धान गरिस केको छ । स्रोतका अनुसार यस सम्बन्धमा टर्कीले सुरुमा नेपालका उद्योगीहरूलाई पनि सिधै पत्राचार गरेको थियो ।

टर्कीको उक्त पत्रपछि वाणिज्य मन्त्रालयले सहसचिव तथा प्रवक्ता रविशंकर सैंजुको संयोजकत्वमा एक प्राविधिक टोली गठन गरेको थियो । उक्त टोलीले उद्योगहरूमै गएर स्थलगत अध्ययन गरेर प्रतिवेदन पनि तयार पारिसकेको प्रवक्ता सैंजुले बताए । 'पछिल्लो समय नेपाली उद्योगहरूको क्षमतामा वृद्धि भएर निर्यातमा उल्लेख्य मात्रामा वृद्धि देखिएको' प्रतिवेदनलाई उद्धृत गर्दै सैंजुले भने, 'पहिलो धागो बंगलादेश पनि निकासी हुने गरेकामा सडक मार्गबाट हुने त्यताको निर्यातमा रोक लागेपछि त्यो हिस्सा पनि टर्कीतिर सोझिएको हो ।'

२९ डिसेम्बरमा टर्की सरकारले यससम्बन्धमा अनुसन्धान सुरु गरेको जनाएको थियो । आफूले गरेको अध्ययन र नेपाली पक्षबाट आउने प्रतिवेदनलाई केलाएर आवश्यक निर्णय लिने पक्षमा टर्कीका अधिकारीहरू रहेका छन् । त्यसका लागि नेपाली टोलीलाई आफ्नो प्रतिवेदनसहित मार्चको अन्तिम साता वा अप्रिलको पहिलो सातामध्ये कुनै एउटा समयमा छलफलका लागि आउन टर्कीले निमन्त्रणासमेत गरेको थियो । मार्चको अन्तिम साता जान नसकेपछि आफूहरू अप्रिलको पहिलो साता टर्की जाने तयारीमा रहेको प्रवक्ता सैंजुले बताए । टर्की पुग्ने नेपाली टोलीले निकासीमा वृद्धि, नेपाली पक्षबाट भएको अनुसन्धान र त्यहाँले उठाउने प्रश्नहरूको जवाफ दिनुपर्नेछ र टर्कीका अधिकारीहरूलाई आश्वस्त पार्नुपर्नेछ । टर्कीका अधिकारीहरूलाई आश्वस्त पार्न नसकेको खण्डमा अहिले पाइरहेको भन्साररहित सुविधा हट्ने सम्भावना प्रबल छ ।

# व्यवस्थापनका नाममा नाकामा भारतीय अवरोध

बुटवल (कास)– व्यवस्थापनका नाममा भारतीय प्रहरीले अवरोध गरेपछि सुनौली नजिक समान अलपत्र छन् । भारतीय प्रहरीलाई पैसा दिए मात्र सामान छिटो आउने व्यवसायीले आरोप लगाएका छन् ।

नियमविपरीत रकम मागेर दुःख दिएको व्यवसायी किरण पाण्डेले बताए । 'मागेको रकम नदिँदा मैले पाँच दिन लगाएर भन्सार कटाएँ,' उनले भने । सामान्य अवस्थामा नाकाबाट दैनिक ५ सय हाराहारी मालबाहक ट्रक भित्रिन्छन् । अहिले दैनिक तीन सय आउँछन् । यस्ता ट्रकले सामान्यत १ वा २ दिनमा सीमा पार गर्छन् ।

अवरोधले एक सातासम्म लागि रहेको छ । भारतीय सीमा सुरक्षा बल (एसएसबी) र प्रहरीले माथिको आदेश भन्दै आउजाउ गर्ने ट्रकलाई कडाइ गरेका हुन् । भारततर्फ अहिले २० किलोमिटर टाढासम्म गाडीको लाइन छ । भारत प्रवेश गर्न सयौं यस्ता गाडी नेपालतर्फ लाम लागेका छन् । नाका अस्तव्यस्त छ । व्यवसायी कृष्ण शर्माले मागअनुसार रकम दिए पालो मिचेर पठाउँछन् । 'नत्र आफूखुसी रोक्ने र छाड्ने गरेका छन्,' उनले भने । सहज बनाउन स्थानीय तहमा पहल भए पनि सुधार हुन सकेको छैन ।

सिद्धार्थनगर उद्योग वाणिज्य संघ महासचिव नेत्र आचार्यले उद्योगी व्यवसायीका संघसंस्था, प्रमुख जिल्ला अधिकारी, भन्सार अधिकृतलगायतबाट भन्सार सहज बनाउन प्रयास भएप नि समाधान नभएको बताए ।

अवरोधले मालबाहक गाडी अन्य नाकातर्फ मोडिँदा राजस्व असुली प्रभावित बनेको छ । चालु आर्थिक वर्षमा भैरहवा भन्सारले ८१ अर्ब ४३ करोड राजस्व असुलीको लक्ष्य लिएको छ । चालु बर्षको पुस मसान्तसम्म ३७ अर्ब ४६ करोड १२ लाख लक्ष्य तोकिएको थियो । कार्यालयले ३३ अर्ब ४ करोड ९९ लाख संकलन गरेको छ ।

भन्सार प्रमुख भूपालराज शाक्यले गत आवको तुलनामा जिप, कार भ्यानजस्ता राजस्व संकलनका मुख्य स्रोतमा कमी आएकाले पनि लक्ष्य भेटाउन समस्या परेको बताए ।


## ROADS BOARD NEPAL
ARNIKO BUILDING, MIN BHAWAN, KATHMANDU
TEL: 4493515/ 4493529/ 4493539; Fax: 4493542/ 4460871

### Re-Invitation of Bids

Date of Publication : 2074-12-16
(30th March 2018)

Name of Contract: Collection of Road Users' Fee at
a) Bhairahawa-Bhumahi Road (Contract No: TOLL/1/2074/2075)
b) Hetauda - Narayanghad Road Section of Mahendra Highway (Contract No: TOLL/2/2074/2075)

1. Roads Board Nepal invites bids from eligible registered Companies/Contractors/Firms (Partnership, Enterprises, Suppliers registered under the law to Nepal) for the procurement of "Collection of Road User Fee on the basis of Competitive Bidding for period of 2 (Two) Years.

| S. No. | Contract Identification No. | Description | Estimated Amount (NRs.) | Bid Security (NRs.) | * Period of Collection |
|---|---|---|---|---|---|
| 1. | TOLL 1/2074/2075 | Bhairahawa – Bhumahi Road (Chainage 000+000 to 029+150 Km) | 27,703,230 | 2,770,323 | From 2075/01/01 to 2076/12/31 (initially for two years, extendable upto additional one more year.) |
Kirtipur-5, Bhatkyapati (Pipalbot) Kathmandu
Ph: 014335265/9841619331

**२५ कर्मचारीहरु अर्जेन्ट**
काम: अफिसभित्रै
No interview, 100% Job
योग्यता:Test, SLC, +2 साधारण लेखपढ गर्न जान्ने/नजान्ने
सुविधा:- गाडीभाडा:-१००।- खाजा:-१००।-
तलब: १९,००० देखि ३८,००० सम्म
समय:-9 to 4:00PM/ 12 to 4:00 PM
Shift: Morning/Day/Evening
चक्रपथ, बसुन्धाराचोक
9803456585, 9843710122
01-4358698
यो मार्केटिङ्ग जब होइन ।

**DRIVER चाहियो**
स्कूलकोलागि मारुती भ्यान चलाउन सक्ने ड्राईभर चाहियो।
✡ ५ बर्षको अनुभव भएको
✡ पार्टटाइम (Part Time)
✡ उमेर ३५ बर्ष माथीको
गोगंबु
९८०८१३९६१०

**G4S आवश्यकता**
भू.पु तथा २१ वर्ष नाघेका युवाहरु
| | |
|---|---|
| सुरक्षा गार्ड | १०० |
| ड्राइभर (लाइट) | २० |
| हाउस किपिङ्ग सुपरभाइजर | १० |
| पुरुष क्लिनर | ५० |

नोट: तलब सुविधाहरु कम्पनीको नियमानुसार हुनेछ ।
जि. फोर. एस. सेक्युरिटी सर्भिसेस् नेपाल (प्रा.) लि.
बालुवाटार-४, काठमाडौं
फोन नं.: +९७७-०१-४४३५११७, ४४३४९८३
इमेल: hr@np.g4s.com

**बर्गिकृत डिस्प्ले** अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रु. 3000/-*
स्पट कलर: रु. ३५००/-*
मल्टि कलर: रु. ५०००/-*
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

विराटनगर

# प्रदेश १



**नामकरण माग**

किरात राई यायोक्खा कार्यसमिति काठमाडौंले प्रदेश १ लाई किरात प्रदेश नामकरणको मागसहित विराटनगरमा बिहीबार गरेको प्रदर्शन

**समाचार टिप्पणी**

# विवादले रोकेको खानेपानी आयोजना

■ **हर्ष सुब्बा**

धरान- एसियाली विकास बैंकको २ अर्बभन्दा बढी ऋण तथा सहयोगमा निर्माणाधीन धरान खानेपानी आयोजनाको करिब अन्तिम चरणमा पुग्दा उत्पन्न विवाद झडपको स्थितिसम्म पुग्यो । १ नम्बर प्रदेश सभाको बैठकमा यसबारे चासो देखिएको छ ।

आयोजनाको प्राविधिक अध्ययनको आधारमा तयार डिजाइनअनुसार ६० लाख लिटरको एउटा रिजभ्वायर पानी ट्यांकी निर्माणस्थल धरान-१४ विजयपुस्थित ऐतिहासिक किरातकालीन दरबार क्षेत्रमा परेकाले विवाद उत्पन्न भएको हो । ऐतिहासिक दरबार क्षेत्रको संरक्षण र धरान खानेपानी आयोजनाको विजयपुर सब-सिष्टमको पानी टयांकी निर्माण दुवै विषय धरानको इतिहास तथा धरानबासीका आधारभूत आवश्यकताका विषय हुन् ।

दरबारक्षेत्र संरक्षणको दृष्टिकोणले उक्त स्थलमा पानीट्यांकी बनाउन नहुने र दरबार क्षेत्र संरक्षणको योजनासहित खानेपानी योजनामा उल्लेख भएअनुसार अर्को विकल्प नपाइएको भन्ने पक्षका रूपमा दरबार क्षेत्र संरक्षण संघर्ष समिति र उपमहानगर देखिएको छ । दुवै विषय धरानबासीका लागि उत्तिकै गम्भीर चासोका विषय हुन् । मंगलबार यो विवादलाई सहमतिमा टुंग्याउन पहिलोपटक दुवै पक्ष वार्तामा बस्नु सकारात्मक छ । उपमहानगर र विजयपुर दरबार क्षेत्र संरक्षण संघर्ष समितिबीच भएको वार्ता निष्कर्षमा नपुगे पनि पुनः वार्ता जारी राख्नेमा दुवै पक्षविच सहमति भएको छ ।

संघर्ष समितिले उठाएका विषय झट्ट सुन्दा ऐतिहासिस्थलमा ट्यांकी बनाउन हुन्न भन्ने लागे पनि ऐतिहासिक दरबारक्षेत्र संरक्षणको विषय पनि छ । त्यसप्रति पनि संघर्ष समिति जिम्मेवार हुनुपर्छ । समितिले उठाएका सर्वोच्च अदालतको परमादेश वार्तामा कानुनी विषय बन्न सक्छ । संघर्ष समितिका लागि यो अवसर पनि हो । उसले उठाएको ऐतिहासिक/सांस्कृतिक स्थलको संरक्षणका विषय वार्तामा औपचारिक रूपमा स्थानीय सरकारसमक्ष गम्भीर रूपले राख्दै अवसरको सदुपयोग गर्न चुक्नु हुन्न । यसैगरी, उपमहानगरका लागि असन्तुष्ट पक्षलाई स्थानीय सरकार ऐतिहासिकस्थल नष्ट गर्ने पक्षमा नभएको छर्लंग पार्ने अवसर मिलेको छ । उपमहानगरले वास्तविक, प्राविधिक विषयलाई वार्तामा छलफलका लागि खुला रूपमा राख्नुपर्छ । दुवै पक्षले पानी ट्यांकीको विकल्पका विषय विज्ञ, परियोजनाका अधिकारी, पुरातत्त्व विज्ञ, कानुनी परामर्शदाता सहितका विज्ञहरूका बीच समेत वार्ता गराउन सके विवादका विषयवस्तुबारे जनमानमा सही सन्देश पुर्‍याउन सक्नेछन् ।

वार्तामा संघर्ष समितिले उठाएको ऐतिहासिकस्थलको संरक्षण, अदालतको परमादेशको विषयमा दुवै पक्षका विधि विज्ञहरूबीच छलफलको विषय बन्न सक्छ । दरबार क्षेत्र तथा दरबारस्थलबारे इतिहासका ज्ञातालाई राखेर निर्क्यौल गर्न सकिन्छ । यसअघि चार किरातजन्य संस्थासँग उपमहानगर र एडीबीका नेपालस्थित अधिकारीबीच वार्ता हुँदा यो विषयमा आदिवासी अधिकारसम्बन्धी आइएलओ १६९ को सन्दर्भ पनि उठेकाले विज्ञहरूबाट गरिने व्याख्याबारे स्पष्ट हुन दुवै पक्षका लागि आवश्यक छ ।

**योजना ल्याउँदा विवादलाई वार्ताबाट निकास दिइएको थियो । अहिले योजना सम्पन्न हुन लाग्दा पनि पुनः उत्पन्न विवाद वार्ताबाटै टुंगो लगाउनुपर्छ ।**

पानी ट्यांकीको विकल्पको खोजीका विषय नितान्त प्राविधिक भएकोले वार्तामा दुवै पक्षका खानेपानी योजनाका विज्ञ तथा परियोजनाका प्राविधिज्ञबीच छलफल गराउन उपयुक्त हुन्छ । वार्तालाई दुवै पक्षले गम्भीर बनाउन जरुरी छ । वार्तालाई परिणाममुखी बनाउन दुवै पक्षले भिन्न विषय र भिन्न तहमा छलफल गर्न गर्न आवश्यक छ । यसरी वार्ता अघि बढाउँदा विभिन्न चरण पार गर्नुपर्ने अवस्था पनि आइपर्न सक्छ । धैर्य साथ वार्ता अघि बढे दुवै पक्षका लागि परिणामुखी बन्न सक्छ र धरानबासी, सरोकारवाला तथा जनमानसमा दुवै पक्षप्रति सकारात्मक सन्देश जान सक्छ ।

अहिले जनमानसमा के सन्देश गएको छ भने संघर्ष समिति पानीटयांकी बनाउन नदिन भिडन्त समेत गर्ने तयारीमा छ । उपमहानगरका सुरक्षा बल प्रयोग गरेर भएपनि त्यहीँ ट्यांकी बनाउने अडानमा छ । यस्तो सन्देशले जनमानसलाई विभाजित गर्नेबाहेक सकारात्मक परिणाम दिन सक्दैन । त्यसबाट द्वन्द्व र अराजकता चर्काउने तत्त्वलाई मात्र फाइदा पुर्‍याउन सक्छ । विवादलाई वार्ताको टेबुलमा खुला छलफलको विषय बनाउन सके त्यसले परिणाम निकाल्न सक्छ ।

वार्ता परिणाममुखी बनाउन वार्ता व्यवस्थित हुनु जरुरी छ । यसबारे मंगलबार भएको पहिलो वार्तामा उपमहानगर प्रमुख, उपप्रमुख बसेका थिए । संघर्ष समितिबाट भने संयोजकको उपस्थिति थिएन । वार्ता कुन तहको भएको हो स्पष्ट भएन । उपमहानगरतर्फबाट अन्तिम निर्णय दिन सक्ने स्थानीय सरकारका प्रमुख उपप्रमुख स्वयं उपस्थित थिए । पहिलो वार्तामा वार्ताका आधारहरू तयार गरिनु पर्दथ्यो त्यसो भएको पाइएन । तसर्थ वार्ताका मध्यस्थकर्ताले आगामी वार्ताका लागि पूर्वतयारीमा ध्यान नदिए यस्ता वार्ता केवल वार्ताका लागि मात्र साबित हुन सक्छ । तसर्थ दुवै पक्षलाई वार्तालाई गम्भीर रूपमा लिइनु आवश्यक छ ।

दुवै पक्षले केलाई विर्सनु हुन्न भने एसियली विकास बैंकको यो योजना यस्तै लामो विवाद पछि आएको हो । त्यसबेला पनि पटकपटक रातको १२/१ बजेसम्म वार्ता भएको थियो । प्रहरी तैनाथ गरिएका थिए । भूमिगत स्रोतको सट्टा सप्तकोसीबाट पानी ल्याउनुपर्ने प्राविधिक विषयमा उत्पन्न विवाद महिनौं चलेको थियो । अन्ततः वार्ताबाट विवादको समाधान भएको हो ।

योजना ल्याउँदा विवादलाई वार्ताबाट निकास दिइएको थियो । अहिले योजना सम्पन्न हुन लाग्दा पनि पुनः उत्पन्न विवाद वार्ताबाटै टुंगो लगाउनुपर्छ । यसबाट अन्य महत्वाकांक्षी योजनामा देखिएका विवादका लागि पनि उत्प्रेरणा बन्न सक्छ । अन्यथा विकास कार्यका क्षेत्रमा ठूला आयोजना नै नभएको धरानमा भविष्यमा आउन सक्ने सरकारी तथा दातृ संस्थाका आयोजना आउने सम्भावनालाई यसले प्रभावित पार्नेछ ।

# सदरमुकाममा शुद्ध खानेपानी



**धनकुटा खानेपानी उपभोक्ता समितिले भारतबाट खरिद गरेर ल्याएको फिल्टर ट्यांकी जडान गरिँदै ।** *तस्बिर : रमेशचन्द्र अधिकारी*

**कान्तिपुर संवाददाता**

धनकुटा- सदरमुकाममा वितरण गरिँदै आएको खानेपानी शुद्ध बनाउन विशेष प्रकारको फिल्टर ट्यांकी जडान गरिने भएको छ । पहिलो चरणमा धनकुटा बजार क्षेत्रमा वितरण गरिने खानेपानी शुद्धताका लागि जडान गर्न लागिएको खानेपानी उपभोक्ता समिति अध्यक्ष द्रोणप्रसाद गुरागाईंले बताए ।

भारतको मुम्बईबाट ४३ लाखमा ३ लाख लिटर पानी छान्न सक्ने क्षमताको फिल्टर ल्याइएको उनले बताए । जडान गर्ने अन्तिम तयारी गरिएको छ । 'प्राविधिक झिकाएर चाँडै जडान गरिनेछ,' अध्यक्ष गुरागाईंले भने, 'अब नगरवासीले शुद्ध पिउने पानी पाउनेछन् ।'

ट्यांकी लहरे चौतारास्थित खानेपानी ट्यांकीस्थलमा राखिएको छ । यसैगरी, स्कुलडाँडा र निगालेमा समेत फिल्टर ट्यांकी जडान गरिने तयारी गरिएको छ । करिब २५ करोड लागतमा सरकार, एसियाली विकास बैंक (एडीबी) र उपभोक्ताको संयुक्त लगानीमा सञ्चालित दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाबाट तीन वर्षअघिदेखि खानेपानी वितरण हुँदै आएको छ ।

ताङ्खुवा र निभुवा खोलाबाट पम्पिङ गरी ल्याइएको पानी विभिन्न ७ वटा ट्यांकीमा जम्मा गरी वितरण गरिँदै आएको आयोजनाका सुपरिवेक्षण परामर्शदाता इन्जिनियर वीरेन्द्र महर्जनले बताए ।

धनकुटा बजार क्षेत्रमा करिब ३ हजार ५ सय खानेपानीका उपभोक्ता छन् । प्रतिसेकेन्ड २२ लिटर पानी संकलन गर्ने क्षमता भए पनि हाल प्रतिसेकेन्ड १८ लिटर मात्र पानी आउने गरेको उपभोक्ता समितिको कार्यालयले जनाएको छ । उपभोक्ताले न्यूनतम मासिक ४ सय रुपैयाँ महसुल तिर्नु परे पनि खानेपानी वितरण अझै व्यवस्थित बन्न नसकेको ग्राहक अर्जुन राईको गुनासो छ । शुल्कअनुसार व्यवस्थापन पक्ष कमजोर रहेको उनको भनाइ छ ।

## छोटकरी

**मोबाइल पसलमा चोरी**

धरान (कास)- उपमहानगरको कलेज रोडस्थित सिजी मोबाइल प्यालेसमा सटर फोरेर चोरी भएको छ । बिहीबार बिहान ८ बजे पसल खोल्न जाँदा चोरी भएको पसल सञ्चालकले थाहा पाएका थिए । सटर फोडी ५ हजार र ८ लाख रुपैयाँको मोबाइल लगायत सामग्री चोरी भएको सञ्चालक जितेन्द्र भट्टराईले बताए । मोबाइल पसल चोरी भएको थाहा भएलगतै भट्टराईले प्रहरीलाई जानकारी दिए । प्रहरीले उक्त क्षेत्रमा राति गस्ती र सुरक्षाको जिम्मा लिने सुरक्षा गार्डसँग सोधपुछ गरिरहेको छ ।

**१० हजारलाई उपचार सेवा**

विराटनगर (कास)- महिनायता मोरङका विभिन्न स्थानमा आयोजित शिविरमा करिब १० हजारको स्वास्थ्य परीक्षण भएको छ । विराटनगरस्थित नोबेल मेडिकल कलेज टिचिङ हस्पिटलद्वारा आयोजित शिविरमा उपचार र औषधि वितरणसमेत गरिएको थियो । मोरङका बयरबन, सुन्दरहरैचा, बेलवारी, उर्लाबारी, इटहरा, मृगौलिया, लेटाङलगायत स्थानमा शिविर सञ्चालन गरिएको थियो । शिविरमा जनरल मेडिसिन, जनरल सर्जरी, स्त्री तथा प्रसूति, बाल, मानसिक, हाडजोर्नी तथा नसा, नाक कान घाँटी, आँखा, दन्त लगायत रोगको विषेशज्ञ डाक्टरबाट सेवा दिइएको हस्पिटलका मार्केटिङ अफिसर संजय मण्डलले बताए ।

**ट्रेड युनियन नेतृत्व चयन**

संखुवासभा (कास)- नेपाल टेड युनियन कांग्रेसको बिहीबार भएको दोस्रो जिल्ला अधिवेशनले अध्यक्षमा नरबहादुर वनेम लिम्बूलाई चयन गरेको छ । अधिवेशनबाट उपाध्यक्षमा रमेश श्रेष्ठ, उमेश श्रेष्ठ, मुना पराजुली, कुलमणी दाहाल र चिरनकाजी राई चयन भए । ३० सदस्यीय सचिवमा इन्द्र तिवारी, सहसचिवमा सन्तोष नेपाल र कोषाध्यक्षमा नरेन्द्र भट्टराईलाई चयन भएका छन् । अधिवेशनबाट केन्द्रीय प्रतिनिधिमा उमनाथ आचार्य र प्रदेश प्रतिनिधिमा दिव्यराज अधिकारी, नारायणकुमार श्रेष्ठ र रिता श्रेष्ठ सर्वसम्मत छनोट भए ।




# बन्यो 'मदन भण्डारी संग्रहालय'

■ अर्जुन राजवंशी

दमक- जनताको बहुदलीय जनवादका प्रणेता मदन भण्डारीको जीवनीमा आधारित 'संग्रहालय' निर्माण भएको छ। मोरङको उर्लाबारीस्थित मदन भण्डारी स्मृति प्रतिष्ठानले भण्डारीको राजनीतिक, सामाजिक एवं पारिवारिक गतिविधिलाई समेटेर संग्रहालय निर्माण गरेको हो।

उर्लाबारी नगरपालिका ३ मंगलबारेमा निर्मित 'मदन भण्डारी संग्रहालय' को शुक्रबार राष्ट्रपति एवं मदनकी धर्मपत्नी विद्यादेवी भण्डारीले उद्घाटन गर्ने कार्यक्रम छ। ०५० जेठ ३ गते चितवनको दासढुंगामा रहस्यमय जिप दुर्घटनामा ज्यान गुमाएका मदनको बायोग्राफिक म्युजियम तयार पारिएको छ।

संग्रहालयमा मदनको ताप्लेजुङको ढुंगेसाँघुस्थित जन्म घर, बसाइँ आएपछि मोरङको इटहरास्थित घर र राजनीतिक जीवनका क्रममा राजधानी लिएको डेरालाई संग्रहालयमा दुरुस्तै उतारिएको छ। संग्रहालयमा मदनको आरम्भिक जीवन र शिक्षादेखि कम्युनिस्ट आन्दोलनका भूमिगत गतिविधि, राजनीतिक विकास क्रम, वैचारिक र सैद्धान्तिक विचार एवं व्यक्तिगत जीवनसँग सम्बन्धित विभिन्न घटनालाई एकै थलोमा जानकारीसहित राखिएका छन्। संग्रहालयको बाह्य कक्षमा दासढुंगा दुर्घटनामा परेको बाअच ८७९३ नम्बरको जिप राखिएको छ।

२ बिघा क्षेत्रफलको प्रतिष्ठान हाताभित्र मदनको पूर्णकदको शालिक, पुष्प बाटिका, बाल उद्यान निर्माण गरिएको छ। तीन तलाको संग्रहालय भवनमा १६ वटा कक्ष निर्माण गरिएका छन्। भुइँ तलामा मदनको राजनीतिक एवं सामाजिक जीवनका घटनाक्रमलाई सिलसिलाबद्ध रूपमा तथ्य र प्रमाणसहित राखिएका छन्। ती घटनाक्रमहरूसँग सम्बन्धित श्रव्यदृष्य सामग्रीहरूको समेत व्यवस्था गरिएको प्रतिष्ठानका अध्यक्ष गुरुप्रसाद बरालले जनाए।

प्रतिष्ठान, सरकारी एवं विभिन्न दाताको सहयोगमा तीन करोड लागतमा १० वर्ष समय खर्चिएपछि संग्रहालय निर्माण गर्न सकेको बरालले बताए। 'हामीलाई उहाँको जीवनसँग सम्बन्धित घटनाक्रमहरू, महत्त्वपूर्ण दस्ताबेज, प्रकाशित सामग्री, पारिवारिक एवं भूमिगत कालका गतिविधिहरू संकलन गर्न धेरै मेहनत र समय लाग्यो,' अध्यक्ष बरालले भने। ०१७ सालको फौजी काण्ड, जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको गिरफ्तारी, ०१८ मा नेत्र गुरागाईको हत्या, ०२१ मा क्रान्ति योद्धा दुर्गानन्द झाको हत्या, ०२८ को झापा विद्रोह र त्यसपछिको कम्युनिस्ट आन्दोलनको राजनीतिक दिशाकाबारे जानकारीहरू संग्रहालयमा पाउन सकिन्छ। कम्युनिस्ट आन्दोलनलाई अघि बढाउने क्रममा विभिन्न पार्टी र संगठनसंग एकीकरण गर्दै ०३५ पुस ११ गते मदनको इटहरास्थित घरमा स्थापना गरिएको तत्कालीन नेकपा (माले) बारेका जानकारी पनि राखिएका छन्।

पार्टी एकीकरण कक्ष पनि तयार पारिएको छ, जहाँ विभिन्न कम्युनिस्ट समूहहरूको एकीकरण प्रक्रिया र इटहरामा नेकपा (माले) गठनसँग सम्बन्धित श्रव्यदृश्य सामग्रीहरू समेत प्रदर्शन गरिने छ। ती सामग्रीमा मदनले राजनीतिक रूपमा सुरु गरेका बहस, चिन्तन मननका वर्षहरू (२०३४-२०४९) अवधिका सम्पूर्ण गतिविधिहरू उपलब्ध छन्। ०३६ देखि ०४८ बीचको वैचारिक विकासका पक्षमा मदनका प्रतिनिधि विचारलाई समेत प्रस्तुत गरिएका छन्। संगठन तथा जनआन्दोलन कक्ष, निरंकुशतन्त्रविरुद्ध जनपक्षीय राजनीतिक हस्तक्षेप, ०४६ भदौ ९-१४ मा सिरहाको विष्णुपुरकट्टीमा भएको नेकपा (माले) को चौथो राष्ट्रिय महाधिवेशनबाट पार्टीको महासचिवमा सर्वसम्मतिले चयन तथा महाधिवेशनसँग सम्बन्धित विवरणहरू समेत संग्रहालयमा छन्। संग्रहालयको दोस्रो तलमा मदनका पारिवारिक जीवनका सामग्रीहरू राखिएका छन्। त्यहाँ मदनले प्रयोग गरेको घडी, टोपी, पेटी, चप्पल, लुंगी, ज्याकेट, मोजा, जुत्ता, एफएम रेडियो, भाडावर्तन, औजार, चस्मा, डायरी, कलम, बुबाआमालाई लेखेको चिठी हेर्न पाइन्छ।

इहटरा कक्षमा मदनले प्रयोग गरेको साइकल, बागबजारस्थित केन्द्रीय कार्यालयको तस्बिर, नेकपाका ५ संस्थापक नेताहरूको तस्बिर र पासाङ ल्हामुलाई सगरमाथा आरोहण सफलताको शुभकामना प्रदान गरेको तस्बिर राखिएको छ। मदनको नक्सालस्थित डेरालाई सजायर राखिएको छ। दासढुंगा दुर्घटनाका विभिन्न तस्बिर, श्रद्धाञ्जली, समवेदना सन्देश, त्यस दुर्घटनाबारे बनेका आयोगका प्रतिवेदन र प्रतिक्रियाहरू राखिएका छन्।

दोस्रो तलामा जबज पाठशाला निर्माण गरिएको छ। १ सय ४० जना क्षमताको सभाहल तयार पारिएको छ। त्यहाँ प्रोजेक्टरको माध्यमबाट मदन भण्डारीसम्बन्धी वृत्तचित्र प्रदर्शन गरिने बरालले बताए। सोध केन्द्र पनि तयार पारिएको छ। जहाँबाट मदन भण्डारीका सम्बन्धमा अध्ययन गर्न चाहनेले अध्ययन सामग्री पनि प्राप्त गर्न सक्नेछन्। बरालले पछि उक्त कक्षलाई ई-लाइबेरीका रूपमा विकास गर्ने गृहकार्य भइरहेको बताए। बायोग्राफिक म्युजियमका रूपमा यो संग्रहालय उत्कृष्ट बनेको पुरातत्त्व विभागका महानिर्देशक भेषनारायण दाहालले बताए। 'कुनै जाति वा समुदायको संग्रहालय बनाउनुभन्दा बायोग्राफिक संग्रहालय बनाउन निकै कठिन हुन्छ। तर, ती सबैखाले कठिनाइलाई पार लगाउँदै यस संग्रहालयमा राखिएका सामग्रीले मदनको व्यवस्थित र पूर्ण संग्रहालय बनेको छ,' दाहालले भने।







मोरङको उर्लाबारीमा निर्माण गरिएको मदन भण्डारी संग्रहालयमा राखिएको मदनको पूर्णकदको सालिक (माथि), मदनको जन्म घर ताप्लेजुङको ढुंगेसाँघु गाउँ (तल बायाँ) र दासढुंगामा दुर्घटनाग्रस्त जीप। *तस्बिर : अर्जुन*

# किरात प्रदेश नामकरण माग

मोरङ (कास)- किरात राई यायोक्खा कार्य समिति काठमाडौंले प्रदेश १ को नाम किरात प्रदेश राख्न माग गरेको छ। समिति अध्यक्ष तिलक राईको नेतृत्वमा विराटनगरमा बिहीबार भेला भएका किरात राई यायोक्खा समुदायले मुख्यमन्त्री शेरधन राई र सभामुख प्रदिप भण्डारीलाई ज्ञापन पत्र दिँदै माग गरेका हुन्।

ज्ञापनपत्रमा २५ लाखजनाको हस्ताक्षर रहेको जनाउँदै अध्यक्ष राईले आदिमकालदेखि प्रदेश १ लाई आवाद गरेको इतिहास भएको किरात कुनै जाति नभई समुदाय भएको बताए। 'ऐतिहासिकता, सभ्यता, सांस्कृतिक, भूगोल, जनसंख्या र पहिचान आधारमा प्रदेश १ लाई किरात प्रदेश कायम गर्नुपर्छ,' उनले भने।

मुख्यमन्त्री राईले किरात राई यायोक्खाको माग प्रदेशसभा सदस्यहरूको हातमा पुर्‍याएर छलफल गर्ने जनाए। 'सबै जातजाति, धर्म, समुदाय, क्षेत्रका मागलाई बहसमा ल्याएर सबैको सहमतिमा प्रदेशको साझा नाम छनौट हुन्छ,' उनले भने, 'प्रदेशको नामकरणमा अझै दुई महिना लाग्न सक्छ।'

# सार्क चेम्बर सदस्य चयन

विराटनगर (कास)- यहाँका दुई उद्योगी सार्क चेम्बर अफ कमर्सको सदस्यमा चयन भएका छन्। श्रीलंकामा भएको अधिवेशनबाट उद्योगीहरू राजेन्द्र राउत र अविनाश बोहरा चयन भए। बोहरा उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य र राउत महासंघको प्रदेश १ समितिका उपाध्यक्ष हुन्।

कमर्सको अधिवेशनमा उद्योग व्यापार क्षेत्रका विभिन्न विषयमा छलफल भएको प्रदेश समिति सचिवालयका कार्यकारी निर्देशक श्याम भण्डारीले बताए। सम्मेलनमा सार्कमा आवद्ध विभिन्न मुलुकका उद्योगी-व्यवसायीको सहभागिता थियो। सार्कस्तरीय निकायमा प्रतिनिधित्व हुँदा नेपाली व्यवसायीका समस्या र व्यापारका सम्भावनाबारे उच्चस्तरमा छलफल गर्ने अवसर मिलेको महासंघले जनाएको छ।

# परम्परागत बाजा संरक्षण गरिँदै

संखुवासभा (कास)- नेवार समुदायको परम्परागत भजन र बाजागाजाको संरक्षणमा खाँदबारीका शाक्य समाज जुटेको छ। उनीहरू जन्मेदेखि मृत्युसम्मको संस्कारका भजन सिक्न थालेका छन्।

युवा र वृद्धवृद्धा आफ्नो धर्म, संस्कृति जोगाउन बाजा र भजन संरक्षण अभियानमा जुटेका हुन्। नयाँ पुस्ताका युवायुवतीलाई शाक्य समाजले भेला पारेर सिकाउन थालेको हो। धर्म, संस्कृति, जातीय अस्तित्व र बाजाहरू जोगाउनका लागि जुट्न थालेको अध्यक्ष किरण शाक्यले बताए। 'भजन र बाजा नजोगाएसम्म धर्म, संस्कृति र जातीय अस्तित्व जोगिँदैन,' उनले भने, 'सबै एकजुट भएर आउने गरेका छन्।' बाजा बजाउने सीपको हस्तान्तरण युवा पुस्तामा हुन नसकेको समाजका उपाध्यक्ष जयन्द्र शाक्यले बताए।

युवाहरू पनि बाजा बजाउनेतर्फ भन्दा अन्य क्षेत्रमा आकर्षित भएकाले धिमेलगायत विभिन्न स्थानीय बाजा लोप हुने अवस्थामा पुगेको उनले सुनाए। 'बाजाले धर्म, संस्कृति र जातीय पहिचानलाई अनन्तकालसम्म जोगाइरहन्छ,' उनले भने, 'अहिलेका अधिकांश युवालाई धर्म, संस्कृति र बाजातर्फ चासो नै छैन।'

खाँदबारीमा ३ सयभन्दा बढी परिवार शाक्य समुदायको छ। धर्म, संस्कृति लोप हुने अवस्थामा पुगेका छन्। नेवार समुदायमा धिमे बाजा महत्त्वपूर्ण मानिन्छ। भजन र बाजाको संरक्षण गर्ने अभियानस्वरूप उनीहरूले धिमे बाजा, तबला बजाउन र भजन सिकिरहेका छन्। 'यो पटकको बुद्ध जयन्ती त्रिरत्न बुद्ध बिहारमा भव्य रूपमा मनाउन पनि सबै भेला भएर भजन गाउँछौं,' उनले भने, 'यसलाई निरन्तरता दिन्छौं, आफ्नो संस्कृति भुल्ने कुरो भएन।'

## छोटकरी

**सशस्त्रका २ प्रहरी पक्राउ**

सुनसरी (कास)- भारतीय नम्बर प्लेटको गाडी चालकबाट घूस लिने सशस्त्र प्रहरी बलका दुई जवानलाई मंगलबार अख्तियार दुरुपयोग अनुसन्धान आयोग टोलीले पक्राउ गरेको छ। इटहरीस्थित अख्तियार शाखाका एसपी किशनसिंह थापाका अनुसार पक्राउ पर्नेमा नवीन खडका र ठाकुर खत्री छन्। उनीहरूले नेपाल घुम्न आउने भारतीय नागरिक चढेको सवारी साधन रोकेर २५ हजार रुपैयाँ लिएका थिए।

**पन्थीलाई साहित्यिक पुरस्कार**

विराटनगर (कास)- मैयादेवी-बैजनाथ भट्टराई स्मृति प्रतिष्ठान ताप्लेजुङले यो वर्षको साहित्यिक पुरस्कार साहित्यकार देवी पन्थीलाई दिने भएको छ। चैत १७ गते इलाममा आयोजना हुने कार्यक्रममा ५ हजार ५ सय र ाशिसहितको उक्त पुरस्कार हस्तान्तरण गरिने प्रतिष्ठानकी अध्यक्ष कविता चापागाईंले बताइन्।

**रेजिना भलिबल चैत २७ देखि**

संखुवासभा (कास)- सदरमुकाम खाँदबारीमा चैत २७ देखि दोस्रो रेजिना र निङ शिल्ड भलिबल प्रतियोगिता हुने भएको छ। प्रतियोगितामा प्रदेश १ का १४ जिल्लाका भलिबल खेलाडी सहभागी हुनेछन्। सूर्य आवाशीय माविले आयोजना गर्न लागेको प्रतियोगितामा २० टिमको सहभागिता रहनेछ। प्रतियोगिताका विजेतालाई एक लाख र उपविजेतालाई ५० हजार नगद दिइने प्रिन्सिपल तीर्थराज पन्तले बताए।


# सरोगेसी बन्द भएको लाभ नेपाली नि:सन्तान दम्पतीलाई

काठमाडौं।

नेपाल सरकारले निर्धारित मापदण्ड पूरा गरेका नेपालका अस्पतालहरुले विदेशी सरोगेट्सहरुलाई सेवा दिन सक्ने गरी नीति निर्धारण गरेको र पछि विवाद भई सो विषय सर्वोच्च अदालतसम्म पुगेको थियो। तत्पश्चात नेपाल सरकारले विदेशीहरुलाई सरोगेसी सेवा उपलब्ध गराउन मिल्ने आफ्नो निर्णय आफैं खारेज गरेको थियो।

विदेशी सरोगेटबाट बच्चा जन्माउने भित्रिएको अत्याधुनिक IVF प्रविधिबाट नेपाली नि:सन्तान दम्पतीहरु निकै लाभान्वित हुन पुगेका छन्। विदेशी दम्पतीहरु सबैभन्दा बढी ग्राण्डी सिटी हस्पिटल, कान्तिपथमा आकर्षित भएका थिए। ग्राण्डी सिटी हस्पिटलले विदेशी दम्पतीलाई सेवा दिने क्रममा नेपालको अन्य कुनै अस्पतालमा नभएका विभिन्न प्रविधि तथा उपकरण भित्र्याएर सो बाट सयकडौंलाई सेवा पुर्‍याई दक्षता र अनुभव प्राप्त गरेको छ। सो को प्रत्यक्ष लाभ अब नेपाली दम्पतीले प्राप्त गर्न सकेका छन्, त्यो पनि न्यूनतम् शुल्कमा।

यसक्रममा ग्राण्डी सिटी हस्पिटलले नेपालमै पहिलो पटक ICSI प्रविधि भित्र्यायो। IVF अन्तर्गत श्रीमतीको गर्भाशयबाट झिकिएको डिम्बलाई श्रीमान्को शुक्राणुसँग मिलाएर गर्भाधान गराउन सो ICSI मेशिन प्रयोग हुन्छ। ICSI मेशिन प्रयोग नगर्दा गर्भाधानको सम्भावना सामान्य मात्रै हुने भएकोमा ICSI मेशिनको प्रयोग गर्दा ८०/९० प्रतिशतसम्म सफलता हासिल हुने गर्दछ। यसको लागि आवश्यक स्तरीय उपकरण तथा दक्ष जनशक्ति ग्राण्डी सिटी हस्पिटलमा उपलब्ध छ।

त्यस्तै ग्राण्डी सिटी हस्पिटलमा लेजर ह्याचिंगको पनि व्यवस्था छ। जुन प्रविधिबाट सामान्यतया गर्भाधारण नहुने डिम्बबाट पनि गर्भधारण सम्भव हुन्छ।

फ्रिजिंगको व्यवस्था पनि नेपालमै पहिलो पटक उपलब्ध गराइएको छ। प्रथम प्रयासबाट सफलता हासिल नभई IVF दोहोर्‍याउनु पर्दा फ्रिजिंगले खर्च स्वात्तै घटाउछ। फ्रिजिंग व्यवस्था नहुँदा सम्पूर्ण IVF प्रक्रिया दोहोर्‍याउनु परी खर्च दोहोरो हुन्थ्यो भने अब अन्तिम चरणको शुल्क मात्र तिरे पुग्ने भएको छ।


विदेशी दम्पत्तीको सेवाको क्रममा ग्राण्डी सिटीले नेपालका अन्य अस्पतालमा नभएको 4D Live अल्ट्रासाउण्ड मेशिन पनि ल्याएको छ, यसबाट गर्भाशयमा रहँदै भ्रुण (Fetus) मा कुनै विकृति भए/नभएको राम्ररी जाँचबुझ गर्न सकिने हुन्छ।

ग्राण्डी सिटी हस्पिटलमा हेपा फिल्टर जडित अत्याधुनिक मोडुलर अपरेशन थेटरको व्यवस्था पनि छ। जसले अप्रेशनमा इन्फेक्सन हुने सम्भावना न्यून गर्दछ। साथै समय अगावै जन्मेका नवजात शिशुहरुलाई स्याहार गर्नलाई अत्यन्त अत्याधुनिक उपकरणबाट सुसज्जित NICU को व्यवस्था समेत छ।

यसैक्रममा ग्राण्डी सिटी अस्पतालले भारतका अत्यन्तै अनुभवी, दक्ष तथा विश्व प्रसिद्ध डाक्टर शिवानी सचदेव गौरलाई नेपालमा आई नि:सन्तान दम्पतीहरुको उपचार गरिदिन सहमत गराएको छ। डा. शिवानी सचदेव गौर IVF क्षेत्रमा भारतकै उत्कृष्ट डाक्टरमा गनिनु हुन्छ। निजले ५५ वटा मुलुकमा IVF प्रविधिबाट २५०० भन्दा बढी बच्चाहरु जन्माई सक्नु भएको छ। डा. शिवानी संग पेशागत टोली भएकोले फोन, इमेल आदिबाट सम्पर्क राख्न अति सजिलो हुने गरेको छ। डा. शिवानीले निकट भविष्यमै नेपालमा आई उपचार सेवा प्रदान गर्ने जानकारी पाएर नेपाली नि:सन्तान दम्पतीहरु अति खुशी भएका छन्।

यस प्रकार नेपाल सरकारले केही समयलाई मात्र विदेशी सरोगेट्सलाई बच्चा जन्माउन नीति ल्याएको लाभ अब नेपाली नि:सन्तान दम्पतीहरुलाई प्रशस्त प्राप्त भइराखेको प्रष्ट देखिन्छ।

**हरेक मंगलबार**
**डा. शिवानी सचदेव गौरसँग परामर्श**
**(अग्रिम समय लिएर मात्र)**
**प्रथम परामर्श नि:शुल्क**
**सम्पर्क: ९८६४४७७५२६**



GRANDE CITY HOSPITAL
ग्राण्डी सिटी हस्पिटल
ज्योति भवन, कान्तिपथ, काठमाडौं
४१६-३५००, ४१६-३७००
वेबसाइट: www.grandecityhospital.com
Advt.














## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | वादविवादमा सफल | तुला | यात्रामा सफल |
| वृष | डर चिन्ता | वृश्चिक | काम बन्ने |
| मिथुन | स्फूर्ती बढ्ने | धनु | धार्मिक यात्रा हुने |
| कर्कट | आकस्मिक लाभ | मकर | आलश्यता |
| सिंह | भाग्य वृद्धि | कुम्भ | नविन मित्र बन्ने |
| कन्या | कान्ति क्षय | मीन | आलोचित हुने |

## भोलिको पात्रो

विक्रमसंवत् २०७४ साल चैत १७ गते शनिबार तदनुरुप ३१ मार्च २०१८ चैत्र शुक्लपक्ष पूर्णिमा तिथि दिनको ५:५६ बजेसम्म उप्रान्त बैशाख कृष्णपक्ष प्रतिपदा तिथि, उत्तरफाल्गुनी नक्षत्र प्रात: ६:१८ बजेसम्म उप्रान्त हस्ता नक्षत्र, वृद्धि योग प्रात: ७:१८ बजेसम्म उप्रान्त ध्रुव योग, भद्रा करण प्रात: ६:२६ बजेसम्म उप्रान्त बब करण, कन्या राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

| | |
|---|---|
| ५:०० | शुभारम्भ/भक्तिसुर |
| ५:३० | राधे राधे |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | वास्तु मन्थन |
| ६:४० | गुडमर्निङ नेपाल |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | क्विज मेनिया |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | दस बजे |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | एम एन्ड एस (इन्स्पायर) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | के आज घरमै |
| १:३० | गोलमाल |
| २:०० | ट्वान्टी फर्स्ट लभ |
| २:३० | कान्तिपुर समाचार |
| ३:०० | क्विज मेनिया |
| ४:०० | कान्तिपुर न्युज |
| ४:३० | दस बजे |
| ५:०० | कल कान्तिपुर रिलोडेड |
| ६:०० | कान्तिपुर समाचार |
| ६:३० | एम एन्ड एस (कभर फ्याक्ट्री) |
| ७:०० | ट्वाक्क टुक्क |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | समकोण |
| १०:०० | स्वास्थ्यको लागि रेडियो बहस |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | एम एन्ड एस (कभर फ्याक्ट्री) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपिटेड |
| १:०० | कान्तिपुर न्युज रिपिटेड |
| १:३० | एम एन्ड एस (कभर फ्याक्ट्री) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | ट्वाक्क टुक्क |
| ३:३० | कान्तिपुर समाचार (रिपिट २) |
| ४:०० | के आज घरमै |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (सबिना नेपाल) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | मानसिक स्वास्थमा कोसिस |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (एलिसा) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | द गुडमर्निङ शो (एलिसा) |
| १०:०० | स्पोर्ट एन्ड डायरी |
| १०:०५ | न्यु रिलिज (रेमन) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | फेमिना (सबिना) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | टप अफ दि टप्स (संजय) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (स्मिता राना) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | सौराई (कृष्ण मल्ल) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | सिने क्विज (शुभराज अधिकारी) |
| १७:०५ | फेनाटिक फ्राइडे (महेश/स्मिता) |
| १८:०० | सुरक्षित वैदेशिक रोजगार |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | वेल नो टेन्सन (दीपकराज/अम्बिका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | प्लेट्रोनिक्स (सञ्जय गुप्ता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्ड्रेनी |
| २२:०० | क्लब मिक्स (गिरिश) |
| २३:०० | इलिभेन्थ आवर (संजय) |
| २४:०० | टप अफ दि टप्स (संजय) |
| ०१:०० | कालजयी गीत-संगीत (भूपेन्द्र) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

**दमकल**

| | |
|---|---|
| विराटनगर | ०२१-४२००० |
| इटहरी | ०२५-५८०१०१ |
| धरान | ०२५-५२०१९९ |
| इनरुवा | ०२५-५६०१०१ |
| दमक | ०२३-५८०१०१ |
| भद्रपुर | ०२३-५१०१०१ |
| धनकुटा | ९८५२०६१२०१ |
| कोसी अञ्चल अस्पताल विराटनगर | ५३०१०३/५२४२३४ |
| मेची अञ्चल अस्पताल, भद्रपुर | ०२३-५२००२४ |
| वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | ०२५-५२५५५५ |
| रक्तसञ्चार केन्द्र, विराटनगर | ०२१-५२३३२६ |
| विराटनगर आँखा अस्पताल | ०२१-४३६३६० |
| रक्तसञ्चार केन्द्र, धरान | ०२५-५२०९६८ |

**एम्बुलेन्स**

| | |
|---|---|
| विराटनगर सेन्ट्रल | ०२१-५३७००१ |
| लाइफगार्ड अस्पताल, विराटनगर | ९७४२०४२३३३ |
| दुहबी जेसिज, सुनसरी | ०२५-५४०४३५ |
| शव बाहन, विराटनगर | ०२१-५२५८७४ |

**प्रहरी**

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय, मोरङ | १००/९८५२०२६७५० |
| इलाका प्रहरी कार्यालय, उर्लाबारी | ५४०९९०/९८५२०९०१३६ |
| इलाका प्रहरी कार्यालय, रंगेली | ५८०१३०/९८५२०९०१४४ |
| क्षेत्रीय ट्राफिक कार्यालय, इटहरी | ०२५-५८०१०५/९८५२०९०१६१/१०३ |

**काठमाडौंका महत्त्वपूर्ण नम्बर**

| | |
|---|---|
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४, ४२१७७६६, ४२१७७५५ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| बालबालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |



PERFECTLY CRAFTED BLEND matured in AMERICAN CASKS
NOW AVAILABLE IN NEPAL
ROYAL CHALLENGE
Finest Premium WHISKY
BLENDED WITH THE FINEST SCOTCH AND INDIAN MALTS MATURED IN CHARRED AMERICAN OAK CASKS
DEEP & INTENSELY SMOOTH
1886
AWARD WINNING
LINEAGE
ROYAL CHALLENGE
LIVE BOLD
DRINK RESPONSIBLY.

## छोटकरी

**ह्यान्डबल टोली भारततिर**
काठमाडौं (कास)- दक्षिण एसियाली महिला ह्यान्डबल च्याम्पियनसिपमा भाग लिन नेपाली टोली बिहीबार भारतको लखनउ गएको छ। मार्च ३१ देखि अप्रिल ३ सम्म हुने प्रतियोगितामा नेपालका १४ खेलाडीले भाग लिनेछ। टोलीमा १२ खेलाडी विभागीय टोलीका छन्। दुई खेलाडी उदयपुरका हुन्। आर्मीका मञ्जु राउत, विष्णा बोगटी, शान्तिकला राई, देवकुमारी बाँस्कोटा, दुर्गा बोहरा र कल्पना वली, एपीएफका उमा राई, बन्दना राई, पार्वती चौधरी, कविता राई, आइतलमु शेर्पा र संगीता चौधरी तथा उदयपुरका जिना राई र निशा राईले प्रतिस्पर्धा गर्नेछन्।

**तेक्वान्दो टोली बैंकक जाँदै**
काठमाडौं (कास)- चौधौं एयू प्रिन्सेस कप तेक्वान्दो च्याम्पियनसिपमा भाग लिन ११ नेपाली खेलाडी शुक्रबार थाइल्यान्डको बैंकक जाँदै छ। पुरुषमा कुशल श्रेष्ठ, बसन्त तामाङ, राहुल गुरुङ, आर्जेश सिम्खडा, अर्पण पाण्डे, सौरभ बस्नेत, मुकेश पाण्डे तथा पुम्सेमा शुभ सुवेदी र राजेन्द्र डंगोल छन्। महिलातर्फ नम्रता कँडेल र माया पाण्डे (पुम्से) ले छन्। मुख्य प्रशिक्षकमा नेप्लिज तेक्वान्दो एकेडेमीका अध्यक्ष अशोक खड्का, सहायक प्रशिक्षकमा राजकुमार ठकुरी र व्यवस्थापकमा विशाल कँडेल छन्।

**ललितपुरमा ब्याडमिन्टन सुरु**
काठमाडौं (कास)- रिमिक्स क्लबका सुरोज महर्जन र दिपेश शाक्यको जोडी प्रथम ललितपुर जिल्ला रनिङ सिल्ड ब्याडमिन्टनमा विजयी भएको छ। उनीहरूले अगिसाल क्लबका रिजन महर्जन र सुजीप महर्जनलाई २१-१९, २१-१८ ले हराए। पवन प्रकृतिका तुलसी पुरी र सुजन सुब्बाको जोडी पनि विजयी भयो। ललितपुर जिल्ला ब्याडमिन्टन संघको आयोजनामा भएको प्रतियोगिताको पुरुष युगलतर्फकै अर्को खेलमा योङ स्टारका सुनील र सुमन शाक्य, फ्लेक्स क्लबका दिनेश राई र सन्तोष भट्टराई, एसवाईसीका विकास र प्रदीप महर्जनको जोडी विजयी भए।

**अन्तरकलेज बास्केटबल**
काठमाडौं (कास)- द ब्रिटिस मोडेल र एस कलेज बिहीबार अन्तरकलेज छात्र बास्केटबलको सेमिफाइनल पुगेका छन्। त्यस्तै आयोजक जेभियर कलेज र सेन्ट जेभियर्स पनि सेमिफाइनल पुगे। ब्रिटिसले क्वेस्टलाई ५०-३० स्कोरले हरायो।सोनाम लामाले १२ स्कोर जोडे। एसले एसियनलाई ५३-४७ ले हराउँदा आशिष सिंहले १८ स्कोर बटुले। कुन्केनजित थिङको १२ स्कोरमा जेभियरले एपेक्समाथि ४५-२२ को जित दर्ता गर्‍यो। मनीष केसीको १४ स्कोरमा सेन्ट जेभियर्सले अक्सब्रिजलाई ४०-३५ ले हरायो।

**लुम्बिनी लायन्सको जित**
बुटवल (कास)- घरेलु टोली लुम्बिनी लायन्स तेस्रो नेपाल मारवाडी टी-२० क्रिकेटको फाइनल पुगेको छ। बिहीबार सेमिफाइनलमा जनकपुर ब्लास्टर्सलाई ९ विकेटले पराजित गर्दै लुम्बिनी उपाधि नजिक पुग्यो। सिद्धार्थ रंगशालामा १ सय ३३ रनको विजय लक्ष्य भैरहवाले १४.४ ओभरमा १ विकेट गुमाई पूरा गर्‍यो। शुभम अग्रवालले ९० र सौरभ अग्रवालले ४२ रन बनाए। जनकपुरका राहुल नाहरले १ विकेट लिए। टस हारेको जनकपुरले ९ विकेट गुमाई १ सय ३२ रन बनायो। राहुलले ४५, चन्दन टेकडीवालले २८ र कुमाल गोयन्काले १२ रन बनाए। भैरहवाका दामोदर शर्मा, सोमेश अग्रवाल र शुभम अग्रवालले २-२ विकेट लिए। शुभम म्यान अफ द म्याच घोषित भए।

मदन भण्डारी गोल्डकप

# मनाङ सेमिफाइनलमा

**कान्तिपुर संवाददाता**



बुटवलको मानवज्ञान माविको मैदानमा बिहीबार भिड्दै नेपाल पुलिस र मनाङका खेलाडी। *तस्बिर : अमृता अनमोल*

बुटवल- मनाङ मर्स्याङ्दी क्लब बुटवलमा जारी तेस्रो मदन भण्डारी गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनल पुगेको छ। मानव ज्ञान माविको मैदानमा बिहीबार मनाङले विभागीय टोली नेपाल पुलिस क्लबलाई २-१ ले पराजित गरेको थियो।

मनाङलाई अन्तिम चारमा पुर्‍याउन दुवै गोल अञ्जन विष्टले गरेका थिए। अग्रता कायम राख्न नसक्दा बुटवलकै तिलोत्तमा गोल्डकपको उपविजेता पुलिस भने पहिलो खेलबाटै विदा भएको छ।

निकै प्रतिस्पर्धात्मक खेलको १४ औं मिनेटमा पुलिसका तेज तामाङले गोल गर्दै टोलीलाई अग्रता दिलाए। तेजले पेनाल्टी बक्सभित्र प्राप्त बलमा चलाखीपूर्ण पारामा गोल गरेका थिए। मध्यान्तरसम्म थप गोल हुन नसकेको खेलको दोस्रो हाफमा मनाङले सुधारिएको खेल पस्क्यो। मनाङबाट अञ्जनले ६१ औं मिनेटमा गोल गरेर खेल बराबरीमा ल्याए। उनले भिक्टरको पास सदुपयोग गरेका थिए। बराबरीपछि आफ्नो लय समातेको मनाङले फेरि गोल थप्यो। अञ्जनले ७५ औं मिनेटमा गोल थप्दै टोलीलाई २-१ को स्थितिमा पुर्‍याए। कर्नरबाट आएको बललाई भिक्टरले मिलाइदिएपछि अञ्जन गोल गर्न चुकेनन्।

मनाङले अग्रता लिएपछि बराबरी गर्न पुलिसले निकै प्रयास गर्‍यो। तर सफल भएन। सुमन लामा र रवि पासवानका प्रयास मनाङका गोलरक्षक दिनेश थापाले बचाए। दोस्रो हाफमा पुलिसले रविन श्रेष्ठ र भोला सिलवाललाई मैदान छिराएको थियो। उनीहरूको आगमनले खेल केही सुधारिए पनि गोल हुन सकेन।

पुलिसका प्रशिक्षक अनन्त थापाले टिममा समन्वय र बलमा फोर्स कम हुँदा हार्नुपरेको बताए। खेलाडीबीच असन्तुलनका बाबजुद निकै सुस्त गतिमा आएको बलसमेत किपरले समात्न नसक्दा गोल खानुपरेको उनले सुनाए।

मनाङका प्रशिक्षक छिरिङ लोप्साङले मध्यम स्तरको खेल खेले पनि जित निकाल्न सकेको बताए। दोहाबाट बुधबार राति फर्केका राष्ट्रिय टोलीका कप्तान विराज महर्जन र विशाल राईलाई बिहीबार मैदान उतार्ने भनिए पनि फ्लाइट डिले भएका कारण उनीहरू अनुपस्थित रहे। सेमीफाइनलमा उनीहरूसहित केही खेलाडी थप्ने लोप्साङको योजना छ। मनाङले साबिक विजेता सुनौलो संगम रूपन्देहीसँग शनिबार खेल्नेछ।

मनाङक अञ्जन विष्ट म्यान अफ द म्याच घोषित भए। उनले १० हजार रुपैयाँ पुरस्कार पाए।

शुक्रबार आयोजक मदन भण्डारी स्पोर्ट्स एकेडेमीले थ्रीस्टार क्लबसँग प्रतिस्पर्धा गर्नेछ।

# डीपीएलको भव्य तयारी

## क्रिकेट थप उचाइमा पुग्ने विश्वास

**कान्तिपुर संवाददाता**




डीपीएल क्रिकेटबारे बिहीबार आयोजित पत्रकार सम्मेलनमा आयोजक अध्यक्ष सुवास शाही र विराटनगर किंग्सका कप्तान पारस खड्का। *तस्बिर : डीआर पन्त*

धनगढी- बहुचर्चित धनगढी प्रिमियर लिग (डीपीएल)-२ क्रिकेटको भव्य तयारी गरिएको छ। धनगढीमा शनिबार सुरु हुने प्रतियोगितामा भाग लिन खेलाडी बिहीबारदेखि धनगढी आउन थालेका छन्।

डेढ महिनाअघिदेखि प्रदेश नम्बर ७ संघीय प्रहरी इकाई कार्यालयको मैदान तयार पार्ने काम भएको छ भने भने झन्डै ७ हजार दर्शक अटाउने अस्थायी प्यारापिट निर्माण पनि लगभग सकिसकेको छ। आयोजक धनगढी क्रिकेट एकेडेमीले बिहीबार पत्रकार सम्मेलन गरी प्रतियोगिताको तयारी पूरा भएको जनाएको हो। 'मैदान निर्माण' को केही कामबाहेक आवश्यक सम्पूर्ण तयारी पूरा भइसकेको छ,' एकेडेमीका अध्यक्ष सुवास शाहीले भने। यस वर्ष हरेक टोलीमा २-२ विदेशी खेलाडी समावेश गर्न पाइने प्रावधान छ।

प्रत्यक्ष प्रसारणलगायतमा केही नयाँ प्रयास गरेको शाहीले जनाए। उनले भने, 'डीपीएलमार्फत मुलुकको क्रिकेटमा नयाँ युगको सुरुआत हुनेछ। आठ वर्षको अवधिमा हामीले देशको क्रिकेटलाई एउटा उचाइमा ल्याउन यो आयोजनाले ठूलो मदत पुर्‍याएको ठानेका छौं। अबको आठ वर्षपछि देशको क्रिकेटले थप उचाइ लिने हाम्रो विश्वास छ।'

डीपीएललाई अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) ले मान्यता प्रदान गरेकाले यो प्रतियोगिताबाट धनगढीलाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउन थप सहयोग पुग्ने विश्वास शाहीको छ।

पत्रकार सम्मेलनमा राष्ट्रिय क्रिकेट टोलीका कप्तान पारस खड्काले मुलुकको क्रिकेटले वान-डे मान्यता पाएका बेला डीपीएल खेल्न पाउँदा खेलाडीहरू थप उत्साही भएको बताए। विराटनगर किंग्सका कप्तान उनले नेपाली क्रिकेटले पहिलो श्रेणीको आधिकारिक मान्यता पाउनेमा आफू विश्वस्त रहेको बताए। 'क्रिकेटमा लगानीबिना अगाडि बढ्न असम्भव थियो,' पारसले भने, 'मुलुकमा हुने साना-ठूला घरेलु प्रतियोगिताले नै क्रिकेटको विकासमा सहयोग गरेको छ।'

आयोजकले शुक्रबार सबै टिम र खेलाडीको उपस्थितिमा प्रतियोगिताको ट्रफी सार्वजनिक गर्ने जनाएको छ। डीपीएलमा ६ फ्रेन्चाइज टोली महेन्द्रनगर युनाइटेड, टिम चौराह धनगढी, सीवाईसी अत्तरिया, रूपन्देही च्यालेन्जर्स, काठमाडौं गोल्डेन्स र विराटनगर किंग्सले प्रतिस्पर्धा गर्नेछन्।

विजेताले २५ लाख र उपविजेताले १० लाख रुपैयाँ जित्दा तेस्रो र चौथो स्थान हात प्राप्त गर्ने टोलीले क्रमशः ३ र २ लाख पुरस्कार पाउने छन्। म्यान अफ द सिरिज घोषित खेलाडीलाई मोटरसाइकल र मोस्ट भ्यालुएबल खेलाडीलाई 'गोल्डेन बुट' प्रदान गरिनेछ।

# उपाधितिर लम्कँदै आर्मी

राजर्षि जनक गोल्डकप



अमन

■ **अमन कोइराला**

सर्लाही- वागमती मैदानमा बिहीबार राजर्षि जनक गोल्डकप फुटबलको दोस्रो सेमिफाइनलमा सरस्वती युथ क्लबलाई २-१ ले पराजित गर्दै विभागीय टोली त्रिभुवन आर्मी क्लब फाइनल पुगेको छ। आर्मीको जितमा दुवै गोल जर्जप्रिन्स कार्कीले गरेका थिए।

सुरुआतमा आर्मीका खेलाडीले दबाब कायम गर्दै दर्शकलाई आफ्नो पक्षमा तानेका थिए। २१ औं मिनेटमा आर्मीका स्ट्राइकर भरत खवास घुँडामा चोट बोक्दै बाहिरिए। उनको सरस्वतीका जाङ्बु शेर्पासँग बल खोस्ने क्रममा घुँडा ठोक्किएको थियो। उनी बाहिरिएपछि आर्मीको खेल रक्षात्मक हुने अपेक्षा गरिएको थियो। तर २४ औं मिनेटमा आर्मीका जर्जप्रिन्सले दीप लामाको पासमा गोल गरेर टोलीलाई अग्रता दिलाए। गोलपछि आर्मीका खेलाडीले उत्साहित भएर खेलमा दबाब राखे पनि अर्को गतिलो प्रहार गर्न सकेनन्।

खेलको ३४ औं मिनेटमा सरस्वतीले प्राप्त फ्रि-किकमा गोल गर्दै खेल बराबरी गर्‍यो। योगेश गुरुङको पासमा पियुस हेनरीले हेड गोल गरेका थिए। बराबरीपछि आर्मीमाथि लगातार दबाब राख्दै मध्यान्तरसम्म सरस्वतीले खेल एकतर्फी बनायो।

सर्लाही ११ लाई हराएर आर्मी र नेपाल पुलिसलाई हराएर सरस्वती अन्तिम चारमा पुगेका थिए। मध्यान्तरपछि दुवै टोली आक्रामक खेल्ने रणनीतिसहित मैदान उत्रिए। लगत्तै आर्मी विपक्षीमाथि हाबी भयो। त्यसै क्रममा आर्मीले तीनपटक गोल गर्ने राम्रो अवसर सदुपयोग गर्न सकेन। स्ट्राइकरको अभाव टोलीमा खट्किएको थियो।

जर्जप्रिन्सले अन्तिम एक मिनेट बाँकी हुँदा गोल गरेर टिमको जित सुनिश्चित बनाए। इन्ज्युरी समय सदुपयोग गर्दै उनले पेनाल्टी बक्समा पाएको बलमा गतिलो प्रहार गर्दा सिधै गोलमा परिणत भएको थियो।

शनिबार उपाधिका लागि आर्मी र सुदूरपश्चिम ११ भिड्दै छन्। वागमती युवा क्लबको आयोजनामा भएको प्रतियोगिता विजेताले ५ लाख र उपविजेताले ३ लाख रुपैयाँ पुरस्कार जित्ने छन्।

# मारवाडी लिग अर्को साता

काठमाडौं- नेपाल मारवाडी ब्राम्हण सेवा संघको आयोजनामा टिपटप मारवाडी प्रिमियर लिग (एमपीएल) टान्टी-२० क्रिकेट प्रतियोगिता चैत १९ देखि हुने भएको छ।

१० टोली सहभागी हुने प्रतियोगिता विजेताले १ लाख ५१ हजार तथा उपविजेताले ८१ हजार रुपैयाँ प्राप्त गर्नेछन्। प्रत्येक टोलीले मारवाडी समुदायबाहेकका तीन खेलाडी समावेश गर्न पाउने प्रावधान छ। टोलीहरूले काठमाडौंमा रहेका क्रिकेट एकेडेमीका यू-१९ खेलाडीलाई समावेश गरेका छन्। सहभागी मारवाडी समुदायबाहिरका २७ खेलाडीलाई आयोजकले १३ हजार ५ सय रुपैयाँबराबरको खेल सामग्री प्रदान गर्नेछ। यसबाहेक प्रतियोगितामा विधागत पुरस्कार पनि राखिएको छ। मुख्य प्रायोजक टिपटपले म्यान अफ द म्याच, अर्धशतक, शतक, सर्वाधिक छक्का, उदीयमान खेलाडी, उत्कृष्ट बलर, उत्कृष्ट ब्याट्सम्यानलगायत विधामा ३ देखि ५ हजार रुपैयाँसम्मको फुड कुपनको व्यवस्था गरेको छ। फाइनल वैशाख १ मा हुनेछ।

सहभागी टोलीलाई दुई समुहमा विभाजन गरिएको छ। लिग चरणपछि समूहका शीर्ष दुई टोली सेमिफाइनल पुग्ने छन्। समूह 'ए' मा डीएभी, टिपटप-११, हाम्रो किचेन प्यान्थर्स, बालकुमारी क्रिकेट क्लब र शिखर प्लाई किंग्स तथा समूह 'बी' आरएसके लायन्स, बी वान-११, ग्रान्ड एकेडेमी राइडर्स, फाइटर्स र ओनेमिक्स-११ रहेका छन्।

# पदकधारी खेलाडी फर्किए



राजेष

काठमाडौं (कास)- भुटानको थिम्पुमा भएको दक्षिण एसियाली क्रसकन्ट्री च्याम्पियनसिपमा दुई पदक जितेको नेपाली एथलेटिक्स टोली बिहीबार फर्किएको छ।

मार्च २७ तारिखमा भएको प्रतियोगितामा नेपालले १ रजत र १ कांस्य जितेको थियो। व्यक्तिगत स्पर्धामा विश्वरुपा बुढाले रजत जितिन्। विश्वरुपासम्मिलित रेशु बस्नेत र विन्द्राधान्के श्रेष्ठको टोली *(तस्बिरमा)* ले कांस्य जितेको थियो। दुवै विधा ८ किलोमिटर दुरीमा थियो। सानुमाया कार्की पदक जित्न असफल रहिन्। पुरुषमा गजेन्द्र राई, कल्याण बानियाँ, टीकाराम कटुवाल र रामजी बस्नेतले प्रतिस्पर्धा गरेका थिए। सबै पदकविहीन रहे।

# रक क्लाइम्बिङ वैशाखमा

काठमाडौं (कास)- नेपाल क्लाइम्बिङ स्पोर्ट्स संघको आयोजनामा सुमन भोम्जन स्मृति स्पोर्ट्स रक क्लाइम्बिङ प्रतियोगिता वैशाख १९ मा हुने भएको छ। राष्ट्रिय विभूति पासाङ ल्हामु शेर्पाको प्रतिष्ठा दिवस तथा २०७२ को महाभूकम्पमा दिवंगत खेल पत्रकार सुमन भोम्जनको स्मृतिमा प्रतियोगिता गर्न लागिएको हो।

प्रतियोगितामा लिड क्लाइम्बिङ र टप रोप विधामा प्रतिस्पर्धा हुनेछ। धुम्बाराहीस्थित पासाङ ल्हामु स्पोर्ट्स क्लाइम्बिङ सेन्टरमा हुने प्रतियोगितामा करिब ६० खेलाडीले भाग लिने आयोजकले जनायो। महिला र पुरुष दुवैका विजेताले १५ हजार, उपविजेताले १० हजार तथा तेस्रोले ५ हजार प्राप्त गर्नेछन्। विजेता खेलाडीलाई एसियाली खेलकुद तथा ओलम्पिकमा सहभागिता गराउन नेपाल ओलम्पिक कमिटीमा पहल गरिने आयोजकले जनाएको छ।

# गोदावरीमा खेल महोत्सव हुँदै

काठमाडौं (कास)- गोदावरी मार्सल आर्ट्स सेन्टरको आयोजनामा दोस्रो गोदावरी खेल महोत्सव हुने भएको छ। चैत १७-२४ सम्म हुने प्रतियोगितामा कराँते, तेक्वान्दो, ह्याण्डबल, चेस, फुटबल, रोड रेस, साइक्लिङ्ग र ब्याडमिन्टन समावेश गरिएको छ। नगरभित्रका खेलाडीको प्रतिभाको विकास गर्ने उद्देश्यसाथ आयोजना गर्न लागिएको महोत्सव नगरका ६ वडामा प्रत्येक दिन भिन्नाभिन्नै खेल हुने छ।

# संकटालाई सफलता



चौथो कटारी मेयर गोल्डकपमा बिहीबार संकटा (नीलो) र गोर्खा ब्वाइजका खेलाडी बल नियन्त्रण लिने दाउमा। *तस्बिर : डिल्लीराम खतिवडा*

उदयपुर (कास)- चौथौ कटारी मेयर गोल्डकप फुटबलमा बिहीबार गोर्खा ब्वाइज रूपन्देहीलाई ३-० ले पराजित गर्दै संकटा क्लब काठमाडौं फाइनल पुगेको छ।

दोस्रो सेमिफाइनलमा संकटाले २९ औं मिनेटमा फ्रि-किकबाट गोलको खाता खोलेको थियो। प्रकाश बुढाथोकीले गोल गरेर संकटालाई अग्रता दिलाए।

पहिलो हाफमा १-० ले अग्रता लिएको संकटाका लागि ८७ औं मिनेटमा विदेशी खेलाडी इब्राहिम क्याउडियाले आकर्षक गोल गर्दै गोल थपेका थिए। त्यसको तीन मिनेटपछि सन्त गुरुङले संकटाका लागि तेस्रो गोल गरेका थिए। रूपन्देहीले पहिलो हाफमा पटक-पटक गोल गर्ने अवसर पाए पनि सदुपयोग गर्न सकेन। रूपन्देहीका दीपक राईले दोस्रो हाफमा गरेको आकर्षक प्रहार बारमा लागेर फर्किनु टोलीका लागि दुर्भाग्य बन्यो। त्यसपछि रूपन्देहीले खासै अवसर पाएन। संकटाले सुरुदेखि नै रूपन्देहीलाई दबाबमा राखेर खेलेको थियो। म्यान अफ द म्याच इब्राहिम भए। उनले ५ हजार रुपैयाँ पाए।

शनिबार उपाधिका लागि संकटाले झापा ११ सँग प्रतिस्पर्धा गर्नेछ। झापाले अघिल्लो दिन सहारा क्लब पोखरालाई २-० ले हराएर फाइनल पक्का गरिसकेको छ।


## आन्तरिक राजस्व विभागको

### कम्प्युटरको माध्यमबाट विजक जारी गर्न अनुमति लिएका व्यक्तिहरुले पुनः अनुमति लिनु पर्ने सूचना

बिद्युतीय बिजक सम्बन्धी कार्यविधि, २०७४ को परिच्छेद ३ को दफा ४ को खण्ड (ज) मा कम्प्युटर बिजक सम्बन्धी कार्यविधि, २०७१ बमोजिम कम्प्युटरको माध्यमबाट विजक जारी गर्न अनुमति लिई सकेका व्यक्तिहरूले समेत विभागले सूचना जारी गरी तोकेको मिति भित्र बिद्युतीय बिजक सम्बन्धी कार्यविधि, २०७४ बमोजिमका मापदण्डहरू पूरा गरी पुनः अनुमति लिनु पर्ने व्यवस्था रहेकोले त्यस्ता व्यक्तिहरूले २०७५ जेष्ठ १५ गते भित्र बिद्युतीय बिजक सम्बन्धी कार्यविधि, २०७४ ले तोकेको मापदण्ड पुरा गरी आफु दर्ता रहेको करदाता सेवा कार्यालय, आन्तरिक राजस्व कार्यालय र ठूला करदाता कार्यालयबाट पुनः बिद्युतीय माध्यमबाट बिजक जारी गर्ने अनुमति लिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**हाम्रो पौरख हाम्रो कर, राष्ट्र निर्माणको दिगो भर।**



नेपाल सरकार
अर्थ मन्त्रालय

## राजस्व परामर्श समितिको सूचना

आगामी आर्थिक वर्ष २०७५।७६ को आर्थिक ऐन तथा बजेट तर्जुमाका सन्दर्भमा विद्यमान राजस्व नीति, भन्सार महसुल, मूल्य अभिवृद्धि कर, आयकर, अन्तःशुल्क, गैरकर तथा राजस्व चुहावट नियन्त्रणका साथै समग्र राजस्व प्रशासनको सुधारका सम्बन्धमा आफ्ना सुझावहरू मिति २०७५ वैशाख १५ गतेसम्ममा उपलब्ध गराइदिनुहुन सम्बन्धित संघ/संस्था, सरकारी निकाय, बुद्धिजीवीहरू एवम् सरोकार राख्ने सबैमा राजस्व परामर्श समिति हार्दिक अनुरोध गर्दछ।

**सुझावहरू निम्न ठेगानाहरूमा पठाउन सकिनेछ :**

१. **राजस्व परामर्श समिति, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं**
फ्याक्स : ४२११७५९, e-mail: rmd@mof.gov.np

२. **विषयगत सुझावहरू राजस्व परामर्श समितिमा वा निम्न उपसमितिहरूमा समेत पठाउन सकिनेछ :**

(क) **आन्तरिक राजस्व उप-समिति**
आन्तरिक राजस्व विभाग, लाजिम्पाट, फ्याक्स : ४४११७८८
e-mail: policyird@ird.gov.np

(ख) **उद्योग, वाणिज्य, लगानी तथा निर्यात प्रवर्द्धन उप-समिति**
औद्योगिक प्रवर्द्धन महाशाखा/योजना तथा अन्तर्राष्ट्रिय व्यापार सहयोग महाशाखा, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, फ्याक्स : ४२११६१९/४२१११६७,
e-mail: indpromotiondiv@moi.gov.np/planning@mocs.gov.np

(ग) **गैरकर उप-समिति**
संस्थान समन्वय महाशाखा, अर्थ मन्त्रालय, सिंहदरबार, फ्याक्स : ४२११३५१
e-mail: ccd@mof.gov.np

(घ) **पूर्वाधार, सूचना प्रविधि तथा आर्थिक विकास उप-समिति**
आर्थिक व्यवस्थापन महाशाखा, राष्ट्रिय योजना आयोग, सिंहदरबार
फ्याक्स : ४२११७००, e-mail: krkoirala@nepal.gov.np/cpacharya@npc.gov.np

(ङ) **कृषि, ऊर्जा तथा पर्यटन उप-समिति**
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, सिंहदरबार, फ्याक्स : ४२११९३५
e-mail: info@moad.gov.np

(च) **बैंक, वित्तीय सस्था, वीमा, सहकारी तथा पुँजी बजार उप-समिति**
वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, अर्थ मन्त्रालय, सिंहदरबार, फ्याक्स : ४२११३६८,
e-mail: fsmd@mof.gov.np

(छ) **भन्सार उप-समिति**
भन्सार विभाग, त्रिपुरेश्वर, फ्याक्स : ४२५९८०८, e-mail: csd@customs.gov.np

(ज) **राजस्व चुहावट नियन्त्रण तथा सम्पत्ति शुद्धिकरण अनुसन्धान उप-समिति**
राजस्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुर, फ्याक्स : ५५४२०२३,
e-mail: info@dri.gov.np

(झ) **राजस्वसम्बन्धी ऐन नियम, प्रशासनिक सुधार तथा संघीय वित्त प्रणाली उप-समिति**
कानुन तथा परामर्श महाशाखा, अर्थ मन्त्रालय, सिंहदरबार, फ्याक्स : ४२११७५९
e-mail: lacd@mof.gov.np

३. **अर्थ मन्त्रालयअन्तर्गतका सम्बन्धित विभाग तथा कार्यालयहरू।**


**कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.** द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्सः ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुधीर शर्मा**